आगे सैन्यध्वज कार्कि के जील्लै महुतरी प्रगन्ना षे
सराहा मध्ये. मौजे महुवा मै दाषिली जम्वास सीम मौजे एक १ मौजे षजुरा मै
दाषिलि ससीम मौजे एक १ जंमा ससीम मौजे दुइ सम्वत् १८४१ साल
वैशाख वदि १ रोजका दिन मै अंकमै अवआव मै आमीला नस व अंक वीतलव गरि.
तराका छावरा जुसरू वसी काकीलाई – – – – – वाट् वक्स
नु. भयाको. तस्को वमोजिम मेदवन्दि चौर्तफि. सांध. पुर्वका सिमाना. मौजे
षजुरिका इसानकोन एठुवा डाडाका दषिन वारीका धिपर पुराना कीला
कोइला तिस्सै सरासर चन्दहा विर्ताका भडार कोनाका कोइला किला. तिस्सौ
दषिन उदहा डाडाका पुवारिका घीपर पुराना कीला कोइला तिस्सौ सरासर दषि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न कुछदुरि सौ उदहा डाडाका पछवारि काधिपर काइलाकीला. तिस्सौ पुर्व चनहा विर्ता. पश्चिम महुवा षजरि विर्ता तीस किला सौ पूर्वदषिन उदहाडाडा का दषिन वारिका धीपर चदहा विर्ताका नञा किला कोइला. तिस्सौ सरासर दषिनका कुढाईभंडरका छिका पुवारि हतापर आमका गांछ. तिस्सौ सला सर दषिन भैयाराम वहर षेतिका षेत. वलहामो तिस्का पछवारि आरी. तिस्सौ दक्षिण सरसर मुलवाटो तिस्सै पूर्व दषिन हषाका वाँध किर्पासाहु का षेतका पुवारि आली सौ पश्चिम दषिन पुराना भीउं सौ दषिन सरासर पुराना किला काइला तक् तिस्सौ सरासर दषिन पूर्व बलहा वसीका पश्चिम येडां डा तिस्सौ दषिन लगा तीन ३ सौ पश्चिम महुवा विर्ता पुर्व वलहा रैकर सिमाना १ दषिन वारि सिमाना. वलहा बसीका पश्चिम डाँडाका पश्चिम लगा तीन ३ सौ पश्चिम सरासर फसिहारा पीपर तिस्सौ पश्चिम सरासर गाढाका सीमाना उत्तर वालिपरदैता भीड तिस्सौ सरासर पश्चीम सिवदत्त जैसिका विर्ताका दक्षिण वारि आली सौ उत्तर महुवा विर्ता दक्षिण गाटामोग लाना तिस्सौ सरासर पश्चिम वछराजा नदि. आधा पनीहा वतक् सिमाना १ पश्चिमका सिमाना मौ जे गाढा भोगलानाका भडारका नासौ वछराजा नदिका. आधा पनिहा वसौ सरासर उत्तर सरावैना रका रका आगने कोनपर वछराजा नदि आधा आधी पनि हावतक् सिमाना १ उत्तरका सिमाना. सरावैना रका रका आगनै कोन वछ राजानदिका आधाआधि पनीहाव सौपूर्व औठुवा डाडाका उत्तर वारि वा धि सौ दषिन महुवा षजुरि उत्तरमा झितुकिपा विर्ता तिस्सौ पूव कुछदुर औठुवा डाडाका दक्षिण वारिका धिपर पुराना किला कोइला तक् सि माना १ एति सिमानाका चार किलाभित्र नाप चकला वदि. सात गिरहका हात सौ नौ हातका लगाले मूलुकवर वस सरह नाप ज्मा विगहा सातसये सतहत्तर पंन्ध्रकाठा चारलगा तीन धूर ७७७।।।.४,३ मिनहा सिवदत्त जोसिका विर्ता मक मानिका दानपत्र वमोजी–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नुवाकोट तलेजू भवानी मन्दिर : एक चर्चा

–विष्णुकान्त शर्मा

पृष्ठभूमिः

मल्लकालीन नेपालको इतिहासलाई हेर्‍यौं भने प्रत्येक मल्ल राज्य र सो राज्यको प्रभाव क्षेत्रमा तलेजू भवानीको मन्दिर भएको पाउँछौं। यसै अनुरूप सिमरौनगढबाहेक काठमाडौं उपत्यकाका तीनवटा राजप्रासादका अतिरिक्त देवपत्तन, नुवाकोट, दोलखा, सर्लाही– मूर्तिया, फर्पिङ, साँखु, टिस्टुङ, पालुङ, कीर्तिपुर, मध्यपुर ठिमी, नाला, पनौती, बनेपा, चापागाउँ र तिब्बतको 'भाखोर' भन्ने ठाउँमा समेत तलेजूको मन्दिर रहेको पाइन्छ। काठमाडौं उपत्यकाका तीनवटा राजप्रासादमा बाहेक अन्यत्र सबै ठाउँमा साना–साना एक वा दुई तले घर वा प्यागोडा शैलीका मन्दिर मात्र पाइन्छन्। तर नुवाकोटमा भने भव्य पाँचतले मन्दिर रहेकाले यसको चर्चा गर्न लागिएको हो। तर यसको चर्चा गर्नुअघि तलेजू भवानीको उत्पत्ति, उपत्यकामा आगमन, तीन राजप्रासादबाहेक अन्यत्रका मन्दिरको छोटो चिनारी र काठमाडौं उपत्यकाका राजप्रासादहरूमा तलेजू भवानीको मन्दिर कसरी स्थापना भयो भन्नेबारे केही चर्चा गर्नु सान्दर्भिक हुनेछ।

तलेजू भवानीको उत्पत्तिः

परापूर्वकालमा देवराज इन्द्रले महादेवको तपस्या गर्दा महादेव प्रसन्न भई तुलजा भवानीको यन्त्र, तन्त्र, मन्त्र-पद्धति वरदान स्वरूप दिएका थिए। रावणपुत्र इन्द्रजित् (मेघनाद) इन्द्रलाई परास्त गरेपछि यो यन्त्र–पद्धतिलाई लंकामा ल्याई पूजा गरी नरबलिसमेत दिई अत्यन्त सम्मानका साथ आराधना गर्दथ्यो। श्रीरामले रावणको नाश गरेपछि यो यन्त्र–पद्धतिलाई अयोध्यामा ल्याई पूजा गरी राखेका थिए। आफ्नो अन्तकाल आएपछि श्रीरामले यस यन्त्र–पद्धतिलाई सरयू नदीभित्र राखिदिएका थिए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कालान्तरमा रामचन्द्रका ५ पुस्ताका सन्तान राजा नलले यो यन्त्र-पद्धतिलाई पूजा आजा गरी राखे। यिनले पनि आफ्नो अन्तकालमा श्रीरामले झैं सरयू नदी-भित्र राखी स्वर्ग गए। फेरि यो कुरा थाहा पाई पुरुरवा राजाले सरयू नदीबाट झिकी तुलजा भवानीलाई पूजा आजा गरी राखे। यिनले पनि आफ्नो अन्तकालमा देवीलाई पुनः सरयू नदीभित्रै राखेर स्वर्ग गए।

यसपछि ब्रह्मज्ञानी राजा अलर्कले देवीलाई नदीबाट झिकी निष्कामनासँग पूजा गरी राखे। यिनी ब्रह्मज्ञानी र सात्त्विक भएकाले बलि चढाउँदैनथे। यसले गर्दा देवी प्रसन्न भएको नदेखी सरयूमा नै छोडी आए। यिनै अलर्कले यन्त्र राखिएको बट्टामाथि एउटा श्लोक कुँदिदिएका थिए–

'रामो वेत्ति नलो वेत्ति वेत्ति राजा पुरुरवाः
अलर्कस्य धनं प्राप्य नान्यदेवो भविष्यति'

कालान्तरमा सूर्यवंशी राजाहरूको अयोध्या नगरीको राज्यभोग छुट्न गएपछि यिनीहरू कोंकण देशमा गई बस्न थाले। यो स्थान नेवारहरूको आदि स्थान् देश पनि हो। यहाँबाट फेरि सूर्यवंशीहरू बाह्लमल्लार राज्यको चन्द्रभागा नदीका किनारमा आई बस्न थाले। यहाँ सूर्यवंशी, चन्द्रवंशी, चौहाण, वैश्य, कच्छर, शूद्र, ज्यापू जातहरूमा विभाजित हुन पुगे। यसै चन्द्रभागा नदीका किनारमा नेवार-हरूको आदि स्थान– देश 'नेयार' अझै पनि छँदैछ।

यी माथि उल्लिखित जातहरूमध्ये सूर्यवंशी राजपूत नान्यदेव (राजा हरिसिंह देवका पुर्खा) आफ्नो २० वर्षको उमेरमा केही धन आर्जन गरी परिवारको भरण–पोषण गर्न सकिन्थ्यो भनी आमा, बाबु र परिवारसहित दिल्ली बादशाहकहाँ गए। त्यहाँ यिनी ५।७ वर्ष नोकरी गरी बसे। यसै अवधिमा आमा, बाबु र परिवार सबैको मृत्यु भएकाले जसका लागि नोकरी गरिएको थियो अब उनी नै नभएपछि किन नोकरी गर्नुपऱ्यो भन्ने विचार गरी फिरन्ता जोगी झैं भई अयो-ध्यामा आई सरयू नदीका किनारामा बस्न थाले।

एक दिन नान्यदेवले सपनामा 'एक अति रूपवती स्त्री आई म तेरो पुर्खाको इष्टदेवी हुँ। म सरयू नदीभित्र पानीमा छु। तँ तुरुन्त उठेर नदीबाट मलाई झिक्। म बसेको ठाउँमाथि नदीमा भमराहरूले छोपिराखेको तैंले देख्नेछस्' भनेको देखे। यस्तो किसिमले तुलजा भवानीले आदेश दिएपछि निद्राबाट बिउँझी नदीमा गई हेर्दा एक ठाउँमा भमराहरू एकत्र भएको देखी त्यसै ठाउँभित्र नदीमा फाल हाले। सोही स्थानमा सुनका बट्टाभित्र तुलजा भवानीको यन्त्र–पद्धति र बाहिरपट्टि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूजा विधिको पुस्तकसमेतको तामाको सानो बाकस पाए। उक्त तामाको वट्टामाथि उनै अलर्कले कुँदेको श्लोक 'रामो वेत्ति नलो वेत्ति वेत्ति राजा पुरुरवा:। अलर्कस्य धनं प्राप्य नान्यदेवो भविष्यति' देखियो।

नान्यदेवले उक्त श्लोक र यन्त्र, मन्त्र पूजा विधि पाई सोही अनुसार देवीको पूजा-आजा गर्न थाले। देवी प्रसन्न भई एकदिन आकाशवाणी गरिन्- हे! नान्यदेव! जनकपुरको नजिक एउटा ठूलो जङ्गल छ। तँ मलाई त्यहाँ लैजा। मेरो मन्दिर पनि उहीं बना। तेरो भाग्यको उदय पनि त्यहीं होला।' यस्तो आकाशवाणी सुनी नान्यदेव तुरुन्तै जनकपुरतर्फ लागे। यहाँ ज्यादै नै बाक्लो जङ्गल थियो। यहाँ जो आउँदथ्यो त्यसलाई कालीय नागले डसेर मार्थ्यो। यसले गर्दा यहाँ कुनै मानिस आउँदैनथे। नान्यदेव देवीको आज्ञालाई शिरोधार्य गरी जंगलको माझमा पुगे। त्यहाँ ठूलो चट्टान भेट्टाई त्यसै चट्टानमाथि रात बिताउने विचार गरी चट्टानमाथि बसेर देवीको आराधना गर्न थाले। राति सपनामा देवीको दर्शन पाए। त्यसबखत देवीले उनी बसेको चट्टानमुनि एउटा खड्ग छ, त्यो खड्ग लिई जागराम भई वस्नू र त्यसै वखत एउटा मणिधारी सर्प आई मणिलाई भुइँमा राखी चर्न जानेछ त्यसै वखत मणिनजिकै रहेको गोबरले मणिलाई छोपिदिनू त्यसै वखत सर्पले आक्रमण गर्नेछ र त्यही खड्गले काटिदिनू। अनि यसै चट्टान वरिपरी ७ वटा धन-दौलतले भरिएको इनार छ र सो इनारवाट सबै धन झिकेर लिनू र सोही धनबाट मेरो मन्दिर वनाई बाह्र मल्लारबाट तेरा जात र स्वदेशी जनहरूलाई झिकाई यहाँ शहर वनाई राज्य गर भन्ने आदेश दिइन्। सोही वमोजिम नान्यदेवले पनि देवीको आशीर्वाद स्वरूप प्राप्त खड्गले सर्पको टाउको काटिदिए। उक्त काटिएको सर्पको टाउकामा सुनौला अक्षरले अलर्कले देवीको यन्त्र राखेको बट्टामा कुँदेको श्लोक लेखिएको देखे। तब देवीलाई प्रणाम गरी जमिन खनेर ७ वटा इनारबाट धन दौलत झिकी बाह्र मल्लारवाट स्वजनहरू झिकाई शहर बसाली देवीको आराधना गर्दै राज्य गर्न लागे। यिनै नान्यदेवले वसाएको शहर नै वारा जिल्लाभित्र पर्ने सिमरौनगढ हो भनिन्छ। तर कोही-कोही विद्वान्हरू नान्यदेवले बसाएको शहर सिमरौनगढ नभई जनकपुरनजिक जनकपुर अञ्चल-भित्रै पर्ने सर्लाही जिल्लाको मूर्तिया क्षेत्र हो भन्दछन्। हाल यहाँ पनि थुप्रै पुरा-तात्त्विक महत्त्वका वस्तुहरू भेटिएका छन् भने अति पुरानो तलेजू भवानीको मन्दिर पनि रहेको छ। नान्यदेवले बसाएको शहर जुनसुकै भए पनि तुलजा भवा-नीको उत्पत्ति र नेपालमा प्रतिष्ठापना यस प्रकार भएको थियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तलेजू भवानीको उपत्यका आगमन:

यिनै नान्यदेवका छैटौं पुस्ताका राजा हरिसिंह देवको शासनकाल वि. सं. १३८१–८२ मा दिल्लीका तुगलकवंश सुल्तान गयासुद्दीनले बंगालमाथि आक्रमण गरी फर्कंदा बाटामा अन्य स्थानीय राजाहरूले आक्रमण गर्दा तिनीहरूलाई सुल्तानको फौजले लखेट्दै जङ्गलको माझमा पुग्दा एउटा मजबुत ठूलो किल्ला देखेर आक्रमण गर्दा सुल्तानको फौज र राजा हरिसिंहदेव बीच युद्ध हुन गयो किनकि यो किल्ला नै सिमरौनगढ राज्य थियो। सानो राज्य सिमरौनगढको सुल्तानको विशाल फौजसँग केही लागेन र राजा हरिसिंहदेव मकवानपुरको पहाडी भू-भागतर्फ भाग्न थाले। यसै क्रममा उनी काठमाडौं उपत्यका आइपुगी भक्तपुरका वैश्य राजाहरूलाई हराई आफ्नो राज्य कायम गरी भक्तपुर दरवारमा एउटा मन्दिर बनाई राखेपछि काठमाडौं उपत्यकाका राजप्रासादहरूमा तलेजू भवानीको प्रचलन भएको हो भन्ने जनभावना छ। तर राजा हरिसिंह देवको वि. सं. १३८२ माघमा दोलखातिर आउँदा तीनपाटन भन्ने ठाउँमा मृत्यु भइसकेको थियो। यसपछि उनकी रानी देवलदेवी, पुत्र र भारदारहरू दोलखाका मझीभारोहरूको कैदमा परे। कैदबाट फुत्किएपछि देवलदेवी आदिले भक्तपुर राजदरवारमा राजा रुद्रमल्लबाट शरण पाई बसेपछि देवलदेवीले आफ्नो स्थिति सुदृढ गर्दै गइन् र यहींबाट तलेजू भवानीको परम्परा पनि शुरु हुँदै गयो भन्न सकिन्छ।

दोलखाको तीनपाटन भन्ने ठाउँमा आइपुग्दा आफ्नो अन्त्य अवस्था आइपुगेको देखी तलेजू भवानीलाई मेरा कुलको राज्य कहाँसम्म रहला भनी राजा हरिसिंहदेवले प्रश्न गर्दा देवीले तेरा कुलको राज्य २८ पुस्तासम्म रहला भनी वरदान दिएकी थिइन् भनिन्छ। साथै २८ पुस्ता पुगेपछि पश्चिम दिशाबाट आएको सैन्यले तेरा पुस्ताको राज्यको अन्त गर्ला भनेकी थिइन्। सोहीअनुरूप राजा रणजित् मल्लसम्म २८ पुस्ता भएको छ। रणजित् मल्लका युवराज २९ औं पुस्तामा परेका छन्। यसरी रणजित् मल्लको समयमा पश्चिम गोर्खाका राजा पृथ्वीनारायणबाट आक्रमण भई भक्तपुर विशाल नेपालमा विलय भई स्वतन्त्र भक्तपुरको इतिहास समाप्त भएको थियो।

तलेजू भवानीको नेपाल आगमनसँग गाँसिएका विभिन्न रोचक कथाहरू पनि पाइन्छन्।

(क) गयासुद्दीन तुगलकको सैन्यबाट पराजित भएर राजा हरिसिंह देव नेपालको पहाडी भागतर्फ पसेर मकवानपुर जिल्लाको चारकोशे झाडी क्षेत्रमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आइपुगे । उनको नित्यकर्ममा प्रत्येक दिन तलेजू भवानीलाई चढाएर मात्र भोजन गर्नु पनि एक थियो । राजपाठ त्यागेर भागी आएका वखतमा त्यस दिन देवीलाई कुनै बलि चढाउन पाइएन । त्यसले गर्दा राजा सहित अन्यले पनि भोजन गर्न पाएनन् । यस्तो अवस्था कहिल्यै नपरेकाले राजा एकदम चिन्तित भइरहेका थिए । राति सपनामा उनलाई कसैले बोलाएको भान पऱ्यो र निद्रा/तन्द्राका बीचको अवस्थामा तलेजू भवानीको आभास पाए । तब उनले देवीलाई बलि चढाउन नपाई भोकै राख्न परेकोमा क्षमा मागे । तव देवीले उनलाई क्षमादान दिंदै भोलि बिहान सबेरै यस जङ्गलमा जुन चौपाया पाउँछौ त्यसैको बलि दिनू र तिमीहरूले पनि प्रसाद खानू साथै बलि काट्ने काम जो व्यक्ति पूर्व दिशातर्फ फर्केर दिसा गरिरहेको हुन्छ त्यसैवाट सम्पन्न गराउनू भनी देवी अलप भइन् । तव राजा पनि सन्तोष मानी निदाए । भोलिपल्ट जङ्गलमा खोज्दै जाँदा एउटा अजङ्गको अर्ना राँगो देखेर त्यसैलाई समातेर राजासामु ल्याइयो । राजाबाट देवीको जो इच्छा भनी पूर्व दिशातर्फ फर्केर दिसा गर्ने लागेको व्यक्ति खोज्न मानिसहरू पठाए । खोज्दै जाँदा राजाकै कान्छा छोरा पूर्व दिशातर्फ फर्की दिसा गर्न लागेको देखी उनलाई राजासमक्ष पुऱ्याइयो । तव राजाका आदेशमा कान्छा राजकुमारले उक्त राँगोलाई देवीको इच्छा मुताबिक काटी बलि चढाउने काम सम्पन्न गरे । यसै वखतदेखि तुलजा भवानीलाई राँगो वलि दिने र राजाहरूले राँगाको मासु खाने प्रचलन चल्यो भनिन्छ । यसै अनुरूप आज पनि तलेजू भवानीलाई वडा दशैंको उपलक्ष्यमा कालरात्रि, महाअष्टमी र महानवमीमा गुप्तरूपले रातभर पूजा-आजा गरिन्छ र नवमीको अवसरमा सयौं राँगा–बोका वलि चढाइन्छ । यस बखत सर्वप्रथम मुख्य सरकारी बलिका रूपमा राँगो नै दिइन्छ र सो राँगो काटी बलि चढाउने काम एक खास व्यक्तिले मात्र गर्दछ । जसको पहिरन राजकीय पोशाक जस्तै सेतो पगरी गुतेको, जामा लगाएको, पटुका कसेको हुन्छ र उसलाई ल्याउँदा र लैजाँदा पूर्ण सम्मानका साथ बाजागाजा लावालस्कर अघिपछि लागेका हुन्छन् । उसको काम कालरात्रि, महाअष्टमी, महानवमी तीनै पर्वमा केवल उक्त मुख्य सरकारी राँगा-लाई काट्नु मात्र हुन्छ उसले अरू कुनै काम गर्नु पर्दैन भनिन्छ । यसले माथिको कथालाई अलिकता पुष्टि गर्छ भन्न सकिन्छ ।

(ख) भाषा वंशावली अनुसार "एक दिन तुलजा भवानीले राजा हरिसिंह देवलाई आज्ञा भयो कि हे ! हरिसिंह देव । यहाँ म्लेच्छको उपद्रव होला । अब तँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मलाई नेपाल पुरीमा लैजा। अब उप्रान्त म त्यहीं वसुंला भनिन्। तव राजाले सम्पूर्ण राजपाठ छोडी जान्या हो की नजान्या हो भनी दो चित्त भै वस्यापछि नित्य पूजा यथाक्रमले गर्दा खेरी तँलाई स्वप्नमा भयाको वचन सत्य हो मलाई चाँडै आजै ली नेपालतिरको गमनगर भनी यन्त्रबाट शब्द प्रकाश भयो र उसै बखत राजाले प्रस्थान गरी नेपालतिर चाँडो गरी आया। सिमरौनगढमा रहञ्ज्याल वन्दोवस्त-सित उही वेलामा नित्यपूजा वलिदान विधान प्रमाण गर्दथ्या। ईश्वरीका आज्ञा प्रमाणले मानिस मात्र साथ ली धन दौलत दर्वार त्यागी चाँडै आउँदा जङ्गलका रस्तामा नित्यवलि अड्कन जाँदा कस्ता तरह संग पूजा गर्न्या हो भनी शंका सन्देह गरी बस्दा निद्रावस्थामा प्राप्त भै प्रात:कालमा जो जन्तु भेट्छ, उसैलाई समाती बलि दिनु भनी स्वप्न भयो र जागी साथमा मानिसहरूकन उठाई बाटामा जाँदा प्रात:कालका वखत अर्ना भेटियो र त्यही अर्नालाई समाती ल्याई पूर्व दिशाकन द्वार पारी दिशा फेर्न्या ज्यापुलाई ल्याई उसका हातवाट वलिदान दिया, रक्त चढाउन लाया र खड्गी जात हुन गया। त्यहाँ उप्रान्त ती ज्यापुहरू कसाईका जातमा दर्‍या। वाटामा हडवडी पर्दामा ईश्वरीलाई भोग लगाउनेलाई गाऱ्हो भयो र ईश्वरीवाट ती ज्यापूहरू मध्येमा केही ज्यापूलाई चोख्याई नेम गराई भोग पका-उन ला भनी आज्ञा पाउँदा ज्यापुलाई भोग पकाउन लाया। त्यही ज्यापू सुवार (सुवाल) भन्याका थर भया।

यहाँदेखि तुलजा भवानीकन प्रतिवर्ष महिषमांस प्रशस्त गरी चढाई प्रसाद गरी मांस भोग गरी चलाया। नेपालवासी नेवारहरूले महिषमांस जाहेरसंग भोग गर्दा समय एक कोही शिवदत्त मैथिल महापुरुष आई महिष मांस भोग गर्न्याले जनै धारण गर्‍याका कही देख्याको छैन भनी राजाकन सुनाउँदा महिषमांस छाडकी जनै छाड भनी करलाई रोजाउँदा ईश्वरीवाट प्रसाद गरी वक्स्याको मांसभोग त्याग गर्न नसकी जनैकन धारण गर्न नेपालका सब नेवारले छोड्या। नेयरवासी नेवारहरूले जनै अद्यापि धारण गर्‍याका छन्।

राजा हरिसिंहदेव आफ्नो राज्य छाडी नेपालभित्र प्रवेश गरेपछि वि. सं. १३८२ बाट नेपालमा तलेजू भवानीको प्रचलन चल्यो भनिन्छ भने एकथरी विद्वान्-हरू हरिसिंहदेवको नेपाल आगमनभन्दा धेरै अघि लिच्छविकालदेखि नै नेपालमा तलेजू भवानी राज्य-इष्टदेवीका रूपमा थिइन् र यिनलाई बृषभदेवको समयमा "राजदेवी" मानदेवका समयमा "मानेश्वरी" मल्ल राजाहरूले "इष्टदेवता"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"स्वेष्ट देवता" र पछि "तलेजू भवानी" भनी नामाकरण मात्र गरिएको हो भन्दछन् साथै अन्य केही विद्वान्हरू– दुमाजू र तलेजू (दधिचि ऋषिको हाडबाट बनेकी देवी [श्री यन्त्र]) मध्यकालमा नेपालमा लोकप्रिय बन्न पुगेका इष्टदेवी, राष्ट्रदेवी, आराध्यदेवी, स्वेष्टदेवी र मानेश्वरी थिए। तर मानेश्वरी देवी मध्यकालमा मात्र नभएर लिच्छवि कालदेखि नै पुजिदै आएकी प्राचीन शक्तिदेवी थिइन्। यिनै मानेश्वरी देवी मल्लकालमा मल्ल राजाहरूकी स्वेष्टदेवी बन्न पुगिन्। दुमाजू र तलेजूको तुलनामा यी मानेश्वरी देवी बाहिरबाट भक्तपुरमा ल्याइएकी देवी भनी मानिन्छ। किनभने यिनको मूल शक्तिपीठ प्राचीन लिच्छवि बस्ती हाँडीगाउँमा छ। भक्तपुर तलेजू मूलचोकको दक्षिणपट्टिको घर तलेजूको आगम घर हो र यही घरमा तलेजूसँगै मानेश्वरी देवी पनि स्थापित छिन्। प्रत्येक वर्ष वैशाख सुदि ५ मा तलेजूबाट तान्त्रिक विधिपूर्वक दुई बोका एक हाँससहित शोधन गरेको पूजा भाग लिएर हाँडीगाउँस्थित मानेश्वरीकहाँ पूजा गर्न पठाउने चलन अद्यापि छँदैछ। यस चलनबाट पनि मानेश्वरी देवी भक्तपुरमा बाहिरबाट ल्याइएकी देवी भनिएको होला भन्न सकिन्छ। तर जुनसुकै नामले पुकारिए पनि उनै तलेजू भवानीलाई जनाउँछ र यिनी सिमरौनगढबाट नेपाल भित्रिएकी नभई हाम्रै आफ्नै प्राचीन इष्टदेवी हुन् भन्न सकिन्छ।

अब उपत्यकाका तीन राजप्रासादभन्दा बाहिरका तलेजू मन्दिरको चर्चा गरौं।

(१) **मूर्तिया सर्लाही–** सर्लाही जिल्लाको ऐतिहासिक क्षेत्र मूर्तियामा पनि तलेजू भवानीको मन्दिर छ। हाल यो मन्दिर जीर्ण भई भत्किएको छ र यसको क्षेत्रफल करीब १३० फिट जतिमा फैलिएको छ। यस क्षेत्रमा हाल अति नै कलात्मक पालिसदार पत्थरका मूर्तिहरू, खम्बाहरू प्रशस्त रूपमा छरिएर रहेको देख्न सकिन्छ। यी छरिएर रहेका वस्तुहरुलाई हेर्दा यहाँ अति नै भव्य र सुन्दर तलेजू भवानीको मन्दिर थियो भन्ने अनुमान गर्न सकिन्छ।

(२) **देवपत्तन–** प्राचीन मल्लकालमा देउपाटन–जयबागेश्वरीको आसपासको ठाउँलाई 'एन्दल' भनिन्थ्यो। त्यस ठाउँमा एउटा महत्त्वपूर्ण राजदरवार थियो। यस राजदरवारमा प्राचीन मल्ल राजाहरूको राज्याभिषेक समारोह सम्पन्न गरिन्थ्यो। यस कुराको पुष्टि गर्न हाल यस ठाउँमा राजदरवार र त्यसको कुनै भग्नावशेष नपाइए तापनि यहाँ रहेको दरवारको मूल वस्तु मानिने तलेजू भवानीको मन्दिरले पुष्टि गर्छ। जहाँ आजसम्म पनि पूजाआजा चालू नै छ र यो मन्दिर जयबागेश्वरी मन्दिरको पूर्व–दक्षिण कुनामा अवस्थित छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसैगरी राजदरवारको अर्को अभिन्न अङ्ग भण्डारखाल बगैंचा पनि यसै अर्भै-सम्म सुरक्षित नै रहेकोले पनि देवपत्तनमा एउटा ठूलो प्राचीन मल्ल राज-दरवार र तलेजू भवानीको मन्दिर थियो भन्न सकिन्छ ।

३) **दोलखा–** दोलखा राजकुलको दक्षिणपट्टि तलेजूको दुईतले मन्दिर रहेको छ । यिनको यहाँका जनतामा भने त्यति ठूलो प्रभाव परेको नदेखिए तापनि राज-दरवार र तलेजूको मन्दिर दोलखाको इतिहास ही भन्न सकिन्छ ।

४) **फर्पिङ–** फर्पिङमा पनि प्राचीन राजदरवार थियो भन्ने कुरा 'राजदरवार तलेजू' भन्ने तीनतले घरले जनाउँछ । यो मन्दिर फर्पिङ बजारको माझमा एउटा थुम्कोको बीचमा रहेको छ । यस मन्दिरको जीर्णोद्धार २०४५।४६ सालतिर गरि-एको थियो । यहाँ ९१६ तलेजूका स्वर्णमूर्तिहरू छन् भनिन्छ ।

५) **साँखू–** साँखूमा पनि प्राचीन दरवार थियो । यसको अवशेषका रूपमा हालसम्म पनि पुरानो मूलढोका बाँकी नै छ । यसै स्थानको केही परपट्टि भग्ना-वशेषका रूपमा एउटा थुम्को छ । त्यसैका बीचमा चारकुने एकतले घर अवस्थित छ यसैलाई तलेजू भवानी मन्दिर भन्ने चलन छ ।

६) **कीर्तिपुर–** कीर्तिपुर बजारमा पनि राजदरवार र तलेजूको मन्दिर थियो । अहिले राजदरवारको नाउँमा केवल 'नाम' मात्रै बाँकी छ तर छाना नभएको भत्किएको जीर्ण एउटा ठूलो मन्दिरले यहाँ दरवार थियो भन्ने जनाउँछ किनकि यो ठूलो मन्दिर तलेजूको मन्दिर हो ।

७) **पालुङ–** पालुङ बजारको मध्यभागमा पनि राजदरवार र तलेजूको मन्दिर थियो । हाल यी दुवै भग्न भइसकेर माटामा मिलिसके भने पनि हुन्छ । यहाँ दरवार र तलेजूको मन्दिर थियो भन्ने कुराको पुष्टि उक्त भग्न ठाउँमा गोठ (कान्जी हाउस) बनाउन जग खन्दा प्राप्त भएका मूर्ति र पुरातात्त्विक सामग्री-हरूबाट थाहा लाग्दछ । हाल दरवार र तलेजू भवानीको मन्दिर भएको भग्ना-वशेषमाथि नै जग हालेर गाउँ विकास समिति भवन (गाउँ पंचायत भवन) बनाइएको छ ।

८) **मध्यपुर-ठिमी–** मध्यपुर-ठिमीमा अहिले राजदरवारको कुनै अस्तित्व भने छैन । हनुमानढोका दरवारमा जस्तै यहाँ पनि एउटा चोक छ र यसको चारैतिर एकतले घर वनाइएका छन् । यसै चोकको देवतालाई तलेजू भवानी भन्ने चलन छ । यही चोक नै राजदरवारको मूलचोक हो र तलेजू भवानीको मन्दिर हो भन्न-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाई बालकुमारी जात्रा सम्पन्न भएपछि बालकुमारीलाई यसै चोकको ढोकाबाट भित्र्याइने चलनले पुष्टि गर्दछ ।

९) **नाला-** यो प्राचीन शहरमा हाल प्राचीन राजप्रासाद र तलेजू भवानीको मन्दिरको कुनै भग्नावशेषसम्म पनि पाउन सकिन्न । तर करुणामय मन्दिर जाने मूलबाटो छोडेर नाला भगवती मन्दिर जाने मूलबाटोमा नै पुरानो बजार क्षेत्रमा एउटा ठूलो छ । त्यही चोकको एक छेउमा तलेजू भवानीको मन्दिर थियो भनिन्छ र त्यो चोक राजदरवारको मूलचोक थियो । हाल आएर यस चोकमा एउटा माध्यमिक विद्यालय (चण्डेश्वरी मा.वि.) खडा भइसकेको छ र राजदरवार र तलेजूको अस्तित्व नै हराइसकेको छ ।

१०) **पनौती-** पनौती बजारवाट प्रसिद्ध इन्द्रेश्वर मन्दिर जाने बाटामा गुह्येश्वरी मन्दिर अगाडि जगको गाह्रो स्पष्टसँग देखिने ठूलो करीब-करीब चारपाटे भाग छ त्यसलाई पनौती दरवार भनिन्छ । यसको एक छेउमा पूजा गर्ने गरिएको सानो पीठस्थान छ यसैलाई पनौतीको तलेजू भवानी मानिन्छ । मन्दिर भने खास केही छैन ।

११) **बनेपा-** बनेपा बजारमा पनि मल्ल राजाहरूको पुरानो दरवारको भग्नावशेष र तलेजू भवानीको मन्दिरको जगसम्म देख्न सकिन्छ । यहाँ पर्व-पर्वमा पूजा-आजा अद्यापि गरिँदै आएको छ । हाल यस दरवार र मन्दिर क्षेत्रलाई दछुटोल लायकु भनिन्छ ।

१२) **चापागाउँ-** चापागाउँ (ललितपुर) मा पनि पुरानो मल्ल दरवार र तलेजूको मन्दिर थियो । हाल यहाँ दुवै वस्तुको लगभग अस्तित्व समाप्त भएको छ । तर पनि बखत-बखतमा तलेजू स्थानमा पूजाआजा गरिने प्रचलन अद्यापि छँदैछ ।

चापागाउँ बजारमा यो दरवार र तलेजूको स्थापना राजा रत्नमल्लको समयमा भएको थियो । यिनको एउटा छोराले वाबुको मुख हेर्न नहुने ग्रह परेकाले यहाँ दरवार बनाई तलेजूको समेत स्थापना गराएका थिए । यो निर्माण कार्य वि. सं. १५६९ मा भएको कुरा देवमाला वंशावलीमा उल्लेख छ ।

१३) **टिस्टुङ-** टिस्टुङ बजारको मध्य भागमा प्राचीन राजदरवार, किल्ला र तलेजू भवानीको उपस्थिति देख्न सकिन्छ । दरवार र किल्लाको भग्नावशेष मात्र बाँकी छ तर मन्दिर भने अद्यावधि छँदैछ । २०३९।४० सालभन्दा अगाडि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कुनै उल्लेख्य मन्दिर नभई केवल सानो छाप्रो मात्र थियो, तर २०४० सालपछाडि पुरातत्त्व विभागवाट दुईतले घरका रूपमा मन्दिर निर्माण गरिएको छ। यसभन्दा अगाडि उक्त किल्ला र मन्दिरको ने. सं. ८५९ (वि. सं. १७९५) फाल्गुन शुक्ल पूर्णिमा बुधवारका दिन पाटनका अन्तिम मल्ल राजा विष्णुमल्लले जीर्णोद्धार गराएका थिए।

१४) **भाखोर (तिब्बत)**– नेपाल अधिराज्यबाहिर तिब्बतको भाखोरमा समेत एकतले तलेजू भवानीको मन्दिर थियो। ल्हासाको शहरीकरण गर्दा वि. सं. २०३५ सालमा भाखोरमा रहेको तलेजू भवानीलाई नोर्वोलिङ भन्ने ठाउँमा (नेपाली महावाणिज्य दूतावास बसेको घरनिर) स्थानान्तरण गरिएको छ। यस ठाउँमा कहिले, कसले तलेजू भवानीको स्थापना गऱ्यो भन्नेचाहिं खोजीकै विषय छ।

अब उपत्यकाका तीन राजप्रासाद भित्रका तलेजू भवानीको छोटो चर्चा गरौं।

(क) **भक्तपुर**– प्रामाणिक रूपमा भक्तपुरको इतिहासलाई हेर्दा दरवारको मूलचोकभित्रको हालको दुईतले मन्दिर कसले, कहिले वनायो भन्न सकिन्न तर पनि तलेजू भवानीको उल्लेख राजा जगज्ज्योतिर्मल्ल (शासनकाल १६७०-१६९३ वि. सं.) मा पाइन्छ। यिनले तलेजू भवानीको मन्दिरमा आफ्नो र परिवारको शालिक वनाई राखेको देखिन्छ। यसवाट यो मन्दिर १६७० सालभन्दा अगाडि नै वनिसकेको थियो भन्न सकिन्छ। यसैगरी राजा जगतप्रकाश मल्ल (१७००-१७२९ वि. सं. शासनकाल) ले पनि मन्दिरमा भव्यता प्रदान गर्ने काम गरेका थिए। यिनले १७१८ साल मार्ग १८ गते एउटा वेदी समर्पण गरी आफ्नो शालिक राखेका थिए। तर यस मन्दिरलाई सिंगार-पटार गर्ने र भव्यता प्रदान गर्ने श्रेय भने राजा जितामित्र मल्ल (१७२९–१७५३ वि. सं. शासनकाल) लाई जान्छ। यसै गरी राजा भूपतीन्द्र मल्लले यस मन्दिरलाई निकै नै आकर्षक रूपमा सिंगार्ने काम गरे। उनले वि. सं. १७५६–१७६७ सम्म विभिन्न रूपले सिंगारेका थिए। यसमध्ये उल्लेखनीय कुरा श्रीखण्ड आदि असल-असल जातका काठले बनाएको ''सप्तमुखी झ्याल'' नै हो। यिनले १७६३ आषाढमा तलेजू मन्दिरको छाना मर्मत गरी ११ वटा सुनको गजुर चढाई छानामा सुनकै सिंह र वेतालसमेत राख्न लगाएका थिए।

(ख) **ललितपुर**– ललितपुरको इतिहासलाई हेर्दा भाषा वंशावलीअनुसार वि. सं. १६७५ तिर कान्तिपुरवाट छुट्टिएपछि ललितपुरका प्रथम राजा भएका सिद्धिनरसिंह मल्ल (१६७५-१७१७ वि. सं. शासनकाल) ले आफ्नो शासनकालको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुरूमा नै ने. सं. ७४० (वि. सं. १६७७) जेष्ठ शुक्ल १० मा अघिदेखिको राजदरवारलाई राम्रो गरी बनाउनुका साथै मूलचोकभित्र तलेजूको सानो मन्दिर पनि स्थापना गरेका थिए। यसै मन्दिरलाई पछि वि. सं. १७२३ मा राजा श्रीनिवास मल्लले अष्टकोणाकार तीनतले मन्दिर बनाएका थिए भन्ने कुरा वि. सं. १७३६ को मूलचोकको अभिलेखबाट थाहा हुन्छ।

(ग) **काठमाडौं (हनुमानढोका)**– काठमाडौंको इतिहासलाई हेर्दा १५४१–१५७७ वि. सं. सम्म कान्तिपुरका राजा भएका रत्नमल्लले भक्तपुरसँग वैमनस्य उत्पन्न भएपछि सधैं इष्टदेवी तलेजूको पूजा नगरी दिनचर्या नै शुरू नगर्ने हुनाले भक्तपुरसम्म जाने समस्या उत्पन्न भई कठिनाइ परेकोले आफू राजा हुनेबित्तिकै राजदरवारको निर्माण गरेपछि वि. सं. १५५८ मा तलेजू भवानीको सानो मन्दिर स्थापना गरेको देखिन्छ। पछि वि. सं. १६२० माघमा राजा महेन्द्र मल्लले तलेजूको ठूलो मन्दिर बनाएका थिए। यो मन्दिर रत्नमल्लले बनाएको तलेजू मन्दिरलाई नै बढाएर भव्यता प्रदान गरिएको थियो– १२ तह पेटीमाथि तीनतले भव्य मन्दिर तयार गरिएको थियो। उपत्यकामा पाइने साधारण देवलहरूभन्दा यसको आकार प्रकार ज्यादै नै ठूलो हुनाले यस सुनको छाना हालिएको मन्दिरलाई 'तव देवल' (ठूलो मन्दिर) भन्न थालियो। नेपाली वास्तुकलाको इतिहासमा यस मन्दिरको ज्यादै महत्त्वपूर्ण स्थान छ। हालको ११५ फिट अग्लो स्वर्णछत्रसहितको ५ वटा सुनको गजुर भएको भव्य मन्दिरको स्वरूप दिने श्रेय भने राजा प्रताप मल्ललाई नै छ। यिनले वि. सं. १६९९ ज्येष्ठमा मन्दिरअगाडि प्रस्तरको खम्बा गाडेर सुन मोलम्वा गरेको सिंह चढाए। वि.सं. १७०१ पौषमा अग्लो शालिक स्थापना गरे। वि.सं. १७१० मार्गमा एउटा ठूलो घण्टा स्थापना गरे। अर्को ठूलो घण्टाचाहिं वि.सं. १७७१ असोजमा राजा भास्कर मल्लले स्थापना गरेका हुन्। यसैगरी तीनमुखे ढोकाको दायाँ-बायाँको खोल्न नहुने खापामा वि. सं. १७२७ पौषमा स्वर्णपाता जडे। यसैगरी वि. सं. १७२७ माघमा बीचको खोल्न हुने खापामा स्वर्णपातासहित कालिगढीयुक्त मूर्तिहरू जडान गराए आदि। आदि।

नुवाकोटको तलेजू भवानीको चर्चा गर्नुअघि तलेजू जत्ति कै पूजनीय देवी देगु तलेजू र दुमाजुको चर्चा गर्नु पनि आवश्यक ठान्दछु।

देगु तलेजूको चर्चा गर्दा यिनको अस्तित्व पनि लिच्छविकालदेखि नै रहेको पाइन्छ। लिच्छविकालमा राजदरवारभित्रै षष्ठीदेवीको मन्दिर 'षष्ठीदेवकुल'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रहेको हुन्थ्यो । तथा सिठीको दिन विशिष्ट दिनमध्ये पर्दथ्यो । यो कुरा अंशुवर्माको हाँडीगाउँको प्राचीन दरवारको व्यवस्थासम्बन्धी शिलालेखबाट थाहा हुन्छ । यिनै षष्ठिका देवी मल्लकालमा आएर देगु तलेजूको नामले पुकारिन थालेको देखिन्छ । किनकि मल्ल राजाहरूले देवाली पूजा गर्ने परम्परा नै थियो र यस देवाली पूजाको उठान र अन्तिम दिन देगु तलेजूमा विशेष पूजा गरिने प्रचलन अझैसम्म कायमै छ । देगुली पूजा गर्दा पूजा गरिने इष्टदेवीका रूपमा लिच्छवि कालकी 'षष्ठी-देवकुल' मल्लकालमा आएर 'देगुली तलेजू', 'देगुली तरेमाजु' बन्न गएको देखिन्छ ।

(क) **भक्तपुर**– भक्तपुरको इतिहासलाई हेर्दा अहिलेसम्म देगु तलेजूको उल्लेख भएको पाइएको छैन । यसतर्फ खोजी हुनु आवश्यक छ भन्न सकिन्छ ।

(ख) **ललितपुर**– ललितपुरको इतिहासलाई हेर्दा देगु तलेजू मन्दिरको निर्माणको श्रेय पनि राजा सिद्धिनरसिंह मल्ललाई नै जान्छ । यिनले वि.सं. १६९७ फागुनमा पाँचतले भव्य मन्दिर बनाएका थिए । यो मन्दिर आगलागीमा परेकाले तत्काले वि. सं. १७१९ मा राजा श्रीनिवास मल्लले आजको रूपमा पुनः निर्माण गराएका थिए । यस बखत यो आफ्नो पुरानो उचाइ ५ तला बाट ४ तले मात्र बन्न सकेको थियो ।

(ग) **काठमाडौं (हनुमानढोका)**– काठमाडौंको इतिहासलाई हेर्दा भाषा वंशावलीअनुसार देगु तलेजू मन्दिरको निर्माण राजा शिवसिंहमल्ल (१६३५–१६७७ वि. सं. शासनकाल)ले गरेका थिए । तर हालको मन्दिरको स्वरूप भने राजा प्रताप मल्लले वि. सं. १७२७ मा दिएका हुन् । यो तीनतले मन्दिर दरबारको दक्षिण लंगको कौसीमाथि अवस्थित छ । यो मन्दिर तलेजू भवानीपछिको दोस्रो ठूलो मन्दिर हो ।

दुमाजूको चर्चा गर्दा पनि उपत्यकाको इतिहासमा सिमरौनगढको प्रभावबारे केही चर्चा गर्नु आवश्यक हुन जान्छ । वि. सं. ११५४ तिर नान्यदेवले सिमरौनगढ राज्यको स्थापना गरेदेखि नै काठमाडौं उपत्यकामा आँखा लगाउन थालेका थिए र उनले र उनी पछिका शासकहरूले पटक–पटक भक्तपुरमा आक्रमण गरेका थिए । भक्तपुरमा आक्रमण गर्नुको अर्थ थियो त्यसबखत भक्तपुर नै नेपालको राजधानी थियो भनौं या नेपाल भन्नु नै भक्तपुर थियो । तर वि. सं. १३५६ र १३६७ मा भएको आक्रमणमा भने सिमरौनगढका शासकहरू विजयी भए । यिनीहरूलाई उपत्यकावासीहरू 'डोय' 'तिरहुते' भन्ने गर्दथे । यिनीहरूले उक्त विजित अवधिमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आफ्नो संस्कृतिको निकै राम्रो प्रभाव छोड्न सफल भए। जसको फलस्वरूप उपत्यकाको धार्मिक तथा सांस्कृतिक इतिहासमा तलेजू र दुमाजूको समेत प्रभाव पर्न गयो। यसको स्थायी प्रभाव भने रुद्रमल्लले राजा हरिसिंहदेवकी रानी देवलदेवी र छोरा जगत सिंहलाई आफ्नो राजदरबारमा आश्रय दिएपछि शुरु हुन्छ। किनकि रानी देवलदेवीले आफ्नो छोरा जगतसिंहको विवाह भक्तपुरको राजसिंहासनमा बसेको राजकुमारी नायकदेवीसँग गरिदिइन्। वि. सं. १३८३ श्रावणतिर राजा रुद्रमल्लको मृत्युपछि उनकी छोरी नायकदेवी राजसिंहासनमा बसेकी थिइन् र १४०५ पछि नायकदेवी र जगतसिंहको विवाह भएको थियो। यस प्रकार नेपालको धार्मिक तथा सांस्कृतिक इतिहासमा तलेजू र दुमाजूको स्थायी प्रभाव पर्न गयो।

(क) **भक्तपुर**– 'डोय', तिरहुते जे भनिए तापनि सिमरौनगढकी रानी देवल देवीसँग नेपाल भित्रिएकी तलेजू झैं डोयहरूकी इष्टदेवी "डोयिनिमा"को प्रभाव भक्तपुरमा पर्नु स्वाभाविकै थियो। पछि यिनै डोयहरूकी आमा अर्थात् डोयिनिमा मल्लराजाहरूकी "दुमाजू" बन्न पुगिन्। दुमाजूलाई धनकी देवी अर्थात् लक्ष्मीका रूपमा लिइन्छ। भक्तपुरको तलेजूको मूलचोकको उत्तर-पश्चिम कुनामा एउटा कालो पोखरीसहितको चोक छ। यही चोकमा दुमाजू देवीको पीठ स्थापित छ। यिनलाई सर्वसाधारणले हेर्न– दर्शन गर्न सक्दछन्।

(ख) **ललितपुर**– ललितपुर भण्डारखाल बगैंचाको भित्र रहेको पोखरीको दक्षिण छेउमा दुमाजूको पीठ स्थान छ। यिनलाई सर्वसाधारणले दर्शन गर्न सक्दछन्। यिनको स्थापना वि. सं. १६४५ मार्गमा राजा विष्णुसिंहले गरेको देखिन्छ। यहाँ दुईवटा शिलापत्रहरू छन्। एउटामा दुमाजूलाई धनकी देवी 'वसुलक्ष्मी' भनी उल्लेख गरिएको छ भने अर्को शिलापत्रमा 'श्री' (लक्ष्मीको प्रतीक) उल्लेख गरिएको छ यस शिलापत्रअनुसार वि. सं. १६४५ मार्गमा स्थापित यी देवीको मन्दिर हाल उलेख्य रूपमा छैन केवल एकतले सानो झिगटीको छाना पाली हालिएको खुला पीठको रूपमा ज्यादै जीर्ण अवस्थामा छ।

(ग) **काठमाडौं**– हनुमानढोका दरबारको मूलचोकको पूर्वीलङको दोस्रो तलामा दुमाजूको मुख्य निवासस्थान छ। यिनको पूजा कर्माचार्य पुजारीद्वारा तान्त्रिक विधिबाट गरिन्छ। यिनलाई पाटन र भक्तपुरमा झैं सर्वसाधारणले हेर्न पाउँदैनन्। यसका अतिरिक्त काठमाडौंको सवलवहालमा पनि दुमाजूको मन्दिर छ र वीर अस्पताल अगाडि टुंडिखेलमा दुमाजूको पीठ छ। काठमाडौंमा दुमाजूको स्थापना कसले र कहिले गर्‍यो भन्ने यकिन गर्न चाहिं सकिएको छैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस प्रकार नेपालको मल्लकालीन इतिहासलाई हेर्दा राष्ट्रकी कुलदेवी–इष्टदेवीका रूपमा 'तलेजू भवानी' राजाकी कुलदेवी–इष्टदेवीका रूपमा 'देगु तलेजू' र राष्ट्रकी राज्य–लक्ष्मीको रूपमा 'दुमाजू'को प्रतिष्ठापन भएको देखिन्छ। दुमाजूलाई लक्ष्मीका रूपमा मान्नु यिनको मन्दिर भण्डारखालको एक छेउमा हुनु हो। भण्डारखाल भनेको त्यस वखतको राष्ट्रिय ढुकुटी हो। यसको प्रजाणमा पाटन र भक्तपुरमा भण्डारखालकै एक छेउमा दुमाजूको पीठ रहनुलाई लिन सकिन्छ। यसरी मल्ल राजदरवारमा तलेजू, देगु तलेजू र दुमाजूको स्थान क्रमशः रहेको देखिन्छ।

अब नुवाकोटतर्फ लागौं– नुवाकोटमा तलेजू भवानीको मन्दिर राजप्रासादका रूपमा प्रयोग भएको भेटिंदैन, तर कान्तिपुरका राजा रत्नमल्लले वि. सं. १५४८ मा नुवाकोट हमला गरी जितेको प्रसंगले गर्दा त्यसभन्दा अगाडि पटक–पटक स्वतन्त्र भएका नुवाकोटे राजाहरूमध्ये कसैले काठमाडौं उपत्यकाका राजाहरूको देखासिखी गरी एवं आफूलाई काठमाडौं उपत्यकाका राजाहरू जत्तिकै स्वतन्त्र राजा देखाउनका लागि पनि आफ्नो राजदरवार खडा गरी तलेजू भवानीको भव्य मन्दिरको स्थापना गरे होलान् भन्न सकिन्छ। यदि नुवाकोटमा उपत्यकाका तीन राजप्रासादवाहेक अन्यं ठाउँमा भएको जस्तो सानो मन्दिर भएको भए मल्ल राजाहरूको प्रभाव क्षेत्रमा परेकाले नुवाकोटमा त्यस वखतका सामन्त शासकले उक्त सानो मन्दिर बनाए भन्न सकिन्थ्यो तर यहाँ भव्य पाँचतले मन्दिर भएकाले यस मन्दिरको निर्माण यति महत्त्व दिएर गर्नु स्वतन्त्र राजाहरूले मात्र सम्भव थियो भन्न सकिन्छ। त्यसैले यस कुरालाई अझ विस्तारले हेर्ने हो भने नुवाकोटको निम्न इतिहासलाई राम्ररी हेर्नु आवश्यक हुन आउंछ।

(क) नुवाकोटका महासामन्त शासक गजले वि. सं. १३८९ मा पलान्चोकका राजदेवसँग मिलोमतो गरी नुवाकोटलाई स्वतन्त्र गराउने चेष्टा गर्दै थिए। यसैवखत नुवाकोटभित्रै अन्य सामन्तहरूबीच पनि राज्य हत्याउन कलह पनि बढ्दै थियो।

वि. सं. १३९१ मा जयसिंहदेवले गजलाई झुक्याएर आफैं राजा बने। ७/८ वर्षसम्मको स्वतन्त्र शासन कालपछि वि. सं. १३९८ माघमा आफ्ना छोरा जुग सामन्तको विद्रोहमा यिनी मारिए। जुग सामन्तले पनि स्वतन्त्र राजाका रूपमा वि. सं. १४०९ सम्म राज्य गरे। यस वखत काठमाडौं उपत्यकामा राजदेव गद्दीमा बसिसकेका थिए र आफू शक्तिशाली हुनेबित्तिकै नुवाकोटलाई आफ्नो अधीनमा पार्न सफल भए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ख) वि. सं. १४४८ मा लेखिएको एक हस्तलिखित ग्रन्थमा नुवाकोटमा काठमाडौंबाट गई वसेका एक व्यक्तिले नुवाकोटका तत्कालीन शासकका रूपमा 'रत्नज्योतिदेव'को उल्लेख गरेका छन्। यिनलाई उक्त ग्रन्थमा 'राजाधिराज परमेश्वर परम भट्टारक' मानी स्वतन्त्र राजाका रूपमा स्वीकार गरिएको छ। यिनको 'विजय राज्य' भनी उल्लेख भएबाट काठमाडौं उपत्यकाको स्थिति मल्लको राज्यकालमा पनि नुवाकोट स्वतन्त्र शासकका रूपमा रत्नज्योतिदेव थिए भन्ने देखिन्छ। काठमाडौं उपत्यकामा मल्लराजाहरूलाई 'मानेश्वरीष्टदेवतावरलब्ध-प्रसाद' भने जस्तै यिनलाई 'श्रीगण्डकीवरलब्धप्रसाद' भनिएबाट पनि यिनी एक स्वतन्त्र राजा भएका र यिनकी इष्टदेवी श्री भैरवी हुन् भन्ने थाहा हुन्छ। नुवा-कोटका भैरवभैरवीलाई 'श्री गण्डकीदेवता' पनि भनिन्छ।

(ग) नुवाकोटको प्रसिद्ध नारायण मन्दिरमा रहेको पानसको त्रिखुट्टीको अभिलेखअनुसार वि. सं. १४९८ मा श्री रिपुमल्ल नुवाकोटको स्वतन्त्र शासकका रूपमा रहेका देखिन्छन्। उक्त त्रिखुट्टीमा उनलाई सोझै राजा नभने पनि 'श्रीमत्सो-मवंशार्णवजातिलकायमान' अर्थात् चन्द्रवंशीहरूमा श्रेष्ठ एवं गरुडनारायणरूपी भनी उल्लेख गरेको पाइन्छ। यसबाट उनी त्यस बखत नुवाकोटका शक्तिशाली शासक थिए भन्न सकिन्छ। यिनी उपत्यकाका मल्ल वंशका मल्ल भने थिएनन् किनकि काठमाडौं उपत्यकाका मल्लहरू सूर्यवंशी हुन् भने यिनी चन्द्रवंशी। यसबाट यी मल्ल शासकले पनि काठमाडौं उपत्यकाका मल्ल राजाहरूले झैं राजदरवार वनाई तलेजू भवानीको स्थापना गरेका हुन सक्छन्। यिनले यिनै नारायणलाई इष्टदेवता मानेका हुनाले यिनको वंश शासक वंश नै थियो र नुवाकोटसँग यिनको पहिलेदेखि नै सम्बन्ध रहेको पनि देखिन्छ। यिनको शासनकालमा काठमाडौं उप-त्यकामा यक्ष मल्लको शासन थियो। यिनी आफू शक्तिशाली भएपछि नुवाकोटलाई वि. सं. १५२४ मा आफ्नो राज्यमा मिलाएको देखिन्छ।

यसपछि वि. सं. १५४८ सम्म नुवाकोटमा कुनै शक्तिशाली सामन्तको उदय भएको देखिंदैन। जसले नुवाकोटलाई स्वतन्त्र राज्य घोषित गरेको होस्। यस अवधिभर नुवाकोटमा संयुक्त शासन (काठमाडौं उपत्यका तथा नुवाकोट सामन्त-को) चलेको देखिन्छ। जब रत्न मल्लले वि. सं. १५४१ मा कान्तिपुरका वैश्य शासकहरूलाई हटाई एक स्वतन्त्र राज्य खडा गरी आफू राजा भए तब त्यसको ७ वर्षपछि वि. सं. १५४८ मा नुवाकोटलाई आफ्नो अधीनमा लिए। यसपछि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्री ५ पृथ्वीनारायण शाहबाट नुवाकोट गोरखा राज्यमा नमिलाएसम्म यहाँ कुनै शक्तिशाली सामन्त स्वतन्त्र रूपमा नुवाकोटका राजा भएको पाइँदैन । तसर्थ माथि उल्लिखित नुवाकोटका तीनवटा सामन्त शासकमध्ये कुनै एकले आफूलाई स्वतन्त्र शासक घोषित गरेपछि स्वतन्त्र राज्य नुवाकोटमा काठमाडौं उपत्यकाका राजाहरूले जस्तै राजदरवार एवं तलेजू भवानीको मन्दिर वनाए होलान् भन्न सकिन्छ ।

तर पनि एउटा कुरा स्पष्ट छ, नुवाकोटमा तलेजू भवानीको मन्दिर मल्लकालमा नै स्थापना भइसकेको थियो । यस कुरालाई निम्न प्रमाणहरूबाट पुष्टि गर्न सकिन्छः-

(क) नुवाकोटको सबैभन्दा पुरानो जात्रा श्री भैरवी जात्रा हो । यसलाई धामी-घमिनी जात्रा पनि भनिन्छ । तलेजू भवानीको सम्बन्ध भैरवी जात्रासँग पनि रहेको छ । यी भैरव-भैरवीलाई गण्डकी देवता पनि भनिन्छ । यो देवी– भैरवी या धामी जात्रा प्रत्येक वर्ष चैत्र शुक्ल अष्टमीदेखि शुरु हुन्छ । यस जात्राको क्रममा परेवाको दिन धामी-घमिनीलाई गणेशसहित वाजा गाजाका साथ देवीघाटतर्फ लैजानुअघि तलेजू भवानी मन्दिरमा लगिन्छ । यहाँ गुभाजूद्वारा पूजा आजा गरेपछि मात्र देवीघाटतर्फ प्रस्थान गर्ने चलन छ । देवीघाटबाट फर्कने क्रममा घरमपानी हुँदै तलेजू भवानी मन्दिरमा लगिन्छ । यसको केही समयपछि भैरव स्थानमा फर्केर धामी-घमिनी आफ्नो निवासमा जान्छन् । जात्राको अन्तिम दिन वैशाख कृष्ण दशमीमा वाह्र भाइ खलकबाट भैरवी स्थान र तलेजू भवानी मन्दिरमा क्षमापूजा सम्पन्न गरेपछि मात्र यो देवी– भैरवी या धामी जात्रा समाप्त हुन्छ ।

नुवाकोट साततले दरवार अगाडिको नारायण मन्दिर ज्यादै पुरानो मन्दिर हो । यिनै नारायणको जात्रा प्रत्येक वर्ष पिशाच चतुर्दशी ताका गरिन्छ । यस अवसरमा नारायणको मूर्तिलाई आसनवाट उठाई धामीले जात्रा गर्नुपर्ने चलन छ । यी नारायण पुराना हुन् र यस समयमा पनि श्री भैरवी या गण्डकी देवता प्रसिद्ध भइसकेका थिए भन्ने कुराको पुष्टि त्यहाँ रहेको पानसको अभिलेख 'कल्याण होस् श्री उत्तर पहाड, कविलास, नवकोष्ठ शहरमा श्रीश्री गण्डकी भैरव देवताको वासस्थान हुँदा उत्तम कहलाएको स्थानमा रहेका सबै जनताले पुजिएका आफ्ना इष्टदेवता श्रीश्री नारायणलाई...।' वाट हुन्छ । यो पानस राजा रिपु मल्लले यी नारायणलाई ने. सं. ५६१ (वि.सं. १४९८) भाद्र शुक्ल सप्तमीमा चढाएका हुन् ।

यस अभिलेखबाट श्री गण्डकी देवता त्यस बखतका प्रसिद्ध र झन्डै प्रमुख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवताका रूपमा नुवाकोटमा थिए भन्ने देखिन्छ भने यी प्राचीन नारायणको जात्रामा नारायण–मूर्तिलाई धामीले आसनबाट उठाई जात्रा गर्नुपर्ने र तिनै धामीलाई देवी-भैरवी जात्राको वेलामा तलेजू भवानी मन्दिरमा जानैपर्ने जात्राको विधान भएबाट नुवाकोटको धार्मिक–सांस्कृतिक इतिहासमा तलेजू भवानीको महत्त्व र प्राचीनता त्यसै बखतदेखि अर्थात् वि. सं. १४९८ भन्दा अघिदेखि नै थियो भन्न सकिन्छ।

(ख) ने. सं. ७५८ (वि. सं. १६९४) फाल्गुन शुक्ल एकादशीका दिनमा श्री नुवाकोट भैरवी मन्दिरको जीर्णोद्धार गर्न गजुर निकाल्नुपर्दा यी भैरवीसँग सम्बद्ध विभिन्न देवदेवीलाई राँगो, बोका, हाँस बलिसहित पूजा गर्न पठाउँदा श्री तलेजू भवानीलाई पनि दुईवटा हाँससहित पूजा गर्न पठाएको बेहोरा उल्लेख छ।

नुवाकोटका धामीसँग रहेको टिपोटअनुसार–

(ग) शाके १६९० (वि. सं. १८२५) चैत्र कृष्ण पक्ष द्वादशी विहीवारमा गरिएको लालमोहरमा निम्न कुरा उल्लेख छ– ".. अघि नुवाकोटका देवि जात्रा र दसैंमा नेपालि राजाका भाई छोराले पूजाविधि संकल्प गर्नु पर्दोरहेछ तस निमित्त ज्ञाहावाडा जोसिलाई हेराउँदा तुम्रो नाउंमा जुऱ्यो अत्र उप्रान्त ताहांका श्री भैरवका जात्रा र दसैंमा श्री तुलजाका खड्ग जात्रामा हामीले गर्नुपर्ने पूजाविधि संकल्प तिमिले गर्नु "

(यो लालमोहर हालका द्वारे गणेश कुमार शाहीसँग छ)

यसैगरी अन्य व्यवस्था गरिएका लालमोहरहरू यस प्रकार छन्:–

(क) वि. सं. १८३३ फाल्गुन वदी ११ रोज ४ का दिन देवान दामोदर पांडेको लिखतपत्र अनुसार तलेजूका पुजारी भाजुरामलाई रातामाटा मुरी ३० र पुडोल मुरी १० गरी जम्मा ४० मुरी माटो-खेत जागिर दिइएको कुरा उल्लेख छ।

(ख) १८५५ साल कार्तिकमा गरिएको लालमोहरबाट हालका पुजारीका पुर्खालाई पहिलेदेखिकै खान्गी खाई पूजा गर भन्ने आदेश भएको देखिन्छ। परम्परा अनुसार दुई जना डंगोल परिवारका र दुई जना श्रेष्ठ परिवारका पुजारी रहने व्यवस्था छ।

(ग) वि. सं. १८८८ आषाढको लालमोहरमा मन्दिर वनेको थुम्को पहिले ऋषिले तपस्या गरेको वन थियो र त्यस प्राचीन थलोमा तलेजू भवानी मन्दिर वनेको हो। सो ठाउँको वनफँडानी गर्दा हानिनोक्सानी हुन जाला, तसर्थ आयन्दा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

फँडानी नगर्नू गरेमा सजाय होला र त्यो मन्दिर क्षेत्र र वन धामीको तैनाथमा राखियो भन्ने आशय व्यक्त गरिएको छ। यस स्थललाई आज पनि ऋषिपत्तन या ऋषिवनपत्तन भनिन्छ।

यस तलेजू भवानी मन्दिरले वि. सं. १९९० को महाभूकम्पअगाडि के कस्तो वास्तुकला स्वरूप आदि लिएको थियो भन्न सकिन्न। १९९० को महाभूकम्पपछि जीर्णोद्धार हुने अवसर पाउँदा यसले आफ्नो मौलिकता नै गुमाउनुपर्‍यो। यसैगरी २०२७।२८ सालमा छानाको मर्मतसम्म गरियो। यसरी समय-समयमा पूजा-आजा जात्रा र सुरक्षा संभारको व्यवस्था गरिँदै आएको यस मन्दिरको उचित स्याहार संभार भने पटक्कै भएको छैन। तैपनि यसको आजको स्वरूप (वास्तुकला)लाई विस्तृत रूपमा हेर्नु आवश्यक ठान्दछु।

मल्लकालीन दरवार वास्तुकलामा निर्मित यो पाँचतले मन्दिर नुवाकोट सात-तले दरवारभन्दा अलिकति परपट्टि इन्द्रचोक टोल वडा नं. २ मा डाँडाको थुम्का-मा अवस्थित छ। यो मन्दिर परम्परागत निर्माण सामग्री काठ, इँट्टा, माटो, ढुङ्गा, झिंगटी आदि सामग्रीहरू प्रयोग गरी वनाइएको छ। यसको आफ्नो मौलिकता निकै नै कलात्मक थियो होला भन्न सक्ने आधार अब केवल मन्दिरमा हालसम्म पनि जडिएका १० वटा कलात्मक काठका ढोकालाई हेर्दामात्र अनुमान लगाउन सकिन्छ। यो पाँचतले मन्दिर उचाइका हिसावले ५२ फीट, लम्बाइ ४७ फीट, चौडाइ ३७ फीटको छ भने यसको गाह्रो भित्ता ३ फीटदेखि ६ फीट सम्मको छ। यहाँ प्रयुक्त इँट्टाको नाप ८"×५"×२$\frac{१}{३}$" फुस्रो रंगको छ भने झिंगटी ८"×४"×३.४" को फुस्रो सालको नै छ।

यस मन्दिरको तलैपिच्छे राम्ररी हेर्ने हो भने भुइँ तलामा तीनवटा ढोका र आठवटा आँखीझ्याल हालिएको छ। दोस्रो तलामा तीनवटा ढोका र नौवटा आँखीझ्याल छन्। त्यसैगरी तेस्रो तला जुन तलामा देवीलाई विराजमान गराइएको छ, त्यसमा आठवटा आँखीझ्याल, एउटा खुला झ्याल र पाँचवटा ढोका हालिएको छ। चौथो तलामा सातवटा ढोका र एउटा आँखीझ्याल हालिएको छ र चारैतिर बार्दली हालिएको छ। बार्दलीको चारैतर्फ बीचमा पारेर चारवटा ढोका हालिएको छ र त्यसै ढोकावाट बार्दलीमा जान सकिन्छ। पाँचौं तलामा चाहिं १० वटा झ्याल र एउटा ढोका जडान गरिएको छ। यसरी यस मन्दिरमा १९ वटा ढोका जसमा १० वटा कलात्मक र अरू साधारण, ११ वटा साधारण खुला झ्याल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र २६ वटा आँखीझ्याल छन् । साथै भुइँ तलादेखि माथि जान प्रत्येक तलामा १।१ वटा गरी चारवटा भऱ्याङ हालिएको छ । १० वटा कलात्मक ढोकाहरूमा चारवटा चौथो तलाको बार्दलीमा जान, एउटा तलेजू भवानीको मूल मन्दिर कोठामा जान तेस्रो तलामा, दलानबाट भित्र पस्ने मूल ढोका एउटा र भित्री मूल ढोका एउटा गरी दुईवटा दोस्रो तलामा र भुइँ तलाको मूल ढोका एउटा, भित्री ढोका एउटा र दक्षिण-पूर्वतर्फ एउटा ढोका गरी तीनवटा जडान गरिएका छन् ।

भुइँ तलालाई दुई कोठामा विभाजन गरिएको छ र पश्चिमतर्फ मूल प्रवेश-द्वार एउटा भित्रपट्टि अर्को प्रवेशद्वार एउटा र दक्षिणतर्फ एउटा ढोका हालिएको छ । दक्षिणतर्फ एउटा पश्चिमतर्फ दुईवटा उत्तरतर्फ दुईवटा र पूर्वतर्फ तीनवटा झ्याल छन् ।

दोस्रो तला जसलाई तीन कोठामा बाँडिएको छ पूर्वतर्फ दुईवटा कोठा र पश्चिमतर्फ एउटा कोठा छ । यसै कोठाबाट बाहिर जाने भऱ्याङसमेत हालिएको छ । यस भऱ्याङलाई दलानको रूप पनि दिइएको छ । यसको छाना झिँगटीको छ । यसै भऱ्याङबाट राँगो ल्याई दलानमा काटेर त्यहाँबाट त्यस राँगाको रगतलाई तेस्रो तलामा देवीलाई चढाइन्छ । साथै भित्रपट्टिबाट भुइँ तलामा जान पनि एउटा भऱ्याङ हालिएको छ । बाहिरबाट दलानमा राँगो ल्याउनका लागि पाँच फीट फराकिलो ढुङ्गाले बनेको एउटा भऱ्याङ पनि बनाइएको छ । साथै यहाँ घण्टा झुन्ड्याउन दुईवटा थाम पनि राखिएका छन् । हाल घण्टा भने छैन । यस तलामा पूर्वतर्फ दुईवटा, पश्चिमतर्फ दुईबटा, उत्तरतर्फ दुईवटा र दक्षिणतर्फ दुईवटा झ्याल र पश्चिमतर्फ एउटा मूल प्रवेशद्वार छ ।

तेस्रो तलामा तलेजू भवानीको मन्दिर-कोठा छ । यस कोठामा राजा, पुरोहित र पुजारीबाहेक अरूलाई जान नहुने भएकाले यसभित्रको बनोट कस्तो छ भन्न सकिन्न । साथै कोठाभित्र के-कस्ता सामग्रीहरू छन् त्यो पनि भन्न सकिएन तर पुजारीका अनुसार मन्दिरभित्र बडादशैंमा जात्रा गरिने १५।२० वटा खड्गहरू र केही घण्टाहरू छन् । यस तलालाई पनि ६ वटा कोठामा बाँडिएको छ । पूर्वतर्फ दुई कोठा एउटा अगेना कोठा र अर्को बैठक कोठा छन् । पश्चिमतर्फ चारवटा कोठा छन् । जसमा पश्चिम–उत्तर तलेजू भवानीको मूलकोठा त्यो कोठा पनि काठको बारले दुई खण्डमा विभाजित छ । पश्चिम-दक्षिण दशैंकोठा र दशैंकोठा र मूल मन्दिर कोठाको बीचमा एउटा सानो कोठा छ यसलाई भण्डारकोठाका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रूपमा प्रयोग गरिएको छ। यस तलामा पूर्वतर्फ तीनवटा, पश्चिमतर्फ तीनवटा, उत्तरतर्फ दुईवटा र दक्षिणतर्फ दुईवटा झ्याल छन्।

चौथो तला जुन तलामा बार्दली पनि हालिएको छ, यस तलालाई पाँचवटा कोठामा बाँडिएको छ। जसमा पूर्वतर्फ दुईवटा र पश्चिमतर्फ तीनवटा। दुवैतर्फ काठले बारेको वीचको एउटा सानो कोठामा हनुमान लिङ्ग मानी काठको एउटा थाम राखिएको छ। यसलाई मन्दिरको टुप्पासम्म लगिएको छ र यसैको टुप्पामा गजुर राखिएको छ। यस हनुमान लिङ्गलाई दैनिक पूजाआजा गरिन्छ। यस सानो कोठालाई हनुमानस्थान (मन्दिर) पनि भनिन्छ। यस तलामा उत्तर र दक्षिणतर्फ एक एकवटा झ्याल छन्।

पाँचौं तला नै छाना भएको बुईंगल तला हो। यस तलालाई भने एउटै बनाइएको छ र कतै कोठाका रूपमा वारिएको छैन तर पश्चिम–उत्तरतर्फ भने काठले वारेर एउटा सानो 'भुजा कोठा' बनाइएको छ। यस तल्लामा पूर्व र पश्चिम तर्फ तीन तीनवटा र उत्तर र दक्षिणतर्फ दुई दुईवटा झ्याल छन्।

यस प्रकारले वनेको यो पाँचतले भव्य मन्दिरको आजको अवस्था भने ज्यादै नै दयनीय र उपेक्षित भएको देखिन्छ। यस मन्दिरको पूर्व–उत्तर मोहडा सम्पूर्ण चर्किएर, फुटेर कुनै पनि वेला झर्ने अवस्थामा पुगिसकेको छ। यसैगरी यस मन्दिरको सम्पूर्ण जसो प्रत्येक तलाका गाह्राहरू, दलानको झिँगटी-छानोसमेत काम नलाग्ने गरी बिग्रिएको र जहाँ पनि पानी चुहिएर कुनै पनि वेला भत्कन सक्ने अवस्थामा छ। यस मन्दिरलाई जोगाउनु आजको आवश्यकता भइसकेको छ।

यस मन्दिरलाई सामान्य जीर्णोद्धार गरेर अव बचाउन सकिने स्थिति छैन। यसलाई वचाउन जगैसम्म भत्काई पुरानै मल्लकालीन दरवार वास्तुकलामा पुरानै नाप नक्सामा पुरानै र परम्परागत निर्माण सामग्रीहरू प्रयोग गरी पुनः निर्माण गर्नुपर्ने देखिन्छ। यस कार्यका लागि निश्चय नै ठूलो धनराशि खर्च गर्नुपर्ने देखिन्छ। यसका लागि विदेशी दाता राष्ट्रहरू गुहार्नुपर्ला तर पनि धार्मिक आस्था र विश्वास अनि इतिहास र पुरातात्त्विक सम्पदालाई जगेर्ना गर्ने क्रममा आर्थिक भारलाई ध्यान दिनु वा बढी खर्च भयो भन्नु मनासिव ठहर्दैन तर पनि वर्षभरिमा प्रत्येक दिन विहान करीब २०।३० मिनेट जति मात्र पूजा गर्ने समयमा र बडादशैं र वैशाख पूर्णिमामा धामी-भैरवी जात्राको अवसरमा मात्र १५।२० दिन जति खोलिने, चहल- पहल हुने र बाँकी ३५० दिन जति एकदमै वन्द रहने र बेवास्ता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरिने अवस्थामा रहेको यस मन्दिरलाई ठूलो धनराशि खर्च गरेर पुनः निर्माण गरिसकेपछि भने अन्य कुनै उचित प्रयोजनमा ल्याउनु आवश्यक देखिन्छ। यसो गर्नाले त्यसै खाली रहेको ठाउँको सदुपयोग पनि हुने र मन्दिर सफा-सुग्घर र गुल्जार हुने पनि देखिन्छ तर यसो गर्दा ऐतिहासिक र पुरातात्त्विक महत्त्वमा भने दखल हुनु हुँदैन।

मन्दिरसँगै अन्य केही मल्लकालीन धरोहर पनि आसपासमा छरिएर रहेका छन्। मन्दिरको उत्तरतर्फ ८।१० फीटको फासलामा एउटा सानो देवस्थल छ। यहाँ मल्लकालीन ढुङ्गाका बुद्ध, नारायण, शिव-पार्वती, भक्त मूर्ति र त्रिशूल सहितको वसाहा तथा गजुर छन्। यी सबै पुरातात्त्विक वस्तुहरूको पनि उचित संरक्षण हुनुपर्ने देखिन्छ। नत्र हराएर जान कति बेर लाग्ला र। यसै मन्दिरको दक्षिणतर्फ चौरमा एउटा बलि दिने जीर्ण अवस्थाको काठको मौलो पनि छ। यसको पनि संरक्षण हुन सके वेश हुने देखिन्छ।

अन्त्यमा यस्तो पुरातात्त्विक एवं ऐतिहासिक महत्त्वको तलेजू भवानी मन्दिर र दरवारको उचित संरक्षण गरी राख्न सके हाम्रा भावी सन्ततिहरूले आफ्नो इतिहासलाई सचित्र र सजीव देख्न सक्ने थिए भन्ने आशा गर्न सकिन्छ। अस्तु।

सन्दर्भ ग्रन्थ

१) भाषा वंशावली भाग २ – सम्पा. पं. देवीप्रसाद लम्साल।
२) नेपालको मल्लकालीन इतिहास – पेशल दाहाल।
३) नेपाली समाज र संस्कृति (प्राचीन – मध्यकाल) – प्रेमकुमार खत्री।
४) मेचीदेखि महाकाली भाग २ – सूचना विभाग।
५) प्राचीन नेपाल अंक २, १४, ८२ १०४, १०८, १०९, ११४, १२६-२७ – पुरातत्त्व विभाग।
६) मधुपर्क चैत्र २०४७ – गोरखापत्र संस्थान।
७) हनुमानढोका राजदरवार – गौतमवज्र वज्राचार्य।
८) नुवाकोटको ऐतिहासिक रूपरेखा – धनवज्र वज्राचार्य र टेकबहादुर श्रेष्ठ।
९) दोलखाको ऐतिहासिक रूपरेखा – धनवज्र वज्राचार्य र टेकवहादुर श्रेष्ठ।
१०) खोपृङ स्मारिका २०५० अंक २ – भक्तपुर विकास सहयोग संघ।
११) देवमाला (वंशावली) – सम्पा. योगी देवीनाथ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेखालयका केही आयुर्वेदीय ग्रन्थहरू

–डा० काशीराज शर्मा सुवेदी

प्राचीन ज्ञान- विज्ञानको भण्डार अझै पनि पुराना हस्तलिखित पुस्तकहरूमा सुरक्षित रूपमा रहेको छ। त्यो भण्डारमा रहेका सामग्रीमध्ये अधिकांश प्रकाशित (मुद्रित) पुस्तकहरूमा उपलब्ध हुन्छ भने कैयन् महत्त्वपूर्ण कुराहरू अझै पनि अ–प्रकाशित रूपमा हस्तलिखित ग्रन्थहरूमा गुणग्राही पारखीहरूको प्रतीक्षामा रहेका छन्।

मानवीय आवश्यकता असीम र व्यापक भएजस्तै उसलाई आवश्यक ज्ञान पनि असीम हुन जान्छ। सृष्टिकालदेखि नै बीजरूपमा विद्यमान जिज्ञासाको समाधानका लागि भएका निरन्तर प्रयासपछि पनि आजसम्म ज्ञानको पार पाउन सकिएको छैन। मानवलाई आवश्यक ज्ञानराशि पहिले वेदका रूपमा मात्र थियो, पछि त्यसको विस्तार हुँदा चार वेदहरू उपवेदहरू, वेदाङ्गहरू, चौध विद्याहरू, अठार विद्याहरू, चौसट्ठी कलाहरू समेतको विकास भयो। विद्याको विकास क्रममा आजसम्म खोतल्दा हजारौं शाखा-प्रशाखाहरू बनिसकेका छन्। ती सबैको अध्ययन मननको परम्परा आज पनि विद्यमान छ।

त्यही ज्ञानभण्डारअन्तर्गत एउटा महत्त्वपूर्ण शाखा आयुर्वेदका रूपमा प्राचीन कालदेखि नै विद्यमान छ। यसलाई कतै ऋग्वेदको उपवेद, कतै अथर्ववेदको उपाङ्ग कतै पञ्चम वेद पनि भनिन्छ। सारा प्राणीहरूको जीवनको संरक्षण र संवर्धन गर्ने यस विद्याको महत्त्व सर्वविदित छ। यसै भएर यस विद्याको विकासमा प्राचीन महर्षिहरू र आधुनिक वैज्ञानिकहरू सबैले प्रशस्त योगदान गर्दै आएका छन्। यो आयुर्वेद विज्ञान मानव जातिको स्वास्थ्यमा मात्र सीमित रहेन, यस विद्याअन्तर्गत हात्ती, घोडा, चराचुरुङ्गी र वृक्ष वनस्पति समेतको स्वास्थ्यका लागि चिन्तन मनन पछि चिकित्साको प्रक्रियाको थालनी गरियो र हस्त्यायुर्वेद, अश्वायुर्वेद, वृक्षायुर्वेद आदि उपशाखाहरूका ग्रन्थहरूको रचना गरियो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राचीन समयमा हस्तलिखित ग्रन्थहरू नै ज्ञानको सुरक्षा गर्ने एकमात्र साधन थिए। ती वडा परिश्रमले धेरै समय लगाई तयार पारिन्थे र ती ग्रन्थहरूको निकै जतन गरिन्थ्यो। कुनै पनि ज्ञानको विधामा ऐतिहासिक पक्षको अनुशीलन गर्नुपर्दा प्राचीन हस्तलिखित ग्रन्थहरूको अध्ययन अनिवार्य हुन जान्छ। यस्ता हस्तलिखित ग्रन्थहरूको महत्त्व बुझी सारा संस्कृत वाङमयका हस्तलिखित ग्रन्थहरूको सूची विभिन्न संस्थाहरूले प्रकाशित गरेका थिए। तीमध्ये कैटलागस, कैटलागस, रायल एशियाटिक सोसाइटीबाट प्रकाशित सूची, वाराणसीमा राजकीय संस्कृत महाविद्यालयको हस्तलिखित ग्रन्थसूची र नेपालमा वीर पुस्तकालयको हस्तलिखित ग्रन्थसूचीलाई उदाहरणका रूपमा लिन सकिन्छ।

वीर पुस्तकालयका सारा हस्तलिखित ग्रन्थहरू राष्ट्रिय अभिलेखालयको स्थापना भएपछि त्यसैमा आजसम्म सुरक्षित भइराखेका छन्। यहाँ भएका प्रमुख आयुर्वेदीय हस्तलिखित ग्रन्थहरूमध्ये काश्यपसंहिता, सुश्रुतनिघण्टु आदि निकै महत्त्वपूर्ण छन्। तीमध्ये काश्यपसंहिताको प्रकाशन हेडगुरु श्री पं. हेमराज शर्माको विद्वत्तापूर्ण उपोद्‌घातका साथ श्री यादव त्रिकमजी आचार्य र श्री सोमनाथ सिग्द्यालले वि. सं. १९९४ मा गर्नुभएको थियो– जसमा नेपाली विद्वत्समाजको प्रतिष्ठा निकै बढेको थियो। सितिमिति नेपाली विद्वान्‌को नाम देखाउन नखोज्नेहरूले पनि त्यस काश्यपसंहिताको चर्चा गर्दा बाध्य भएर नेपालका हेडगुरुको नाम संझन थालेका थिए। यहाँ अझै १५-२० वटा आयुर्वेदसम्बन्धी दुर्लभ ग्रन्थहरू छन्, जसको राम्रो सम्पादन र प्रकाशन गरिएमा नेपालको गौरव अझ बढ्नेछ।

प्रस्तुत लेखमा राष्ट्रिय अभिलेखालयमा सुरक्षित ६ वटा आयुर्वेदसम्वन्धी हस्तलिखित ग्रन्थहरूको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ।

१. अनुपानमञ्जरी

आयुर्वेदको सामान्य परिभाषाअन्तर्गत कुनै ठोस खाद्य पदार्थ खाएपछि प्रयोग गरिने पानी, दूध आदि तरल पदार्थलाई अनुपान भनिन्छ। त्यसरी अनुपानको प्रयोग गर्दा पहिले खाइएको कुरा पच्नमा सहायता मिल्छ र त्यसमा नपुग भएको शरीरलाई आवश्यक तत्त्व उपलब्ध हुन्छ। केही अनुपानहरू सेवन गरिएको खाद्य पदार्थबाट हुन सक्ने नराम्रो असरलाई रोक्ने पनि हुन सक्छन्।

राष्ट्रिय अभिलेखालयको चतुर्थ लगत संख्या ३१०८ मा दर्ता भएको अनुपानमञ्जरीमा जम्मा ८ पत्र रहेका छन्। यो ग्रन्थ अरू आयुर्वेदका ग्रन्थहरूबाट विषय-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वस्तुको चयन गरी संग्रहको रूपमा लेखिएको बुझिन्छ । यस ग्रन्थमा लेखकको नाम र रचनाकालको कुनै उल्लेख छैन । ग्रन्थको भाषा धेरै ठाउँमा अशुद्ध भएको छ । तर मूल विषयवस्तुको प्रतिपादन सरल उदाहरणहरूद्वारा राम्रो बनाइएको छ ।

यस ग्रन्थमा विषयवस्तुको वर्गीकरण चार प्रकरणमा गरिएको छ । ती प्रत्येक प्रकरणको प्रथम समुद्देश, द्वितीय समुद्देश आदि नाम अङ्कित छ । यो ग्रन्थ पूर्ण छ । यसको पहिलो समुद्देशमा सुन, चाँदी, तामा आदि धातुहरू शोधन र मारण नगरी त्यसै सेवन गरिएमा हुन सक्ने दोषहरूको निवारणका लागि उपयोगी द्रव्य-हरूको वर्णन गरिएको छ ।[१] दोस्रो समुद्देशमा पारद, गन्धक, तुथो आदि उपधातु-हरूको सेवनबाट उत्पन्न हुने रोगहरूको निवारणको उपायको वर्णन गरिएको छ ।[२] तेस्रो समुद्देशमा स्थावर विष अर्थात् विषालु वनस्पतिहरूको सेवन गर्दा उत्पन्न हुने नराम्रा असरहरू निको पार्ने द्रव्यहरूको वर्णन गरिएको छ ।[३] चौथो समुद्देशमा जङ्गम विष अर्थात् विषालु जन्तुहरूको टोकाइबाट शरीरमा देखिने नराम्रो असर-लाई हटाउने द्रव्यहरूको वर्णन गरिएको छ ।[४]

२. अमृतमञ्जरी

यो ग्रन्थ राष्ट्रिय अभिलेखालयको लगत संख्या च. १६६१ अन्तर्गत सुरक्षित छ । यसका लेखकको नाम ग्रन्थको अन्त्यमा रहेको पुष्पिकाअनुसार काशिराज हो भन्ने कुरा स्पष्ट हुन्छ–

> **"अत्राद्यपद्यद्वयतस्तु सर्वाण्यथाञ्चि पद्यान्यनवद्यविद्यः ।**
> **श्रीकाशिराजः स्मृतये शिशूनामार्षैर्वचोभिर्विचितैर्व्यतानीत् ।।"**

अर्थात् यस ग्रन्थमा शुरुका दुई श्लोकदेखि अन्त्यसम्मका सबै पद्यहरू निर्दोष (अर्थात् सन्देह-भ्रमरहित) विद्याका धनी काशिराजले बालकहरूलाई सम्झन सजिलो होस् भन्ने उद्देश्यले ऋषिमुनिहरूको वचनहरू सँगाली रचना गरिएका हुन् ।

यस पुस्तकमा रचनाकालको उल्लेख पाइएको छैन । यसमा विभिन्न छन्द-हरूमा लेखिएका ४० श्लोकहरू छन् । यसको विषय अनेक किसिमका खाद्य पदार्थ-हरू नपचेको अवस्थामा अपचबाट हुने नराम्रो असर निको पार्ने उपायहरूको वर्णन हो ।

३. अष्टवर्गः-

यस ग्रन्थको लगत संख्या च २२९३ छ । यो नेवारी लिपिमा लेखिएको छ । आयुर्वेदमा अष्टवर्ग भन्नाले जीवक, ऋषभक, मेदा, महामेदा, ऋद्धि, वृद्धि, काकोली

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र क्षीरकाकोली यी वनौषधिहरूको वोध हुन्छ। तर प्रस्तुत अष्टवर्ग नामक ग्रन्थमा कैयन् वनस्पतिहरूको चित्रसहित वर्णन गरिएको छ। यो ग्रन्थ आयुर्वेदको वनस्पति विज्ञान र चित्रकला दुवै पक्षमा महत्त्वपूर्ण छ।

४. उपवनविनोदः–

यो पुस्तक अभिलेखालयको च. ल. सं. ८६६ अन्तर्गत सुरक्षित छ। यो पुस्तक वृक्षायुर्वेदसँग सम्वन्धित छ। यसका रचयिता शारङ्गधर नामक विद्वान् हुन् भन्ने तथ्य ग्रन्थको अन्त्यमा रहेको पुष्पिकाबाट अवगत हुन्छ। यस ग्रन्थको लिपि उतार्ने व्यक्ति चिरञ्जीवी शर्मा पौड्याल र लिपिकाल १९६० वि. सं. वैशाख वदी २ रोज ७ हुन् भन्ने तथ्य पनि अन्त्यमा उल्लिखित वाक्यबाट थाहा पाइन्छ।

यो ग्रन्थ राम्रा अक्षरहरूमा शुद्ध लेखिएको छ। यस ग्रन्थमा उपवन अर्थात् वगैंचाको महत्त्व, वृक्षरोपणको धार्मिक महत्त्व, रुखहरू रोप्दा हुने राम्रो अथवा नराम्रो फलको कारण, रुख रोप्न लायकको जमीन, रुखको बीजको व्यवस्था, रुखहरू रोप्ने, तिनीहरूको रक्षा गर्ने, तिनीहरूमा पानी दिने विधि, बगैंचा बनाउने काम, वगैंचाको हेरचाह, रोगी रुखबिरुवाहरूको उपचार, तिनीहरूलाई सिंगार्ने विधि आदि विषयहरूको रोचक वर्णन पाइन्छ।

यस ग्रन्थको आवरणपत्रमा नेपाली भाषामा लेखिएका परोपकारको महिमा-सम्वन्धी निकै राम्रा पद्य छन्–

"जो जो आफू गर्दछन् काम जस्ता तस्तै काम्ले मात्र हुन्छन् ति खुश् ता
इश्वर् सब्को ती भलाई त गर्छन् तस्तै काम्ले मात्र सारै ति खुश् छन्।
परोपकार् गर्नु रहेछ उम्दा हुन्छन् ति खुश् यश् पनि मिल्छ ज्यादा ॥

यी पद्यहरूले लिपिकर्ता स्वयं कवि भएको स्पष्ट बुझिन्छ। मूल ग्रन्थ प्राचीन समयमा रुखविरुवाको हेरचाहको विषयमा निकै महत्त्वपूर्ण छ।

५. उपवनविनोदः–

उपवनविनोद नामक अर्को ग्रन्थ पनि यहाँ लगत संख्या दो. १९२ अन्तर्गत सुरक्षित छ। यस पुस्तकमा ३७ पत्रसम्म उपवनविनोद र त्यसपछि तडागादिदान-महिमाको विषय दानप्रकाश ग्रन्थबाट उतार गरिएको बुझिन्छ। यसमा नेपाली भाषामा मूलको अर्थ पनि लेखिएको छ, यही यस ग्रन्थको विशेषता हो। तर अनु-वादकको नामको उल्लेख पाइन्न।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. आयुर्वेदविज्ञानम्:–

अभिलेखालयको च. ल. सं. २९०० अन्तर्गत सुरक्षित यो ग्रन्थ संस्कृतभाषा र देवनागरी लिपिमा लेखिएको छ। यस ग्रन्थको रचयिताको नामको उल्लेख पाइएको छैन। अन्तिम पत्रको पुछारमा अथ हरितालशोधनम् लेखिएको हुंदा यो ग्रन्थ अपूर्ण रहेको बुझिन्छ।

यस ग्रन्थको प्रतिपाद्य विषय आयुर्वेदअन्तर्गत रसशास्त्रसँग सम्बन्धित छ। ग्रन्थको प्रारम्भमा ग्रन्थकारले रसराज अर्थात् पारदका संस्कारहरूको प्रतिपादन गर्ने प्रतिज्ञा गरेका छन्। संक्षेपमा आफूले अनुभव गरेको रसशास्त्रसम्वन्धी विषयको वर्णन गर्नु नै ग्रन्थकारको उद्देश्य रहेको बुझिन्छ। यसमा औषधिहरूको नामको हिन्दी भाषामा समानार्थक शब्द पनि लेखिएको छ।

सन्दर्भ विवरण–

१. "इत्यनुपानमञ्जर्यां धातुविकार शान्तिप्रकरणं नाम प्रथमः समुद्देशः।"
पत्र सं. २ क

२. "खदिरोद्भवं गोपयसा सितायुक्ता तथैव च।
य: सेवयेद् याममेकं मल्लविकृतिशान्तिकृत्।"
पत्र सं. ३ ख

"इति अनुपानमञ्जर्यां उपधातुविकार शान्तिप्रकरणं नाम द्वितीयः समुद्देशः।"
पत्र सं. ४ क

३. "इत्यनुपानमञ्जर्यां स्थावरविषोपशान्तिप्रकरणं नाम तृतीयः समुद्देशः।"
पत्र सं. ५ ख

४. "इत्यनुपानमञ्जर्यां जङ्गमविषशान्तिप्रकरणं नाम चतुर्थः समुद्देशः।"
पत्र सं. ८ ख

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाटू पाध्याले चिताई गर्ने बोगटीपौवाको ताम्रपत्र

–डा० राजाराम सुवेदी

धवलागिरि अञ्चल म्याग्दी जिल्लाको राखू भन्ने गाउँमा एउटा ताम्रपत्र छ । राखू गाउँ प्राचीनकालवाटै तराई र भोटमार्गमा पर्नुका साथै पावन तीर्थस्थल कागबेनी र मुक्तिक्षेत्रको वाटैमा पर्दछ । पहिलेदेखि राखू विर्ता क्षेत्र मानिन्छ, जहाँ मुक्तिनाथका पुजारीहरू बसोबास गर्छन् । मुस्ताङ र म्याग्दी क्षेत्र उत्तरप्राचीनकालदेखि जुम्लाको अधीनमा थियो । जुम्ला क्षेत्रका मल्ल (जसलाई खस पनि भनिन्छ) शासकहरूले मुक्तिनाथको मूलमन्दिर जीर्णोद्धार गरेका थिए । त्यहाँका पुजारीका रूपमा बझाङ चैनपुरदेखि ४ माइल पश्चिम सुन्तडीज्यूलो सुवेडा आलोमा सुनफूलां ताम्रपत्र पाई वसेका भट्ट थर भएका ब्राह्मणमा भाइलाई जुम्ली राजाले राखूमा बिर्ता दिई मुक्तिनाथ गाथको पूजा गर्ने काममा खटाएका थिए भनी रजवार झरेन्द्रनारायण जोशी भन्दैछन् । जुम्ली राजाले भाइलाई राखू पठाए पनि दुई दाजुभाइ मिलेर राखू आए । कुन ठाउँमा बस्ती वसे खोलो, पहिरो, तस्कर नलाग्ला भनी जाँच गरेर वस्नुपर्दा गलेश्वरको राजघाट भन्ने ठाउँमा स्नान गर्न गए । संयोगले त्यो दिन महोदधि बगेको रहेछ र एक भाइले आफ्नो कम्मरको चक्कू चाक्लो ढुङ्गाको बीचैमा गाडेर छोडे । भोलिपल्ट ढोरठानका राजाले त्यही घाटमा नुहाउन जाँदा चक्कू ढुङ्गाको बीचमा गढेको देखी त्यस मानिसको खोजी गर्न लगाए । प्रत्येक ७५ वर्षका अक्षय तृतीयामा महोदधि बग्ने र त्यो बेलामा शिला नौनी बराबर कोमल हुनाले विचार गर्न चक्कू गाडेको कुरा राजाले आफ्ना पुरोहितबाट चाल पाए । राजाले चक्कू गाड्ने भट्ट भाइलाई खुसी भई तीनमाने खेत विर्ता दिए । त्यो तीनमाने बिर्तामा उनैका सन्तानले भोगी चर्ची वसेका छन् ।

जुम्लाका राजगुरु कुशाभट्टले सूर्यस्तोत्रद्वारा औंसीलाई पनि पूर्णिमा गराएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लोककथा त्यता सुनिंदै छ । ती दुवै भाइ कुशाभट्टका सन्तति हुँदा एक भाइ राखू वस्नु इज्जतकै कुरा थियो । मुक्तिनाथमा नर्सिङ गुम्बा जुम्ली खस राजाले स्थापना गरेर लामाको व्यवस्था गरेका थिए । जुम्लामा कल्याल शासन स्थापनापछि सो गुम्बा लामाकै अधीन आयो र मुक्तिनाथमा पनि उनीहरूले अधिकार गर्न खोजे । पर्वतका राजा मलैबम्मका पालामा जुम्ला कल्याल राजा सुर्ति शाहीले मुस्ताङमा आक्रमण गरी राजालाई कागबेनीमा थुने । पर्वतका राजाले त्यहीं आक्रमण गरी जुम्ली राजालाई हराएर मुस्ताङ पर्वतको प्रभावमा पारे ।[१] त्यही बेला सतहूँ अन्तर्गतको झादी खोलाकोट थुप्रेकका भूरे राजावाट यज्ञ गर्दा भट्टका सन्तान सद्दरपाध्याले अग्निहोत्र पढी अरणिमन्थनविधिवाट अग्निस्थापना गरेबापत झादीमा बिर्ता पाई बसे । सद्दरपाध्याभन्दा जेठाका सन्तान राखू, पूला, तीनमाने, झादी, ठूलीपोखरी, थन्थाप, बलेवा वाग्लुङ र मल्लाजमा उनीहरूको ठूलो बस्ती बस्यो । राखूमा बस्ने भट्टका सन्तति नन्दुराम पाध्या भए, जसलाई लाटू पाध्या पनि भनियो । उनै लाटू पाध्याले राखूको वगैचा र पौवाको चिताइदार भई काम गर्ने ताम्रपत्र र अख्तियार पाएका थिए ।[२]

हिन्दूहरूको तीर्थस्थल मुक्तिनाथ जाने (बाटो हिंड्ने) यात्रीहरूलाई सुविधा पुऱ्याउने उद्देश्यले ठाउँ ठाउँमा पाटी, पौवा, वगैंचा वनाउने परम्परा थियो । त्यस्ता काममा श्री ५ रणबहादुर शाहकी माहिली रानी सुवर्णप्रभादेवी रुचि राख्तथिन् । उनले मुक्तिनाथमा निर्माण गरेको पौवालाई आजकल "महारानी घ्याङ भनिन्छ । त्यहाँ योगी, वैरागी, सन्त, फकीर फकेडा, नङ्गा, अघोरी, कनफट्टा, भुइँफुट्टा र तीर्थालुहरू बस्न पाउँछन् । हालको मुक्तिनाथ मन्दिर मूलद्वार बायाँतर्फ स्थित शिलापत्र प्रकाशमा आएको छ ।[३] राजा, रानी र राजपरिवारले धार्मिक संस्था, परोपकारका काममा रुचि लिइदिंदा जनतालाई पनि त्यस्तै नकल गर्ने इच्छा उत्पन्न हुन्छ । त्यही परिप्रेक्ष्यमा राखूको वोगटीपौवा नमूनाका रूपमा लिन सकिन्छ । राखूको बोगटीपौवा अर्घाखाँची वल्कोटको पौवासँग, केही हदसम्म, तुलना गर्न सकिन्छ ।

म्याग्दी जिल्ला रत्नेचौरनिवासी वसन्तबोगटी क्षत्री नामक व्यक्तिले रहूगण-गङ्गा तथा शालिग्रामा नदी कालीको दोभान पर्ने गरी उत्तर दक्षिण मूलबाटोमा एउटा कलापूर्ण पौवाको निर्माण गरे । उनले सो पौवा स्थायी रूपमा पछिसम्म रहोस् भनी श्री ५ रणबहादुर शाहसँग लालमोहर गराई डिही बगैंचाको पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

व्यवस्था गर्ने अनुमति पाए । सो लालमोहरमा निज वसन्तबोगटी क्षत्रीले पर्वतको अम्वलमध्ये राखू भन्ने ठाउँको पूर्व राताभीरको डाँडो, दक्षिण शालिग्रामा नदी र रहूगङ्गा, पश्चिम पिपलको रूख, उत्तर दोबाटोको ढुङ्गो यति चार किल्लाभित्रको जग्गा श्री मुक्तिनाथको तीर्थाटन गर्न जाने बाटैमा पौवा बनाई त्यसको वरिपरि बगैंचा लगाउने कुरा उल्लेख थियो । त्यो लालमोहर वि. सं. १८६१ ताका भएको अनुमान गरिएको छ ।

श्री ५ रणबहादुर शाहद्वारा प्राप्त उपर्युक्त लालमोहर तथा त्यो पाउने वसन्त बोगटी क्षत्रीको विन्तीपत्रअनुसार वि. सं. १८६६ मा श्री ५ गीर्वाणयुद्ध विक्रम शाहदेवले खिची निजका नाउँमा ताम्रपत्र गरेको कुरा बेहोराबाट थाहा पाइन्छ । लालमोहरमा उल्लेख भएभन्दा पनि बढी जमीन बगैंचाका निम्ति छुट्याई ताम्रपत्र गरिएको र त्यसको चिताइदारको पनि व्यवस्था भयो । त्यो ताम्रपत्रमा लाल-मोहरका चार किल्ला उल्लेख गरी जमीन थप भएको क्षेत्रफल पनि उत्कीर्ण गरिएको थियो । ताम्रपत्रको पाठ पढ्दा त्यहाँ १७८ मुरी माटो रहेको र त्यसको आयस्ताबाट सदावर्त चलाई बचेको चिताइदारले जीविका चलाउनू भन्ने कुरा स्पष्ट बुझिन्छ । त्यसमा थपिएको जमीनमध्ये मोहरियाको बाँझो १०३ मुरी, बिरा-उनो उपल्लो कुभेण्डे ५ मुरी, तल्लो कुभेण्डे १० मुरी, बालमडाँडो २० मुरी, ज्यामरुकको नाउलो ४० मुरी गर्दा जम्मा १७८ मुरी माटोको वसन्तबोगटीले पानफूल भनी ६०० रुपैयाँ श्री ५ मा चढाएबापत् सदावर्तगुठीको ताम्रपत्र गरिएको बेहोरा पनि खुलस्त छ । सो जमीनको आम्दानी खर्च मिलाउन लाटू पाध्यालाई चिताइदार पदमा राखिएको पनि ताम्रपत्रमा छ । हाल पनि त्यो पौवाको चिताई उनैका सन्तानलाई भएकाले त्यो वंशको नामावली पनि टिपोट गरिएको छ ।[४] सो ताम्रपत्रमा उल्लेख परेको जमीन र पौवामा लोभ लालचा गरे कोपदृष्टि हुने कुरा र मान्यता गरी थमौती गर्नेलाई महायज्ञको फल मिल्ला भनेको छ । ताम्रपत्रको लम्बाइ १३'' चौडाइ ८'' रहेको जम्मा १८ पंक्ति पाठ छ ।[५]

म्याग्दी रत्नेचौरबाट म्याग्दी बेनीबजारमा बस्ती बसाइँ गएका ओमबहादुर बोगटीका घरमा रहेको ताम्रपत्रमा उल्लेख गरेको जमीन न नापी नै भएको छ, न गुठी संस्थानले जिम्मा लिएको छ । सदावर्तको चिताई र पौवाको रेखदेख गर्ने लाटू पाध्याका सन्तान घटेकाले आजकल उनको जीविका नचल्ने भएको छ । दक्षिणतिर फर्केको बोगटीपौवा दुईतले, माटो ढुङ्गो जडान गरेको गारो, ६ वटा झ्याल, चार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ढोका, भुइँतला खुला, झिगटीको छाना भएको थियो। त्यसको तुलना पोखरा भीमकाली पाटनको पण्डित पौवासँग गर्न सकिन्छ तर पण्डितपौवा हाल हराउन गयो भने बल्कोटको पौवा र राखूको पौवा यथावतै छन्। वि. सं. २०४४ मा बोगटीपौवाको जीर्णोद्धार गर्न नसक्ता चुहिन थालेको थियो।[६]

पछि बोगटीपौवाको उत्तरी छाना खसेको र दक्षिणी पाखोबाट वर्षाको पानी नराम्ररी चुहिएर काठपात कुहिन थाले। आजकल पनि सो पौवा बस्न लायकको छैन।

राखूको पौवा निर्माण गर्ने वसन्तबोगटीको पुस्तावली हेर्दा सेती अञ्चल डोटी जिल्ला सदरमुकाम सिलगढीबाट पूर्व दक्षिणतर्फको गाउँ बोगटानबाट बसाइँ सर्दै रत्नेचौर म्याग्दी पुगेको कुरा थाहा पाइन्छ। उनीहरू आफूलाई चन्द्रवंशीय (सोमवंशी) भन्दछन्। त्यो बोगटीवंश रघुवंशसँग आफ्नो सम्वन्ध देखाउँछ र डोटेल राजवंशसँग बोगटीको विवाह सम्बन्ध पनि छ।[७] डोटी रैकाराजा र कल्याल राजखानसँग बसाइँ सर्दै पर्वत राज्यअन्तर्गत बसोवास गर्ने बोगटी क्षत्रीहरू कुनै समयमा शक्तिशाली भारदार पनि थिए। पछि खड्का क्षत्रीसँग बिहा सम्वन्ध गरी उनीहरू पर्वते राजाका आठपहरिया भएको कुरा लोक इतिहासबाट थाहा पाइन्छ। त्यही बोगटीवंशमा रेवती बोगटीका छोरा वसन्त बोगटीले नेपालको एकीकरण कार्यमा पुरुषार्थ गरेर नाम कमाए। आफू बूढो भएकाले पछिको पुस्ताले संझना राखोस् भनी आफ्ना बाहुवलले आर्जेको जमीन बगैंचा बनाई आफ्नै खर्चबाट एक पौवाको निर्माण गरेको कुरा त्यही वंशका सन्ततिहरूबाट जानकारी हुन्छ। वि. सं. २०४० मा त्यहाँको जमीनलाई रैकर गराई बिक्री वितरण गर्ने योजना बोगटीका केही वंशजले गरे र मुद्दा परेको छ।[८]

राखूको बोगटीपौवामा चिताइवाला लाटू पाध्याले राम्रो प्रभाव छोडेकाले उनका सन्ततिले पनि त्यही पेशा गर्न थाले। तर आजकाल त्यो परिवार विपन्नावस्थामा पुगेको बुझिन्छ। जे भए पनि, हामीभन्दा पुरानो पुस्ता मानवतावाद र शान्तिमा अगाडि रहेको स्पष्ट हुन्छ। अर्काका भलाइमा आफ्नो कमाइ लगाउने मानिस पहिले प्रशस्त रहेछन् भन्ने उदाहरण हाम्रा सामु छन्। त्यही उदाहरण प्रस्तुत बोगटीपौवाले दिन सक्तछ।

प्रस्तुत ताम्रपत्र अशुद्ध रूपमा प्रकाशित भएको हुँदा त्यसको शुद्ध पाठ तथा ताम्रपत्र पाउने वसन्त बोगटीको पुस्तावली यहाँ प्रस्तुत गरिन्छ।[९]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ताम्रपत्रको मूलपाठ

श्री दुर्गासहाय । १

श्री मुक्तिनाथ १

श्री बुबाज्यू २

१) स्वस्ति श्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावलि विराजमान मानोन्नत

२) श्रीमन्महाराजधिराज श्रीश्रीश्री महाराजे गृवाणयुद्धविक्रम शाह बाहादुर शंशेर जंगदेवाना

३) म्. सदासमर विजयिनाम्– – – – – – – – – – – –

४) आगे वसन्त वोगटिके पर्वतको अम्वल राषु पूर्व राताभिरको डाडो दषिन सालिकग्रामि राहूगाड

५) पश्चिम पिपलको रूख उत्तर दोवाटो ढुङ्गा यति चार किल्ला भित्रको जगा – –१– – जान्या रस्तामा पौवा व

६) नाउनु वघैंचा बनाई आंप. सुन्तला. दारिम. कटहर. विविरा. केरा लगाउनु जोगि सन्यासि वैरागि

७) लाइ षानदिन् भनि श्री – –२– –वाट मोहोर गरिववसन् भयाको रहेछ. तेहि मोहोरको सहि थापि पछि

८) हामिले पनि त्यो पौवा वघैंचाको सम्मार वेरामिभेष निमित्य सदवर्तकन महभिरको वाभो मु

९) रि यक्सय तिन १०३ विह्लाउन उपल्लो कुभिन्ड्या मुरि ५ तल्लो मुरि १० वालम डाडो मुरि २० जामरूक्

१०) को नाउलो मुरि ४० ज्मामुरि यक्सय अठहत्तर ग्रेतिजगाको पान फुल रूपैयाँ ६०० लि गुठिराषि व

११) क्स्याको हो. आज तेहि सहियामि गुठिको मोहोर तावापत्र गरिवक्स्यौं. यस्मा लोभानि पापानि गरि ह

१२) र्नामा जो पस्ला तस्लाइ– –१– –को कोप कुदृष्टि होला. महापातक् लागला यो धर्म जो थाम्नामा पस्ला तस्ला

१३) ई महाजग्यको पुण्य र – –१– – को कृपा सुदृष्टि होला. यस गुठिको चिताई लाटूपाध्याका सं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१४) तानले गर्नु. षोसमोस नगर्नु. गरिवक्स्यौं आफ्ना षातिरजामासंग भेपको टहलगरि वाकि

१५) शेष रह्याको भोग्य गर. इति सम्वत् १८६६ सालमिति आश्विन सुदि २ रोज ३ शुभम् — — — — — — — — — — — — — —

उपर्युक्त ताम्रपत्र म्याग्दी जिल्लाको सदरमुकाम बेनीवजार निवासी ओमबहादुर बोगटीको संकलनमा छ। यसको स्रोत वताएर आफैं पुगी लिथो नक्कल लिन सहयोग पुऱ्याउनेमा श्री पृथवहादुर के. सी. तथा श्री राजेन्द्र आचार्य हुनुहुन्छ।

टिप्पणीहरू

१) Ram Niwas Pandey, Some Aspects of History and Culture of Western Nepal, (Kathmandu: Unpublished Ph. D. thesis 1983 A. D.) PP. 294–5.

२) वि. सं. १९६५ मा जन्मेका बोगटीपौवाका चिताइदार देवीप्रसाद उपाध्यायको भनाइका आधारमा।

३) धनवज्र वज्राचार्य र टेकब. श्रेष्ठ, शाहकालका अभिलेख (काठमाडौं: नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०३७), पृष्ठ ४२३–२६।

४) लाटू अर्थात् नन्दुराम पाध्याको वंशावली यस प्रकार छ: (६६ पृष्ठमा हेर्नुहोस्)

५) वज्राचार्य, पूर्ववत्, टिप्पणी ३, पृष्ठ ४६९–७१।

६) हालमा त्यो पौवा पूरै भत्केकाले त्यसको कलापक्षको अध्ययन गर्ने काम अधुरै रह्यो।

७) योगी नरहरिनाथ, इतिहास प्रकाश, अंक २ भाग १ (काठमाडौं: इतिहास प्रकाशक संघ, २०१३) पृष्ठ ३३८–९।

८) त्यो पौवा बगैंचा विक्री भएको र ओमबहादुर बोगटीले रोक्का गर्न अदालत धाइरहेको कुरा पनि उहाँबाट भ्रमणको समयमा थाहा भयो।

९) वसन्त क्षत्रीको एक हाँगो झल्किने पुस्तावली:

रेवन्त बोगटी

वसन्त बोगटी (वि. सं. १८६६ मा ८४ वर्ष पुगेका)

शान्तकाजी बोगटी

शूरवीर ,,

बाजवर्ण ,,

कृष्णवीर ,,

इमानसिंह ,,

ओमबहादुर बोगटी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्ष्मीनारायणको शिलालेख

—ऐश्वर्यधर शर्मा

विषयवस्तुः

पाटन, वलाटोलको मूलबाटोछेउको ढुङ्गे मन्दिरको पश्चिमपट्टिको बाहिरी भित्तामा यो लक्ष्मीनारायणको शिलालेख रहेको छ। संस्कृत पद्य र अलिकता अंश नेपाल भाषामा पेटबोली समावेश भएको नेपाल लिपिको यो शिलालेख मल्लकालीन हो र यसमा नेपाल संवत् ८४७ कुँदिएको छ। यसमा अक्षरहरू प्रायः स्पष्ट अङ्कित छन्।

यस अभिलेखमा राज्याश्रय पाएका न्यायका पक्का पक्षधर साहित्यकार हरिवंश शर्माको व्यक्तित्व र कृतित्वको झलक वर्णित छ। यसमा उनले 'रुक्मिणी–हरण' नामक काव्य एवं मयूरकविप्रणीत 'सूर्यशतक' नामक काव्यको टीका रचेको चर्चा पनि छ। यसका अतिरिक्त उनका अन्य फुटकर रचनाहरूको चर्चा पनि परेको छ।[1] कवि, साहित्यकार, टीकाकार तथा कोशकारका रूपमा प्रख्यात हरिवंश शर्मा स्थापित लेखक थिए। यिनले भाषिक दृष्टिले अति महत्त्वपूर्ण कोशग्रन्थ 'नाममाला' रचेका छन्।[2]

हरिवंश शर्मा गर्गगोत्री ब्राह्मण थिए। यिनी शास्त्र, पुराण, कोश, व्याकरण, साहित्य, वेद, उपनिषद्, तन्त्र आदिका ज्ञाता थिए। यिनी वलाटोलको महादेव-प्राङ्गणका विप्रखलकबीच अद्वितीय साधु, सरल तथा दयालु स्वभावका थिए।[3]

---

१) ऐश्वर्यधर शर्मा– 'स्वस्थानी' नामक कृतिको परिशिष्टको १४४–१४५ पृष्ठमा हरिवंश शर्मा रचित 'देवीपञ्चचामरस्तोत्र' हेर्नुहोस्।

२) उक्त रोचक ग्रन्थ जर्मन रिसर्च सेन्टरबाट छिटै प्रकाशित हुने जानकारीमा आएको छ। सो ग्रन्थ डेढ दशकदेखि स्थापित र विख्यात सो शोधसंस्थामा मुद्राराक्षसको मुसाउरोभित्र अवस्थित थियो।

३) ऐश्वर्यधर शर्मा– 'पाटनका राजा श्रीनिवास मल्लको तमसूकको नक्कल' 'समीक्षा' साप्ताहिक २०४६, श्रावण २०, संख्या १०१२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हरिवंश शर्माका छोरा राजगुरु परशुराम शर्मा थिए।[४] परशुरामकी धर्मपत्नी शिवदेवीको गर्भबाट लक्ष्मीनारायण शर्मा जन्मेका हुन्। यिनी पनि कुशल कलाकार थिए। यिनी सुसम्पन्न भएकाले दीन–दु:खीको उद्धारकार्यमा निरन्तर लागिरहन्थे। यिनी सत् शास्त्रका मूलभूत विषयका पक्का पक्षपाती थिए।

यिनले नेपाल संवत् ८४७ (वि. सं. १७८४) मा कलात्मक प्रस्तर मन्दिर निर्माण गरी सुनको गजुरसहित विष्णुको सुन्दरतम मूर्ति थापे। त्यहाँ उनले राजाको पनि सवारी गराए। साथै उनले सो मन्दिरको नित्य-नैमित्तिक पूजा सञ्चालन गर्न गुठी जग्गा पनि राखे। यी कुराहरू सो शिलापत्रमा उल्लेख भएका छन्। विशेष जानकारीका लागि सो शिलापत्रमा कुँदिएका मूलपाठको उतार यहाँ दुरुस्त दिइन्छ। त्यसमा कोष्ठक ( ) भित्र संख्या दिइएको छ र त्यस संख्याले त्यस शिलालेखको मूलपाठको पंक्तिसंख्यालाई जनाउँछ। साथै त्यसको नेपाली अनुवाद पनि दिनु उपयुक्त सम्झेर त्यो पनि यहाँ दिइएको छ।

मूलपाठ

(१) ॐ नमः श्रीकृष्णाय ॥
भूभारभूताखिलदैत्यहन्ता
कर्त्ता त्रिलोकस्य च तस्य गोप्ता।
यो गो (२) पिका नेत्र चकोरचन्द्रः
कृत्स्नं स कृष्णो दुरितं दुनोतु ॥
१
स भीष्मजायाहरणाभिधानं
काव्यं तथा (३) सूर्य्यशतस्य टीकां।
अचीकरच्छ्रीहरिवंशशर्म्मा
बभूव वाल्मीकिमिवापरोसौ ॥
२

४) ऐश्वर्यधर शर्मा– 'पाटनका देवब्राह्मणहरूसित सम्बद्ध तीनवटा अभिलेख' जर्नल अफ दि नेपाल रिसर्च सेन्टर, भाग १, पृष्ठ १३४, अभिलेख संख्या २।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गायत्रीमन्त्रजापाज्जनितसु (४) कविताशवितताक्लृप्तचित्तः
श्रीकृष्णभक्तियुक्तः कुलकुमुदवनश्रेणिजैवातृकासौ ।
यश्चक्रे श्लोकगीतान्यतिललितपदाने (५) कभावा विचित्रा
न्याय्यो नैपालकानां कविरमलमती राजमान्यो रराज ।।

३

तत्पुत्रो भूरिकीर्त्तिर्ज्जनविदितगुणः शास्त्रवेत्ताग्निहो (६) त्र
आसीच्छ्रीपर्शुरामा नटरचनपटुर्न्नर्त्तकान्मर्त्यकण्ठे (?)
नृत्ये रामायनाख्ये कपिनिभकलिता तुंग उप्लावयोन्यो
(७) मार्द्दङ्गं वादयन्वै जगदतिधवलं कीर्त्तिचन्द्रेण तेन ।।

४

शिवदेवीति नाम्नाभूत्तस्य पत्नी पतिव्रता ।
चारुचित्ता पवित्रा (८) सा कश्यपस्यादितिर्य्यथा ।।

५

तस्यां जातोथ तस्माद्विबुधजनगणैः कीर्त्तितानेककीर्त्ति-
र्द्दीनोद्धारैकतारो जपयजन (९) रतो वेदविद्वित्तबान्यः ।
लक्ष्मीनारायणोभून्नटकमलवनोद्योतनोद्दीप्तभानु-
र्गाने रागे मृदंगे जगति निरुपमो (१०) विष्णुभक्त्यैकनिष्ठ ः।।

६

तस्यापि भार्य्या कमलेव विष्णो-
र्य्या लक्ष्मिरिति प्रथिता पृथिव्यां ।
आसीत्सुशीला पतिधर्म्मनिष्ठा
पतिव्रता (११) चारवती गरिष्ठा ।। ।।

७

याते नेपालवर्षे गिरिचतुरुरगे ज्येष्ठमासे च शुक्ले
पक्षे ऋक्षे च पुष्ये भुजगतिथिवरे भा (१२) स्करस्याह्नि वृद्धौ ।
प्रासादं प्रस्तरैर्व्वै रुचिरतममिमं कारयन्कृष्णमूर्त्तिं
स्थाप्यापि विष्णुतुष्ट्यै सुकनककलशं स्थापयामास (१३) सोसौ ।। ।।

८

विमानमेतत्किमु स्वर्गगामिनां
रथो मठो वाथ रवेर्व्विधोरयं ।
प्रासाद एवं प्रसमीक्ष्य शङ्किभि-
र्व्यतर्विक सं (१४) भूय वियद्विहारिभिः ।। ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतःपरं नेपाल भाषा ॥
श्रेयोस्तु संवत्सरे ८४७ ज्येष्ठशुक्ल पञ्चमी (१५) वृद्धियोग आदित्यवार थ्व कुन्हु लोहोया देवल दयकं अहोरात्र होम याङाव श्री ३ वंशगोपाल प्र(१६)तिष्ठा सुवर्ण्ण कलश ध्वजारोहण याङाओ श्री २ जुजु का धाओ बिज्याचकाओ वंलानिह्मया श्री पर्शुरामया काय (१७) श्री लक्ष्मीनारायणन प्रतिष्ठा याङा दिन जुरो ॥ ॥ रो ६ जाषा रो ३ ज २ छुगामवव चुपिखु रो ३ ज ३ यंप्यावव (१८) रो २ ज २ सिंधुखु रो १ चु जुसा दाय मतेव ३ यौ दु थ्व तेया वुया दम

अनुवाद

जो पृथिवीका भारस्वरूप समस्त दैत्यलाई मार्ने, तीनै लोकको रचना र रक्षा समेत गर्ने गोपिनीहरूका आँखारूपी चखेवाका चन्द्रमा जस्ता ती कृष्णजीले सम्पूर्ण पाप निराकरण गरून् ॥१॥

ती हरिवंश शर्माले 'रुक्मिणी-हरण' नामक काव्य तथा 'सूर्यशतक' नामक काव्यको टीका रचे । यी हरिवंश शर्मा अर्को वाल्मिकी जस्ता भए ॥२॥

गायत्री-मन्त्रको जपको प्रभावले असल कवित्व शक्तिले विस्तृत चित्त भएका, श्रीकृष्णजीको भक्तिले युक्त कुलरूपी कुमुद (राति फुल्ने सेतो कमल) को वनश्रेणीमा आयुष्मान् यी हरिवंश शर्माले अतिललित पद भएका अनेक विचित्र भावले भरिपूर्ण श्लोक र गीतहरू रचे । नेपालीहरूका बीच न्यायका पक्षधर, यी विमलबुद्धि कवि राजमान्य भएर सुहाए ॥३॥

यिनका धेरै कीर्ति चलेका, जन समाजमा गुण फैलिएका शास्त्रज्ञ, अग्निहोत्री, नृत्य रचना गर्ने सिपालु,......'रामायण' नामक नृत्यको रङ्गमञ्चमा बाँदर उफ्रे झैं उचाइसम्म बुर्लुक्क उफ्रनमा बेजोड, परशुराम शर्मा नामक छोरा थिए । ती कीर्तिचन्द्रले मृदङ्ग वजाएर संसारलाई झलमल्ल पारे ॥४॥

यी परशुरामकी शिवदेवी भन्ने पतिव्रता पत्नी भइन् । तिनी कश्यप ऋषिकी पत्नी अदिति जस्ती निर्मल तथा राम्रो मन भएकी थिइन् ॥५॥

यी शिवदेवीवाट विद्वज्जनहरूले अनेक कीर्ति गाइएका, दीन-दुःखीहरूलाई उद्धार गर्ने एकमात्र तारा जस्ता, जपयज्ञकर्ममा संलग्न, वेदज्ञ, धनधान्यले सुसम्पन्न, नृत्यरूपी कमलवनलाई झलमल्ल उज्यालो पार्नमा सूर्य जस्ता चम्किला, विष्णुको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भक्तिमा एकनिष्ठ, जनसमुदायबीच गान–बजान, राग तथा मृदङ्गवादनमा अद्वितीय श्री लक्ष्मीनारायण नामक छोरा पैदा भए ॥६॥

ती लक्ष्मीनारायण शर्माकी धर्मपत्नी पनि पृथ्वीमा विष्णुपत्नी लक्ष्मी झैं लक्ष्मी भन्ने नामले विख्यात भइन् । यी लक्ष्मीदेवी असल चालचलन, पति धर्ममा रहने तथा वडो ठूलो पतिव्रता धर्मको आचारमा लाग्ने भएकी थिइन् ॥७॥

यी लक्ष्मीनारायण शर्माले नेपाल संवत् ८४७ ज्येष्ठ शुक्ल पञ्चमी आइतबार पुष्यनक्षत्र तथा वृद्धियोग परेको दिन श्री विष्णुलाई खुशी पार्न ढुङ्गाको मनोरमतम मन्दिर बनाई कृष्णको मूर्ति तथा असल सुनको गजुर थापे ॥८॥

आकाशचारी शङ्काधारी देवताहरूले यस्तो भव्य मन्दिर देखेर यो स्वर्ग जानेहरूको विमान हो कि ? अथवा सूर्यको रथ हो ? वा विष्णुको मन्दिर हो ? भनेर नाना तर्कना गरे ।

यसपछि नेपालभाषा ।

कल्याण होस् । संवत् ८४७ ज्येष्ठशुक्ल पञ्चमी, वृद्धियोग आदित्यवारको दिन ढुङ्गाको देवल वनाई, अहोरात्र हवन गरेर श्री ३ वंशगोपालको प्रतिष्ठा, सुनको गजुर प्रतिष्ठा र ध्वजारोहण समेत गरेर श्रीश्री राजा (मल्ल नरेश) बाट "लौ म आउनेछु" भनेबमोजिम राजाको सवारी गराएर वलाटोलका राजगुरु श्री परशुरामका छोरा श्री लक्ष्मीनारायणले (यो मन्दिरको) प्रतिष्ठा गरेको दिन भयो ।

रोपनी ६ जारवा रो ३ ज २ छुगाम मुनिको चुपिखु रोपनी ३ जवा ३ यंप्याक्व रोपनी २ जवा २ सिंधुखु रोपनी १.... जवा ३ छ वो खेतको दाम .....

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सायाः (गाईजात्रा)

—तीर्थलाल नःघःभनी
(राजभण्डारी)

नेपाल उपत्यकामा प्रत्येक गाउँ शहरहरूमा अनेकौं प्रकारका जात्राहरू चलिआएका छन् । ती जात्राहरू कुनै मनोरञ्जनात्मक, कुनै ऐतिहासिक र कुनै धार्मिक तथा पौराणिक आधारमा चलिआइरहेका छन् । यस्ता परम्परागत चलिआइरहेका जात्राहरूमध्ये "सायाः" (गाईजात्रा) पनि एक पौराणिक जात्रा हो ।

यो जात्रा नेपालमा कहिलेदेखि प्रारम्भ भयो भन्ने सन्दर्भमा विभिन्न विद्वान्हरूका विभिन्न कथनहरू पाइएका छन् । कुलचन्द्र कोइरालाले "गाईजात्रासम्बन्धी रचनामा जयस्थितिराज मल्ललाई गाईजात्रा प्रारम्भ गर्ने श्रेय दिएका छन्[1] भने सत्यमोहन जोशीले "श्रावण पूर्णिमा र गाईजात्रा" भन्ने रचनामा जयस्थिति मल्लले "विफरको प्रकोपले राजकुमारको मृत्यु भएको हुँदा रानीको शोक शान्त गर्न गाईजात्रा पर्व चलाएको" भनी इङ्गित गरेका छन् ।[2]

यी भनाइहरूमा कति सार्थकता र सत्यता छ भनी विचार गर्दा तत्कालीन राजा जय अर्जुन मल्ललाई ने. सं. ५०० मा बनेपामा धपाई राजसत्ता जयस्थितिराज मल्लले आफ्ना हातमा लिई ने. सं. ५१५ (वि. सं. १४५२) ताकासम्म शासन चलाएका थिए । यिनको १५ वर्षको राज्यकालका निकै अभिलेखहरू पाइएका छन् । तर यिनले "गाईजात्रा" पर्व चलाएको भन्ने अभिलेख पाइएको छैन । अतः तथ्य प्राप्त नभईकन जयस्थितिराज मल्लले नै "सायाः" (गाईजात्रा) पर्व चलाएका हुन् भन्नु त्यति उपयुक्त देखिँदैन ।

---

१. गोरखापत्र दैनिक– गो. प. संस्थान २०४६।२।२४

२. सत्यमोहन जोशी– नेपाली चाडपर्व– ने. रा. प्र. प्रतिष्ठान, पृष्ठ १००

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्को कुरा देवपाटनमा जयबागेश्वरीस्थित स्वर्णधारा जीर्णोद्धार गरी ने. सं. ५०८ मा जयस्थितिराज मल्लले राखेको शिलालेखमा यसरी लेखिएको पाइएको छ ।

"श्रीमान श्री स्थितिराज मल्ल इति य: ख्यात: .... पत्नी धर्म धुरन्धरा वरतन् राजलदेवि तिया यस्या: श्री धर्ममल्ल इति (य:) ख्यात कुमाराग्रणी कुमार श्री जय (ज्यो)तिर्मल्लदेवस्य मध्यम: । कनिष्ठ तनयो यस्या: कीर्तिमल्ल सुधारक: । राजल्ल देव्यास्त्रि दिवंगतायानाम्नाऽकरोति श्री स्थितिराज मल्ल प्रणालिकां... अष्टाधिके पञ्चशत्ते मितेव्दे नेपालिके मासि च .. ।[३]

यस शिलालेखवाट जयस्थिति मल्लका तीन जना राजकुमार रहेको भन्ने स्पष्ट थाहा हुन्छ । यस्तै पशुपतिको शिलालेखमा यसरी लेखिएको छ ।

स्वस्ति ।। सम्बत्सरे ५२३ माघ शुक्ल पूणमास्यां... श्रीश्री परम भट्टारक युवराज जय धर्ममल्ल देवस्य (मध्यम) मानुज श्रीश्री जय ज्योतिर्मल देवस्य कनिष्ठानुज श्रीश्री जय कीर्तिमल्ल देवस्य । तेषां विजय राज्ये ।[४]

यस अभिलेखवाट जयस्थितिराज मल्ल ने. सं. ५१५ भाद्रमा स्वर्ग भएपछि तीनै जना छोराहरूले संयुक्त शासन चलाएको स्पष्ट देखिन आएको छ । यस तथ्य-वाट विफरका प्रकोपले राजकुमारको मृत्यु हुँदा रानीको शोक शान्त गर्न जय-स्थितिराज मल्लले साया: (गाईजात्रा)पर्व चलाए भन्ने तर्क युक्तिसंगत देखिँदैन ।

यस अतिरिक्त श्री लीलाभक्त मुनंकर्मीज्यूले "राजा जगत् प्रकाश मल्लले पद्मपुराण शास्त्रानुसार भाद्रवदी प्रतिपदाका दिन गाईजात्रा पर्व चलाए" भनी लेखिएको पाइएको छ ।[५] यसमा साल मिति दिइएको छैन । राजा जगत् प्रकाश मल्ल ने. सं. ७६४ – ७९३ (ई. सं. १६४४–१६७३) ताकाका हुन् । यिनले २९ वर्षसम्म राज्य गरेका थिए । यस अवधिका धेरै अभिलेखहरू प्रकाशमा आएका छन् । तर यिनले गाईजात्रा पर्व चलाए भन्ने उल्लेख भएको अभिलेख प्रकाशमा आएको पाइँदैन । अत: तथ्यको आधारविना जगत् प्रकाश मल्लले गाईजात्रा पर्व चलाएका हुन् भन्न मिल्ने देखिँदैन ।

यिनीहरूका पालाभन्दा धेरै अघिदेखि गाईजात्रा पर्व चलिआएको आभास

---

३. कान्तिपुर शिलालेख सूची– राष्ट्रिय अभिलेखालय, पृष्ठ ३६
४. " " पृष्ठ ४१
५. मल्लकालीन नेपाल– रत्नपुस्तक भण्डार पृष्ठ ३६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाइन्छ। किनभने कुलचन्द्र कोइरालाज्यूले पुनः "गाईजात्राको परम्परा बौद्ध तन्त्रवाट उत्पति भएको हो" भनी इंगित गर्नुभएको छ। यस अतिरिक्त "कालव्यूह" भन्ने बौद्ध तन्त्र ग्रन्थमा उल्लेख भएको छ" भनी लेख्नुभएको छ।[६] तर उक्त ग्रन्थको कुन अध्याय, कुन पटल, कुन परिच्छेद वा कुन श्लोकमा उल्लेख छ त्यो लेख्नुभएको छैन। उक्त "कालव्यूह" बौद्ध ग्रन्थ राष्ट्रिय अभिलेखालय र आशा सफू कुथिमा पनि पाउन सकिएन। यस अलावा बौद्ध विद्वान् वज्राचार्यहरूसँग सम्पर्क राख्दा उक्त ग्रन्थ नभएको भन्ने राय पाइएको छ।

तथापि राष्ट्रिय अभिलेखालयमा संगृहीत "नेपाल वर्ष क्रिया" भन्ने पुस्तकमा यसरी लेखिएको पाइएको छ।

कालव्यूह–वैलोचन वचनम्

शुक्लादि चान्द्रमानेन श्रावण मासे कृष्णपक्षे ।।
कृष्णादि चन्द्रमानेन भाद्रमासे कृष्णपक्षे ।।
प्रतिपद दिवसे चात्र जातिपुष्पस्य मालिकाम् ।।
सघण्टेन समं चैव बलीवर्दस्य पूजनम् ।।
पाद्यादिकं तथा पूजां चन्दनादिक पुष्पकम् ।।
धूपदीपञ्च नैवेद्यं दक्षिणां च प्रढौकयेत् ।।
स्तोत्रं कृत्वा ततः पश्चाद् यात्रा च क्रियते ततः ।।
लवणं गोधूम पाकञ्च दत्वा मोक्षमवाप्नुयात् ।।

स्तोत्र–

वृषत्वं सर्वदेवा संभूमि शयन कारकः ।।
भोगदं मोक्षदं श्रेष्ठं बलीवर्द नमोऽस्तुते ।।[७]

यस्तै आशा सफू कुथिमा संगृहीत "नेपाल वर्ष क्रिया संग्रह" भन्ने पुस्तकमा यसरी लेखिएको देखियो।

कालव्यूह वैलोचन वचनम्

प्रतिपक्षिवसे चात्र जाति पुष्पस्य मालिकम् ।।
घण्टेन समं चैव बलीवर्दस्य पूजनम् ।।

---

६. गोरखापत्र दैनिक– गो. प. संस्थान २०४६।४।२४

७. नेपाल वर्ष क्रिया– पं. ल. नं. ७३७५, रि. नं. बौ. ४२०/१६ (रा. अ.)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाद्यादिकं तथा पूजां चन्दनादिक पुष्पकम् ।।
धूपदीपं च नैवेद्यं दक्षिणां च प्रढौकयेत् ।।
स्तोत्रं कृत्वा ततः पश्चाद्यात्रां च क्रियते ततः ।।
लवणं गोधूम पाकंच दत्व मोक्षमवाप्नुयात् ।।

स्तोत्र–

ॐ वृषत्वं सर्वदेवानां भूमिशयन कारकः ।।
भोगदं मोक्षदं श्रेष्ठं बलीवर्द नमोऽस्तु ते ।।

वोधिसत्त्व वाक्य–

वाद्यैर्नाना विधं चैव गीत नृत्यादिकं तथा ।।
नश्यते सवपापं च श्रवणाद्वादनं तथा ।।
भिक्षुकाणां सहस्रेभ्यो भोजनाय यथा फलम् ।।
तथा फलम च त्रिगुणा श्रृङ्गस्य वादंस्मृतः ।।[८]

साथै डा. डिल्लीरमण रेग्मीज्यूले पनि "बौद्ध ग्रन्थअनुसार साया: (गाईजात्रा) पर्व चलेको हो" भनी अनुमान गर्नुभएको पाइएको छ ।[९]

यद्यपि बौद्ध ग्रन्थमा उल्लेख भएको रहेर नै बौद्ध धर्मावलम्बीहरूले यो साया: (गाईजात्रा) पर्व मनाइआइरहेका हुन् । उक्त साया: (गाईजात्रा)का दिन बौद्ध धर्मावलम्वीहरू विभिन्न बाजा-गाजा वजाई सिङको वाजा फुकी आफ्ना मृतकका नामबाट देश परिक्रमा गर्ने गरी आइरहेका हुन सक्छ । साथै स्वयम्भू स्थानमा पूजा-अर्चना निमित्त आवश्यकताअनुसार यथाशक्य रकम दिई "नेकूपुयकेगु" (सिङ फुक्न लगाउने) भनी बाजा बजाई सिङ फुकी स्वयम्भू डाँडा परिक्रमा गराउने प्रचलन अद्यापि छँदै छ । ललितपुरमा "दमोखि" भन्ने वाजा बजाई सिङ फुकी देश परिक्रमा गर्ने र भक्तपुरमा देशभरका बाजा नाच निकाली देश परिक्रमा गर्ने परम्परा पनि अद्यापि छँदै छ । यस तथ्यबाट उक्त कथनलाई पुष्टि गरेको पाइन्छ ।

बौद्धहरू त्रैलोचनका वचन अनुसार साया: (गाईजात्रा) पर्वमा सरिक भएको पाइँदैन । आफ्नो धार्मिक तन्त्र ग्रन्थमा उल्लेख भएका परिपाटीलाई किन छोडियो र साया: पठाउने प्रक्रियामा किन सहभागिता भएन भन्ने सन्दर्भमा अनु-

---

८. नेपाल वर्ष क्रिया संग्रह ह. म ०३५ (आशा सफू कुथि)

९. मेडिभल नेपाल दोस्रो भाग, के. एल. मुखोपाध्याय, पृष्ठ ६६६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्धान हुनुपर्ने देखिन्छ। तापनि विचार गर्दा "थेरवाद सिद्धान्त विपरीत छ र सायाः (गाईजात्रा) भन्ने सिद्धार्थ गौतम बुद्धलाई मार आएको" भनी मिथ्या अपवादको प्रचार भएको हुन सक्छ। यसैको आधारमा बौद्ध सम्प्रदायवादीहरू सायाः (गाईजात्रा) पर्वमा सरिक नभएका हुन् भनी भन्न सकिन्छ।

शैव धर्मतर्फ केही विचार गर्दा एउटा "गाईजात्रा पद्धति"[१०] भन्ने थ्यासफूमा यसरी लेखिएको पाइएको छ।

पद्मपुराण शिववचन:

धातुभिर्गैरिकाद्यैश्च भूषणीया प्रयत्नतः ।।
श्रृङ्गेषु स्वर्णरौप्यादिपतिका वन्धशोभनम् ।।
कौशेय पुच्छात् महत श्रृङ्गयोरपि बन्धयेत् ।।
पृष्ठं नाना विधैर्वनै विचित्रेण सुवाससा ।।
आच्छादयेत् गलेघण्टा वन्हीराजम्य शब्दिताम् ।।
दिनास्तामसै वहिरनित्या सायं ग्रामप्रवेशयेत् ।।
नभस्यप्रतिपद कृष्ण वृषभस्यार्चनं ततः ।।
पुरप्रदक्षिणी कृत्वा वृषोत्सर्गः फल लभेत् ।।

यस श्लोकवाट पनि भाद्र कृष्ण प्रतिपदा (बलीवर्द प्रतिपदा) तथा सापारुका दिन वृषभ (द्वँसा) लाई उपर्युक्त विधिअनुसार पूजा-अर्चना गरी देश परिक्रमा गराई सायंकाल (साँझ) पख भित्र्याएमा वृषोत्सर्गः गरेको फल प्राप्त हुनेछ भनी स्पष्ट बताइएको छ। यसै अनुरूप नेवार सम्प्रदायले भाद्र कृष्ण प्रतिपदा (बलीवर्द प्रतिपदा) सापारुका दिन सायाः (गाईजात्रा) पर्व मनाउँदै आइरहेका हुन्।

भाद्रकृष्ण प्रतिपदालाई बलीवर्द प्रतिपदा र वृषभ प्रतिपदा पनि भनिन्छ। नेवारी भाषामा यसलाई "सापारु" भनिन्छ। "सा" भन्नाले "गाई" र "पारु" भन्नाले "प्रतिपदा" भन्ने बुझिन्छ। अतः "सापारु"को अर्थ "गाई प्रतिपदा" भन्ने हुन्छ। यसैले यस दिन गाईजात्रा पर्व मनाइआइरहेका हुन्। यस पर्वलाई "सायाल" वा "सायाः" पनि भनिन्छ। "याल" वा "याः" को अर्थ "यात्रा" हो। त्यसैले "सायाः" भनेको पनि "गाईजात्रा" नै हो।

यस सन्दर्भमा बसाहालाई पूजा गरी देश परिक्रमा गराउने प्रक्रियालाई सायाः (गाईजात्रा) भन्न मिल्दैन भन्ने कुरा प्रासङ्गिक देखिँदैन। किनभने नेवारी भाषामा

१०. गाईजात्रा पद्धति– भक्तपुर रत्नराज राजोपाध्यायद्वारा संगृहीत थ्यासफू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"सा" शब्द उभयलिङ्गी हो । यसलाई लिङ्ग परिवर्तन गर्दा पुलिङ्ग (भाले)लाई "द्वँसा, थुसा, बासा" र स्त्रीलिङ्ग (पोथी)लाई "मासा" हुन्छ । अगाडिको उपसर्ग अक्षर "द्वँ, थ्, वा र मा" झिकेपछि दुवै समष्टि रूपमा "सा" नै हुन्छ । यसैले "सा" भन्नाले वसाहा (बहर) लाई पनि बुझाउँछ । त्यसैकारण "साया:" भनिआएका हुन् ।

अब यहाँ परम्परागत मनाइआइरहेका प्रतिपादित पौराणिक साया: (गाईजात्रा) पर्वका सन्दर्भमा केही विवेचना गरिन्छ । यो परम्परागत पौराणिक परिपाटी उपत्यकाभित्र मात्र होइन, जहाँ जहाँ नेवार समुदायको थलो छ, उनीहरू बसोवास गरिआएका छन्, त्यहाँ त्यहाँ त्यहाँ यो साया: पर्व मनाइआएको पाइन्छ । परन्तु देश, स्वभाव, चाल-चलन, रहन-सहन, संस्कार तथा अज्ञानताका कारणबाट केही भिन्नता आएको छ र यसलाई अस्वाभाविक भन्न मिल्दैन ।

यस्तै उपत्यकाका मुख्य शहर मानिएका भक्तपुर, ललितपुर र कान्तिपुरमा नै निकै फरक र भिन्नता तथा अन्तर पाइएको छ । उद्देश्य, धारणा तथा तात्पर्य एउटै भए तापनि प्रक्रिया र प्रचलन भिन्दाभिन्दै देखिन्छ । यिनीहरूमा एकरूपता छैन । यसैले तीनै शहरको साया: (गाईजात्रा) पर्वको सन्दर्भमा छोटकरी विवरण प्रस्तुत गरिन्छ ।

(क) **भक्तपुर**: भक्तपुर शहरका साया: (गाईजात्रा) पर्वको प्रक्रिया यस प्रकारको देखिन्छ ।

१) द्वँसा:– कालो मृत्तिकाको बसाहा वनाई सिंगारिएका खटमा राखी चार जवानले बोकी लान हुने गरी बनाइन्छ । तिनलाई मृतकका घर दैलो ढोका अगाडि वलेंसीमुनि राखी विधिवत् पूजा र गौदानसमेत गरी शहर परिक्रमा गराइन्छ । परिक्रमा गरी सोही ठाउँमा आइपुगेपछि पुन: पूजा गरी नदीमा सेलाउने गरिन्छ ।

यो माटाको वसाहा बनाउनुको तात्पर्य वृषोत्सर्ग गरी बसाहा छाड्नु र सो अनुरूप प्रस्तरको वसाहा बनाई गौचरण राख्ने चलनको विकल्पका रूपमा गरेको प्रतीत हुन आउँछ । यो द्वँसा साया: केटाकेटी बालक मृत्यु भएमा गरिंदैन ।

२) डोकचा सा:– डोकोमा केटाको भए सेतो तथा अरू कपडाले र केटीको भए रङ्गीन विभिन्न कपडाले मोडिन्छ । त्यसमा चित्रकारीले लेखेको बसाहाको मुखाकृति चित्र र छ्वाली तथा परालले बुनेको कला-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्मक चुच्चो सिङ राखी बसाहाको प्रतीक बनाइन्छ। यिनीलाई पनि पुरोहित राखी विधिवत् पूजा र गौदान समेत गरी देश परिक्रमा गराइन्छ। आफ्नै स्थानमा आइपुगेपछि पुनः पूजा गरी जलसिंचन सकेपछि चित्र र सिङ स्थान गणेशमा चढाई समाप्त गरिन्छ।

यो परम्परा बालकको मृत्यु भएमा मात्र गरिन्छ। बालक भन्नाले (पास्नी) अन्नप्राशन गरिसकेका तर बेल विवाह (इही) गरी नसकेका र ब्रतबन्ध (कयता पूजा) गरी नसकेका केटाकेटीलाई मानिन्छ। परन्तु अचेल ठूलाको पनि गरिने प्रचलन देखिन थालेको छ। तथापि "डोकचा साः" बनाउने परम्परा कहिलेदेखि र कुन आधारमा चलेको हो थाहा हुन सकेको छैन।

३) बासाः– केटाकेटीलाई विशेष राम्रा लुगा लगाई सकेसम्म सिंगारी कम्मरमा पटुका बाँध्न लगाई दुई टुप्पो भुइँमा लटकाई ठूलो छत्र ओढाई उपर्युक्त अनुसार विधिवत् पूजा र गौदान गरी देश परिक्रमा गरिन्छ। परिक्रमा गरिसकेपछि पुनः पूजा गरी भुइँमा लट्केको कपडाको टुप्पो पखाली त्यसको जलले (पितृ) तथा मृतकको नाममा तर्पण गरी जलले सिंचन गरिसकेपछि समाप्त हुन्छ।

यहाँ "बासाः" भन्नाले विभिन्न अर्थ लाग्छ। कम्मरमा बाँधिएको पटुकाको टुप्पो भुइँमा लट्काउनेलाई नेवारी भाषाबाट "बासालुय" भनिन्छ। यसको अर्थ "भूमि तान्ने" अर्थात् बाटो छोटयाउने भन्ने हुन्छ र अर्को भुइँमा ओछ्याउने कपडा भन्ने पनि बुझाउँछ। यस अतिरिक्त "कपडा घिसार्ने र "भाँडा बर्तन" घिसार्ने भन्ने पनि बुझाउँछ। तापनि "बासाः"को अर्थ सोझै "बसाहा" भन्ने बुझाएकाले 'बासाः' भनी बलीवर्दोत्सवको रूपमा नै गरिआएको हुन सक्छ।

४) ताहाःसाः– बाह्र हात जति लामा चारवटा बाँसको माथि चुच्चो र फेदमा दुई तीन हात फराकिलो पारी बोक्न हुने गरी नोल राखी बनाइन्छ। त्यसमा लोग्ने मान्छेको भए सेतो तथा अरू कपडाले र स्वास्नी मान्छेको भए सारी तथा अन्य रङ्गीन कपडाले मोडिन्छ। सेतो कपडाको दुइटा तान पनि राखिन्छ। त्यसमा बसाहाको मुखाकृति चित्र र पराल तथा छ्वालीले बुनेको सिङ टुप्पामा राखी चमर र सानो छत्र पनि राखिन्छ। यसलाई पनि मृतकका घरअगाडि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आँगनमा राखी पुरोहित राखी विधिवत् पूजा र गौदानसमेत गरिसके-पछि देश परिक्रमा गराइन्छ। सक्नेले "घिन्तांघिसि" भन्ने नाच पनि नचाउँछन्। आफ्नै स्थानमा आइपुगेपछि पुनः पूजा गरी जल सिंचन गरी चित्र र सिङस्थान गणेशमा चढाई समाप्त गरिन्छ।

यो ताहाःसा बनाउन किन बाँसको प्रयोग गरिएको हो र यो परम्परा कहिले-देखि चलेको हो थाहा हुन सकेको छैन। यो ताहाःसा ठूला मृतकको नाममा गरिने प्रचलन छ।

५. भैलःद्यःसाः- भैरवनाथ तथा कालीको समेत गरी दुईवटा ताहाःसा बनाइन्छ। कालीको ताहाःसामा नयाँ शुद्ध रंगीन तथा सारी आदि कपडाले मोरिन्छ। तर भैरवनाथको ताहाःसामा परालै परालले मोरिन्छ। यो ताहाःसा पनि बाँसकै बनाइन्छ। परन्तु यसमा वसाहा मुखाकृति चित्र र सिङ हुँदैन। यो ताहाःसा तौमढी टोल भैरवनाथको मन्दिर घर (द्यःछेँ)बाट शुरु गरिन्छ। यो ल्याएपछि अरू कसैको ल्याउन् हुँदैन। देशभरको अन्तिम समापन साया: (गाईजात्रा) पर्व नै यही हो। यसको विसर्जन ब्रह्मायणी नदीमा हुन्छ। भैरवनाथको ताहाःसाको पराल हातबाट झिकिदैन। नाना तरिकाबाट चलाई पराल झारी विसर्जन गरिन्छ।

यो "भैलःद्यः सा" भन्ने जात्रा राजा भूपतीन्द्र मल्लले चलाएका हुन् भन्ने आभास पाइन्छ। किनभने राजा भूपतीन्द्र मल्ल भैरवनाथ र कालीका परमभक्त थिए। अतः यो "भैलःद्यः सा" जात्रा भैरवनाथ र कालीका नाउँबाट चलाएका हुन् भन्न सकिन्छ।

यो जात्रा राजा जीवित छउन्जेल राजप्रासादबाट लगिन्थ्यो। राजाको मृत्युपछि राजा भूपतीन्द्र मल्लका सालिकलाई "भक्ति जुजू" (भक्तिराजा) भनी तीन फन्को परिक्रमा गराउने परम्परा चल्यो। अरू कुनै साया: (गाईजात्रा) ल्याए पनि सालिक परिक्रमा गराइँदैन। तर भैलःद्यः सा ल्याउँदा चाहिं सालिक परिक्रमा गराइन्छ। यस तथ्यबाट पनि यो जात्रा राजा भूपतीन्द्र मल्लले चलाएका हुन् भन्ने पुष्टि हुन आएको छ।

यो साया: (गाईजात्रा) पठाउँदा आ-आफ्ना पुरोहित बोलाई विधिवत् पूजा गराउने प्रचलन छ। पुरोहितले पूजा गराउँदा "भाद्रमासे कृष्णपक्षे प्रतिपदायां तिथौ बलीवर्दोत्सव कर्मणि" भन्ने वाक्य लिने परम्परा अद्यापि छँदैछ। यस तथ्य-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाट भक्तपुरको सायाः (गाईजात्रा) पर्व वृषोत्सर्गको विकल्पका रूपमा गरिआएको हो भन्ने स्पष्ट थाहा हुन आउँछ ।

यसरी नै ललितपुरको सायाः (गाईजात्रा) पर्वको केही विवरण प्रस्तुत गरिन्छ ।

१. नार्य्खि च्वय्केः- पहिले पहिले सायाः (गाईजात्रा) पर्व अहिलेको जस्तो व्यवस्थित ढङ्गबाट चलेको थिएन। किनभने जात्रा आफ्ना घरबाट प्रारम्भ गरी देश परिक्रमा गरिन्छ र पुनः आफ्नै घरमा आइपुगेपछि पूर्ण भएको मानिन्छ। त्यस बेला बसाहा मुखाकृति एउटा चित्र भए पुग्ने, पराले सिङ्को आवश्यक नपर्ने साथै सिंगार पटार पनि नचाहिने र एउटा चित्र टोपी वा लुगामा टाँसे पुग्ने हुन्थ्यो। यो एउटा चित्र टाँस्ने चलन अद्यापि यथावतै छ ।

पछि श्रीकृष्णका परमभक्त धर्म र संस्कृतिमा अगाध आस्था र श्रद्धा राख्ने राजा सिद्धिनरसिंह मल्लले अव्यवस्थित तरिकाबाट चलिआएको परम्परागत सायाः (गाईजात्रा) पर्वलाई सुव्यवस्थित तथा संगठित ढङ्गबाट सञ्चालन गर्ने उद्देश्यले– "देशका भाइभारदार सन्त महन्त ठूला ठाला साहू महाजन विद्वान् तथा गुठीका थकाली र टोल, गाउँ, शहर, नगरका थकाली तथा प्रजाजनहरू ! यस पालाका सायाः (गाईजात्रा) पर्व फलाना ठाउँमा फलानाले आयोजना गरिएकाले उक्त ठाउँमा भेला हुन र गर्न हुन राजाको हुकुम छ। राजाको हुकुम वचन नमानेमा यथोचित सजाय हुनेछ है।" भनेर चार दिनअगावै झ्याली पिट्ने चलन चलाए।

त्यसपछि सोही अनुसार एकै ठाउँमा भेला भई देश परिक्रमा गर्ने चलन चलेको हो। सो झ्याली पिट्ने चलन अद्यापि छँदैछ। त्यसपछि सोही ठाउँमा भेला भई देश परिक्रमा गर्ने चलन चलेको हो।

२. सायाः– सर्वप्रथम बसाहाको मुखाकृति चित्र उनेका केटाहरू अघि बढ्छन्। त्यसको पछि पहेंलो कपडा ओडाएका गाईहरू ठूलो छत्र ओढाई लगिन्छ। यसको पछि कुचो, गाईको दूध, लावा, अबीर, चमर, पंखा, डण्डा, गडा, गुर्जा, छडी आदि समाउने केटीका जोडीहरू हुन्छन्। त्यसपछि भक्तका रूपमा एउटा केटा र त्यसपछि दायाँ बायाँ राधा (राधा–जाम्बवती) राखी बीचमा ब्राह्मण कृष्णका रूपमा हुन्छन्।

यस सायाःमा सरिक भएका बसाहा मुखाकृति चित्र उनेर गएका केटाहरूले पद्मपुराणमा उल्लेख भएको शिव वचनानसार वृषोत्सर्गका रूप प्रतिबिम्बित गरेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देखिन आउँछ । साथै गाईका लहरबाट वृषोत्सर्ग तथा बसाहाको प्रतीक मात्र र बलीवर्दोत्सवको प्रतिबिम्बित गरेको छ भन्न पनि सुहाउँदैन ।

यी गाईका लहरपछि प्रतिमा स्वरूप कृष्ण ल्याइने परम्परा राजा सिद्धिनरसिंह मल्लले नै प्रचलनमा ल्याएका हुन् भन्ने स्पष्ट थाहा पाउन सकिन्छ । किनभने गाईका पछाडि कृष्ण ल्याउने परिपाटी श्रीमद्‌भागवत पुराणका आधारमा चलाएको प्रतीत हुन आउँछ । कृष्ण गाईका गोठाला मात्र नभई पूजक पनि थिए । यसै अनुरूप साया: (गाईजात्रा) पर्वमा कृष्णलाई सरिक गराई ल्याउने परम्परा चलाएका हुन् भन्न सकिन्छ ।

यस पर्वमा राजा स्वयं सहभागी भएको आभास पाइन्छ । किनभने साया:मा जुनसुकैलाई पनि कृष्णको प्रतीक बनाउन सकिन्थ्यो । कृष्ण एक यदुवंशी क्षत्रीय थिए । ब्राह्मणलाई नै बनाउनुपर्ने औचित्य के थियो र ? अतएव राजा स्वयं यात्रामा सम्मिलित भई एक भक्तका रूपमा हात जोडी कृष्णका अगाडि वसी प्रजासँगसँगै देश परिक्रमा गर्ने भएकाले मर्यादा तथा स्तरमा असर नपरोस् भन्ने अभिप्रायले राजाले समेत आदर र सम्मान गर्नुपर्ने ब्राह्मण जातिलाई श्रीकृष्णको प्रतिमूर्ति वनाएको र अरूलाई नवनाएको हुन सक्छ ।

साथै कृष्णका सम्मुख एउटा भक्त राखी ल्याउने परिपाटी अद्यापि छँदैछ । यिनलाई प्रह्लाद भन्ने प्रचलन छ । कृष्णसँग प्रह्लादको प्रसंग नआउने हुँदा यसलाई प्रह्लाद भन्न मिल्दैन । वरु यी भक्त राजा श्री सिद्धिनरसिंह मल्लकै प्रतिरूप हुन् भनी सहजै भन्न सकिन्छ ।

यसरी राजा सिद्धिनरसिंह मल्लले आफ्नै एउटा विशेषता, अस्तित्व र कीर्ति रहने गरी साया: (गाईजात्रा) संचालन गर्ने संस्थागत परम्परा बसाले । वलीवर्दोत्सवका रूपमा परम्परागत मानिआएको साया: (गाईजात्रा) पर्वमा अप्रासंगिक कृष्णको प्रविष्टिबाट पनि राजा सिद्धिनरसिंह मल्लले नै यो व्यवस्था वाँधेका हुन् भन्ने स्पष्ट देखिन्छ । यो साया: (गाईजात्रा) कुन सानाको र कुन ठूलाको हो छुट्याउन सकिने स्थिति देखिँदैन । यस्तै कुन पुरुषको र कुन स्त्रीको हो यो पनि थाहा पाउन सकिँदैन ।

यसपछि कान्तिपुर शहरको साया: (गाईजात्रा) पर्वसम्वन्धी छोटकरी विवरण प्रस्तुत गरिन्छ ।

१. फकिर:– केटालाई पहेंलो वा सेतो धोती शिरमा फेटा वाँध्न लगाई हातमा चिम्टा र कमल फूल समाई फकिरको रूप बनाई मृतकका घरअगाडि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूजा र गौदानसमेत गरी देश परिक्रमा गराइन्छ। परिक्रमा गरी घर आइपुगेपछि पुन: पूजा गरी भित्र्याइन्छ।

यसरी फकिर बनाई परिक्रमा गराउने प्रचलन कहिलेदेखि, कसले र कुन आधारमा चलाएको हो थाहा हुन सकेको छैन।

२. वासा:- केटालाई लुगा तथा जामा पहिराई गाजल र जुँघा लगाई सिंगारिन्छ। पेरुङ्गोमा अगाडि वसाहा मुखाकृति चित्र र पछाडि गणेशको चित्र साथै पराल तथा छ्वालीले बुनेको सिङ र दुवैतर्फ झन्डाले सिंगारिएको शिरमा मुकुट लगाई कम्मरमा बाँधिएको पट्काको दुई टुप्पो भुइँमा लटकाई घर ढोकाअगाडि राखी विधिवत् पूजा र गौदानसमेत गरी देश परिक्रमा गराइन्छ। परिक्रमा सिध्याई घर फर्केपछि पुन: पूजा गरी भुइँमा लट्केको टुप्पो पखाली मृतकको नाममा तर्पण गरी त्यसको जलले सिंचन गरिसकेपछि समाप्त हुन्छ। पेरुङ्गो चाहिं स्थान गणेशमा चढाइन्छ।

यस प्रक्रियाबाट वलीवर्दोत्सव तथा वृषोत्सर्गको विकल्पको प्रतिनिधित्व गरेको देखिन्छ। यो कुरा पेरुङ्गोमा बसाहा मुखाकृति चित्र र केटालाई जुँघा लगाइएकोबाट पुष्टि हुन्छ। तर एउटाभन्दा बढी ३, ५ र ७ जना राखी पठाउने कुनै औचित्य देखिदैन। यसमा आफूखुसी, तमासेपन र उत्ताउलोपना मात्र हो। यसमा कुनै विशेषता तथा अर्थ र महत्त्व छैन। न त परम्परागत तथा पौराणिकतामा नै मेल खान्छ। यसरी तडक भडक गर्नु आफ्नो धर्म संस्कृतिको अज्ञानता प्रदर्शन गर्ने चिनो मात्र हो भन्न सकिन्छ।

३. सा:- गाईलाई पहेंलो कपडा ओढाई त्यसमाथि तामाका ढाड करङ कुँदेको र खुर राखी ढोकाअगाडि राखी विधिवत् पूजा र गौदानसमेत गरी नगर परिक्रमा गराइन्छ। परिक्रमा गरी आइसकेपछि पुन: पूजा गरी गाईको पुच्छर पखाली मृतकलाई तर्पण गरी जलले सिंचन गरेपछि समाप्त हुन्छ।

यसरी स्वयं गाईलाई नै देश परिक्रमा गराउने परिपाटी आदिकालदेखि चलिआएको परम्परागत साया: (गाईजात्रा) पर्वको विपरीत देखिन्छ। किन कि भाद्र कृष्ण प्रतिपदालाई "बलीवर्दप्रतिपदा" र त्यसदिन गरिने साया: (गाईजात्रा) लाई "वलीवर्दोत्सव" पर्व भनिन्छ। उपर्युक्त वैलोचन वचन र शिवका वचनहरूबाट "भाद्र कृष्ण प्रतिपदाका दिन वृषभलाई पूजा गरी नगर परिक्रमा गराएमा वृषोत्सर्गको फल प्राप्त हुन्छ" भनी स्पष्ट बताएकाले यस तथ्यका आधारमा गाईलाई नै देश परिक्रमा गराउने प्रक्रिया युक्तिसंगत देखिदैन। साथै शास्त्र र पुराण तथा वचन विपरीत छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतएव यसरी साया: (गाईजात्रा) पर्व मनाउँदै आइरहेकामा कुन ठूलाको र कुन सानाको तथा कुन पुरुषको र कुन स्त्रीको हो भन्ने स्पष्ट छुट्टिँदैन। सबै एकै नास देखिन्छ। यस अतिरिक्त यस कान्तिपुरका साया: (गाईजात्रा) पर्वमा कुनै मल्ल राजाले पनि चाख देखाएको आभास पाइँदैन। न त भक्तपुर र ललितपुरको जस्तो कुनै चर्चा र विवेचना गर्ने लायकको विशेषता नै थपिएको देखिन्छ।

परन्तु यो भाद्र कृष्ण प्रतिपदा, वलीवर्द प्रतिपदा तथा सापारुका दिन मनाइआएको साया: (गाईजात्रा) पर्व वृषोत्सर्गको विकल्पअनुरूप वलीवर्दोत्सवकै अनुसरण गरी मनाइआइरहेको हो / होइन भन्ने विषयमा केही विचार गरिन्छ। किनभने यस परिपाटीमा धेरै विकृति आइसकेको पाइन्छ। यहाँ धर्मशास्त्र पुराण तथा परम्पराविपरीत भएको देखिन्छ। यद्यपि भाद्र कृष्ण प्रतिपदाका दिन वृषोत्सर्गअनुरूप बलीवर्दोत्सवकै रूपमा साया: (गाईजात्रा) पर्व मनाइआइरहेको हो भने कुनै मृतकको वृषोत्सर्ग गरिसकेको छ भने त्यसको उक्त दिन साया:(गाईजात्रा) पर्व मनाउनु नपर्ने स्वसिद्ध देखिन्छ। तर त्यस दिन उक्त पर्व मनाइनुले यो स्वत: धर्मशास्त्र पुराण परम्परा र संस्कृतिविपरीत देखिन्छ।

साथै बेल विवाह न व्रतबन्ध भई नसकेका बालकको मृत्यु भएमा वृषोत्सर्ग गर्नू भनी कुनै धर्मग्रन्थमा उल्लेख भएको पाइँदैन। जसको त सपिण्ड क्रियासम्म नै गरिँदैन, त्यस्ता बाल-वालिकाको नामबाट वृषोत्सर्ग गर्नु पर्दैन भन्ने स्वसिद्ध छ। यस्ताको पनि उक्त दिन साया: (गाईजात्रा) पर्व मनाइआएको पाइन्छ। यो पनि धर्मशास्त्र र परम्पराविपरीत देखिन्छ।

यस अतिरिक्त पति वा पुत्रवती नारी मृत्यु भएमा तिनका नामबाट वृषोत्सर्ग गर्नु पर्दैन भन्ने गरुड पुराणको वचन पाइन्छ। यस्तै जेठो छोराले बाबुको किरिया गरेमा त्यसको पनि वृषोत्सर्ग गर्नु पर्दैन भन्ने पुराणको वचन देखिन्छ। यस्ताको पनि उक्त दिन साया: (गाईजात्रा) पर्व मनाइआएका छन्। यो पनि पुराण र धर्मशास्त्रविपरीत नै देखिन्छ।

जेहोस्, यो साया: (गाईजात्रा) पर्व खासगरी नेवार समाजको मौलिक तथा महान् सांस्कृतिक पर्व हो। यसका आफ्नै खालका परिपाटी तथा प्रक्रिया, महत्त्व तथा विशेषता छन्। त्यसैले परम्परादेखि चलिआएको यस जात्राले आफ्नो मौलिक संस्कृतिको जगेर्ना गरिराखेको पाइन्छ। अस्तु॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाषा र साहित्यमा पाल्पाली सेनहरूको भूमिका

– डा. बिष्णुप्रसाद घिमिरे

भारतीय आर्य भाषाको प्राचीन रूप वैदिक संस्कृत हो । यसपछि पाली एवं प्राकृत र त्यसपछि शौरसेनी, मागधी, अर्धमागधी, महाराष्ट्री, पैशाची आदिको नामले प्रयोग भएको पाइन्छ ।[१] भारतीय आर्यभाषा विकासको दोस्रो चरण पाली एवं प्राकृत भाषा युगले चिनिन्छ । यही पाली भाषाको केन्द्र पाल्पाको दक्षिणी क्षेत्र थियो । संस्कृतपछिको लोकभाषाका रूपमा यसले धेरै शताब्दीसम्म जनमानसमा स्थान लिएको थियो ।

सेनहरूको भाषा शौरसेनी अपभ्रंशबाट विकसित राजस्थानी थियो ।[२] यिनै सेनवंशका रुद्र सेनले विक्रमको सोह्रौं शताब्दीको मध्यतिर पाल्पामा सेनराज्यको स्थापना गरेपछि पाली भाषाभन्दा खस भाषाको छिटो प्रसार हुनुका साथै यो छिटै लोकप्रिय बन्यो । पूर्वतिर फैलँदै गएको खस भाषालाई गुरुङ, मगर, तामाङ, नेवार आदिले शुरुशुरुमा 'खसकुरा' भने पनि पछि यसैले 'नेपाली भाषा' को रूप लिन पुग्यो । पाल्पाली राजा रुद्र सेनका छोरा मुकुन्द सेन प्रथमको राज्यविस्तार कार्य सँगसँगै नेपाली भाषा पूर्वी क्षेत्रमा फैलियो र यसले स्थानीय जनजातिको संपर्कले गर्दा भोजपुरी, मैथिली, भोटबर्मेली आदि अन्य भाषा भाषीको प्रभावसमेत ग्रहण गऱ्यो । साथै फारसी शब्द पनि नेपालीमा प्रवेश गरे । भोजपुरी भाषा विशेषतः रौतहट, बारा र पर्सामा बढी फैलेको भए पनि झापादेखि बुटवलसम्मको तराई क्षेत्रमा समेत सामान्य रूपमा देख्न सकिन्छ । जनकपुर क्षेत्रमा मैथिली भाषाको प्रधानता रहेको छ भने पाल्ही, माझखण्ड, खजहनी, शिवराज, बाँके, बर्दिया आदि क्षेत्रमा अवधी भाषा फैलिएको पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुकुन्द सेन प्रथमका वंशजहरू पाल्पा, तनहूँ, मकवानपुर, विजयपुर, चौदण्डी, राजपुर, रिसिङ, विनायकपुर (बुटवल) आदि क्षेत्रमा फैलिएर राज्य गरे। यसरी नेपालको करीब आधाभन्दा बढी क्षेत्रमा शासन चलाई बसेका सेनहरूको शासन वि. सं. १८१९ देखि १८६१ को बीच गोरखालीहरूद्वारा अन्त्य भयो। तैपनि सेनहरूले विभिन्न क्षेत्रमा ठूलो योगदान दिएको पाइन्छ। भाषा र साहित्यका क्षेत्रमा पनि यिनीहरूको ठूलो भूमिका रहेको छ। सेनहरूले बोल्ने अगाडिको भाषा शौरसेनी अपभ्रंशबाट विकसित राजस्थानी भाषा भए पनि नेपालमा उनीहरूको शासन कायम भएपछि स्थानीय भाषाभाषीको प्रभाव पर्दै गयो। साथै सरकारी कागज पत्रमा समेत कैथी लिपि, भोजपुरी–अवधी मिश्रित भाषालाई स्थान दिएको पाइन्छ। पाल्पा राज्यका संस्थापक रुद्र सेनदेखि सात पुस्तापछिका राजा गन्धर्व सेनको वि. सं. १७८० को पत्रमा प्रयोग भएको भाषा यस प्रकार छ :–

> "स्वस्ती श्री ... ...
>
> आगे धनराम जौइसी कै कुसुमषोला षेत मूरी १४० लगापात समेत डिहीको हम कुश वृन्ति दिहल सिवाने पूर्व देउराली षोला कै दोमही से उपर दर्ला दोवाटा वल्ड्याङ जान्या वाटा गोदही पोषरी समेत उपर वाटा दषिन वयर्दीप कुवा गाजुंटु वाहुंडाडा वाटा आगि ढाल पानीढाल लप्सी षोला साघ दिहल संवत १७८० मिति वैशाष शुदि रोज ५ मु. प्रयास शुभम[३]

यस्तै पाल्पाका अन्तिम सेन राजा पृथ्वीपाल सेनको वि. सं. १८५८ को पत्रको भाषा हेरौं :–

> "स्वस्ती श्री ... ...
>
> आगे जोषुपाध्याकै षुकरा हांडिठाना वोवा घाटकै १४० मुरी षेत दिहल आपन षात्रिज्मा से षांहि आसिर्वाद देहि षिजमत करै संवत १८५८ साल जेठ वदी ५ रोज १ मु - तार्नसिंग शुभम[४]

यी पत्रहरूको अध्ययनद्वारा पाल्पाली राजाहरूका पत्रहरूको भाषा र लेखाइमा केही छरितोपना आइराखेको झल्कन्छ। उता गोरखा दरवारमा पनि रणवहादुर शाहको समयसम्म मैथिली भाषामा समेत पत्रहरू पठाइने चलन रहेकामा स्थानीय पत्रमा मैथिलीमा लेखे पनि दरवारमा पठाउने पत्रमा नेपाली लेख्नू भन्ने आदेश भएको देखिन्छ।[५]

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसरी पाल्पाली सेनहरूले नेपाली भाषाको विस्तार कार्यमा जुन योगदान दिए कैथीलिपि र भोजपुरी–अवधी मिश्रित भाषालाई जसरी संरक्षण दिए, तिनका सँग-सँगै संस्कृत भाषा र साहित्यलाई पनि लोप हुन दिएनन् । बरु संस्कृत भाषामै साहित्यको भण्डार भरेर छाडे, तिनै साहित्यिक ग्रन्थहरूको चर्चा तल गरिन्छ :–

पाल्पा राज्यका संस्थापक रुद्र सेनको दरवारमा वसन्त नामका ज्योतिषी थिए । रुद्र सेनका छोरा मुकुन्द सेनको दरवारमा वसेर नारायण सिंहले 'मुकुन्द विजय काव्य' लेखेका थिए ।[६] मुकुन्दसेन प्रथमदेखि सात पुस्तापछिका वंशज मुकुन्द सेन द्वितीयका समयमा पनि अनेक ग्रन्थ लेखिए । वि. सं. १८०७ मा मुरलीधर शर्माले 'गण्डकी स्तोत्र' लेखेका थिए ।[७] यसमा गण्डकीको महिमा गाउनुका साथै शालीग्रामको पनि वर्णन गरिएको छ । यिनै मुकुन्द सेन द्वितीयका दरवारमा नवरत्न भनिएका विभिन्न व्यक्तिको चर्चा कर्मकाण्ड निवन्धमा लेखिएको पाइन्छ ।[८] पण्डित कुलनिधि शर्माद्वारा बनाइएको कर्मकाण्ड विधि र कर्मकाण्ड निबन्घ नामका दुई हस्तलिखित ग्रन्थ उल्लेखनीय छन् । यीमध्ये 'कर्मकाण्ड निवन्घ' को प्रथम खण्डमा हिन्दू कर्मकाण्डको परिभाषा, ग्रह, यज्ञ आदि दिइएको छ । दोस्रो खण्डमा हरितालिका पूजा, गणेश चतुर्थी, व्रतोद्यापन विधि, व्रत आदिको उल्लेख छ । अर्को खण्डमा जन्मदेखि मृत्युसम्म गरिने अनेक संस्कारको चर्चा छ । कर्मकाण्ड विधि नामक अर्को ग्रन्थमा मुकुन्द सेनका वंश, कर्मकाण्ड आदिको चर्चा गरिएको छ । यी दुवै ग्रन्थ संस्कृत भाषामा छन् ।

यसै समयतिर तनहूँ र पर्वतमा पनि अनेक ग्रन्थ लेखिएका थिए । वि. सं. १७८० तिरका पर्वतका दरवारी विद्वान् प्रेमनिधि पन्तले पर्वतको वंशावली, प्रायश्चित प्रदीप आदि ग्रन्थ लेखेका थिए भने प्राणमञ्जरी नामकी महिलाले 'कमला नाम्नी त्रिपुरासुन्दरी पद्धति' नामक ग्रन्थ लेखेको अवगत हुन्छ ।[९] यस्तै वीरशाली पन्तले 'श्री कृष्ण चरित्र' लेखेका थिए ।[१०] यता तनहूँमा पनि राजा त्रिविक्रम सेनले 'ब्रह्मविद्याभरण जय विधि, अश्वपरीक्षणम्[११] प्रज्ञातिलकम्[१२] आदि ग्रन्थ आफैंले लेखे र कैयौं ग्रन्थ लेख्न लगाए । यसै समयतिर गंगा विष्णले तनहूँका सेनवंशी राजाहरूको वंशावली लेखे । यता पल्पामा पनि कुलनिधि शर्माले मुकुन्द सेन द्वितीयका पुर्खा र सन्तानसहितको वंशावली तयार गरे ।

यिनै मुकुन्द सेन द्वितीयका छोरा महादत्त सेनले पनि दरवारमा विद्वान्‌हरू राखी आफ्ना छोराहरूलाई शिक्षा–दीक्षा दिलाउनुको साथै विविध विषयका ग्रन्थ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि लेखाएका थिए। यिनका जेठा छोरा पृथ्वीपाल सेन वैयाकरण पनि थिए, जलले पछि 'प्रासाद कौमुदी' नामक संस्कृत व्याकरणको पुस्तक पनि लेखे।[१३] पृथ्वीपाल सेन र यिनका भाइ रणबहादुर सेनले उर्दू भाषा पनि जानेका थिए। यिनले सरकारी छाप, उर्दू अक्षरमा समेत बनाएका थिए। रणबहादुर सेनले उर्दू-मै आफ्नो हस्ताक्षरसमेत गरेको पाइन्छ।[१४] रणबहादुर सेन संस्कृत भाषाका विद्वान् पनि थिए। यिनले लेखेका 'गण्डकी स्तोत्रम्; स्वप्न परीक्षा, तर्पण विधि, ब्रह्मशब्द निर्णय आदि ग्रन्थहरू पनि छन्।[१५]

यिनै रणबहादुर सेनलाई पढ्नका निम्ति भनी वि. सं. १८४२ मा श्रीनगर राजधानीमा बसेर ज्योतिषी जगन्नाथले 'रसतङ्गिणी र करटीकौतुकम्' नामक ग्रन्थ पनि लेखेका थिए।[१६] यसैगरी डम्बर सेनले वि. सं. १८४३ मा 'वाजीशाली-होत्रम्' नामक ग्रन्थ लेखेको देखिन्छ।[१७] यसैगरी उमामहेश्वरको संवाद भएको "समयाचारतन्त्र" शीर्षकको "संवत् १७२३ वरसे फाल्गुनमासे शुक्लपक्षे १४ चतुर्दशी भृगुवासरे लमतरजुगवासिते गण्डक्यामुत्तरे तीरे लक्ष्मीनारायण सन्निधौ रणछोडेन लिखितम्" भन्ने अन्तिम वाक्य भएको अर्को पुस्तक पनि नेपाल राष्ट्रिय अभिलेखालयमा सुरक्षित छ।

यसरी नेपालको पश्चिमी क्षेत्र, जुन मध्यकालमा चौबीसी राज्य क्षेत्रको नामले प्रसिद्ध थियो। त्यसै अन्तर्गत रहेका पाल्पा, पर्वत, तनहूँ आदि राज्यका राजाहरूले शिक्षा, संस्कृति, भाषा, धर्म, साहित्य, दर्शन, कर्मकाण्ड, इतिहास, व्याकरण, पशुवैद्यकम्, पक्षीवैद्यकम्, ज्योतिष आदि विषयका ग्रन्थहरू कुनै आफैंले लेख्ने र कुनै अरूलाई लेख्न लगाउने गरी साहित्यको ठूलो भण्डार भरेर गए। आज त्यस्ता कतिपय मूल्यवान् हस्तलिखित ग्रन्थहरू राष्ट्रिय अभिलेखालयमा र कतै व्यक्तिगत संग्रहमा पनि रहेका छन्। कति आवश्यक ममता नपाएर नाश हुँदै होलान्। यस्ता ग्रन्थहरूको समेत खोजी, संरक्षण एवं अनुसन्धान र मूल्यांकन हुन सकेमा नेपालको विगत साहित्यले सम्मान पाउनेछ। साथै भविष्यका निम्ति मार्ग-दर्शन पनि प्राप्त हुन सक्नेछ।

पाद टिप्पणी

१) चूडामणि उपाध्याय रेग्मी : **नेपाली भाषाको उत्पत्ति** काठमाडौं, साझा प्रकाशन, दो. सं. २०३२) पृ. १३३

२) ऐ. ऐ. पृ. ३०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) डा. विष्णुप्रसाद घिमिरे : **पाल्पा राज्यको इतिहास** (भाग १)
चितवन, घिमिरे प्रकाशन २०४५ परिशिष्ट(क)

४) ऐ. ऐ.

५) रणबहादुर शाहले वक्सी अभिमान सिंहलाई लेखेको पत्र

"स्वस्ती श्री ··· ···

आगे वक्सी अभिमान सिंह वस्न्यातको ···· उप्रान्त अघि अघि लेख्या वेहोराबाट नलेखी क्या अर्थले मीथिल भाषामा लेख्याको हो — त्यताका अर्थलाई मधेश्यामा लेख्या पनि हर्जुर्मा आउन्या पत्र जति हो - तति आफ्नै भाषा गरी नागरीमा लेखन्या गर्नु —

दयाराम श्रेष्ठ 'सम्भव' **शाहवंश र नेपाली भाषा साहित्य** (काठमाडौं, श्री ५ को सरकार, सूचना विभाग २०३९) पृ. २९

६) राष्ट्रिय अभिलेखालयमा सुरक्षित

७) ऐ. ऐ.

८) ऐ. ऐ.

९) ऐ. ऐ.

१०) ऐ. ऐ.

११) ऐ. ऐ.

१२) डा. डी. आर. रेग्मी - **मोडर्न नेपाल** (भोल १) (कलकत्ता : फर्मा के. एल
मुखोपाध्याय १९७५ ई.) पृ. ६४

१३) **प्रासाद कौमुदी** (पूर्वार्ध) डा. केशवराम जोशी, प्युखाटोल काठमाडौंको
संग्रहमा सुरक्षित

" " (उत्तरार्ध) राष्ट्रिय अभिलेखालयमा सुरक्षित

१४) विष्णुप्रसाद घिमिरे : **पाल्पा राज्यको इतिहास** (चित्रावली)

१५) राष्ट्रिय अभिलेखालयमा सुरक्षित

१६) ऐ. ऐ.

१७) ऐ. ऐ.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

थानकोटस्थित चन्दन भराटकेश्वर मन्दिरका अभिलेखहरू

श्यामसुन्दर राजवंशी

काठमाडौं शहरी क्षेत्रबाट करीब १० कि. मी. पश्चिमी भेक, थानकोट महादेव गा. वि. स. मा एक प्रसिद्ध चन्दन भराटकेश्वर मन्दिर रहेको छ। यस मन्दिरको आसपासमा चारवटा शिलालेखहरू छन्। तीमध्ये सबभन्दा प्राचीन ने. सं. ७५८ को शिलालेख हो। यस अभिलेखमा संवत्को अङ्कबाहेक अन्य बेहोरा बुझ्न सकिने स्थितिमा छैन। यहाँ ने. सं. ८३२ को अर्को एक शिलालेख र एक नारायण मूर्ति उपेक्षित किसिमले खरीको बोट भन्ने ठाउँमा अलपत्र रहेका छन्। संभवत: यी दुवै शिलालेखहरू चन्दन भराटकेश्वर मन्दिर नजिकको पाटीको हुनुपर्छ। यो कुरा शिलालेखहरूको शीर्ष स्थानमा शिवलिङ्ग चित्र अङ्कित भएबाट थाहा हुन्छ।

मन्दिरको उत्तरपट्टि रहेको देवस्थल (जसलाई स्थानीय बासिन्दाहरू नासल् देवता भन्दछन्) मा तोरणयुक्त ने. सं. ८०९ को शिलालेख छ। तोरणमा शक्ति सहितको गणेश र पश्चिमभित्तामा गणेश मूर्ति भएबाट यो देवस्थल गणेश थान हो भन्ने बुझिन्छ। अभिलेखमा श्री ३ गणपतिलाई तोरणबनाई प्रतिष्ठा गरिदिएको कुरा उल्लेख छ। यसमा पाटनका राजा योगनरेन्द्र मल्लको नाम पनि शुरुमै उल्लेख गरिएको छ। यो अभिलेख ११ पंक्तिमा नेवारी लिपिमा कुँदिएको छ। अभिलेख कुँदिएको भाग ३४ से. मी. लम्बाइ र २० से. मी. चौडाइ रहेको छ।

यस धार्मिक स्थलमा रहेका शिलालेखहरूमध्ये सबभन्दा महत्त्वपूर्ण चन्दन भराटकेश्वरको मन्दिरको दक्षिण ढोकामा राखिएको अभिलेखलाई मानिन्छ। यसमा शीर्ष भागमा दायाँबायाँ चन्द्र र बसाहा, बीचमा त्रिशूलको चित्र अङ्कित छ। यसमा संवत् ने. सं. ८११ वैशाख कृष्ण पंचमी बृहस्पतिवार छ र २२ पंक्ति संस्कृत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाषामा र बाँकी नेवारी भाषामा गरी जम्मा ३७ पंक्ति छन्। यसको लिपि नेवारी रहेको छ। अभिलेख कुँदिएको भाग ४२ से. मी. लम्बाई र ३७ से. मी. चौडाई रहेको छ। अभिलेखको पादपीठको केही अक्षर फुटिसकेको वाहेक अन्य पाठ यथावत् रूपले स्पष्ट छ। लिपि नेवारी नै भए पनि शिलालेख र पादपीठको अक्षर-मा केही भिन्नता देखिन्छ। यस अभिलेखमा पाटनका राजा योगनरेन्द्र मल्लको नामसहित तात्कालिक केही प्रतिष्ठित व्यक्तिहरूको नाम पनि उल्लेख पाइन्छ। साथै पात्रवंशी वैकुण्ठ भारोको वंशवर्णन पनि लेखिएको पाइन्छ। तात्कालिक राजपुरोहित रामचन्द्र पण्डित र वंशवर्णन छन्दोबद्ध गरी तयार गर्ने कवि गंगाधर पण्डितको नाम पाइनुको साथै चन्दन भराटकेश्वर मन्दिरको जीर्णोद्धार एवं सुवर्ण कलशको गजुर प्रतिष्ठा गरेको बेहोरा पनि पाइन्छ।

खरीको बोटमा रहेको अर्को एक शिलालेख ने. सं. ८३२ चैत्र शनिश्च-रवार को हो। यसमा शीर्ष भागमा दायाँ वायाँ चन्द्रमा र बीचमा शिवलिङ्ग चित्र अङ्कित रहेको छ। यो अभिलेख एघार पंक्तिमा नेवारी लिपिमा कुँदिएको छ र कुँदिएको भाग ३० से. मी. लम्बाइ र २२ से. मी. चौडाइ रहेको छ।

यी शिलालेखहरूको पाठ तल क्रमैले प्रस्तुत गरिन्छ।

(क) वि. सं. १७४५ को पाटनका राजा योगनरेन्द्र मल्लको अभिलेख :-

पाठ :-

१) श्री ३ योग नरेन्द्र मल्ल (योग नरेन्द्र मल्ल) थाकु
२) र या प्ररसः कलुमाज् कासि
३) राज जु भारोः चिकतिजु भारो छ्य भाजु थ्वमि षुस जुरो
४) श्रेयोस्तु सम्वत ८०९ चैत्र कृष्ण दशम्यान्तीथौ (दशम्यान्तिथौ) धनेत्त (धनिष्ठा) नक्षत्रे ।। शुक्ल
५) योगे शुक्रवालसरे थ्वकुन्हु : श्री ३ गणपते या निमित्तिन : कुकिजुया ... ...
६) ... ... नवग्वाठ्या पुनिस्यन समूह ।। थ्व थान या इनास यात तोरन द
७) यका जुरो : थ्व तोरण दयकाया कभित जावर्नसि भावोः चितायाक
८) विसि भावो विश्वसि भावो ।। भागिसि भावो : मोहन सि भावो पुन
९) सि भावो ।। माह्लारि भावो ।। वह्लाम भावो ।। सिकु भावोः थ्वतिस्यन दयका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१०) जुरो ।। ध्व तोरण सुनानं सेनकलसा ।। गो हत्या ।। व्रह्महत्या : वाल ह
११) त्या ।। पेच महापाप रायच्र जुरो ।। शुभ सर्व्वदा : ।।

(ख) वि. सं. १७४८ को पाटनका राजा योगनरेन्द्र मल्लको अभिलेख :–

पाठ :–

१) श्री चन्दन भराटकेश्वराय नमः ।। स्वयम्भु वयं प्रणमामि च
२) न्दन भराटकेशं शिवलिङ्ग मी श्वर माम्हङ न्नवग्रामपुरे पुरातनम
३) म स्स्थले चन्दन भूभृत स्स्थितम ।। नेपाल पीठ ललिता नगर्य्या वैकुण्ठ
४) नामा सुजन प्रवीणः ।। परोपकारी नृपति प्रियो योव भूव भूपाल्पित नित्य–
सेवः ।। अ
५) मुष्य नाम्ना मधुरा प्रिया सीत्साध्वी सुवाणी सुतरां सुशीला लज्जाभियुक्ता
गृहकर्म्म विज्ञो प्रायोऽ
६) पराया कमलेव भूमेः ।। अस्यास्सु तानीद्धव धर्म्मवीरा नाम्ने त्रि लक्ष्मीः
प्रियावादिनी सान्या मित्य पत्ना
७) वहुत्प्रियस्य गृहेषु लक्ष्मीर्व्व वृधतदैव ।। अस्याधवोऽ भून्मुतिया जनाना
परोपकारी कूल धर्म्म
८) धारी ।। यस्सेवयातो धित भूमिपालेः ससज्जनाली गणनाग्रगामी ।। पुत्रौव-
भुवतुस्तस्य सुशीलौ प्रिय
९) वादिनौ । ज्येष्ठो लक्ष्मीधरो नाम्ना लक्ष्मीराजोनूजोऽपरः ।। नित्यं कुमारी
पद भक्ति चित्तौ, साधु स्वभावौ
१०) चतुरौ दयालू । तुतोषतुस्तौ नृपति सदैव भोज्योपचारो चितकर्म्म दक्षौ ।।
लक्ष्मी राजोयष्कनिष्ठो गु
११) णज्ञो नित्यं नृत्ये तोषयामास धीरः रागेग्गीतौ श्री नरेन्द्र न्नरेशं शक्वं प्राप्ते
शेव गन्धर्व्व मुख्यः ।। नृप
१२) प्रेम पात्र प्प्रवीण प्प्रधान स्संगीता दि सङ्गीत विद्यासुविज्ञः सदागीत
गारोद्य माऽन्तप्पुरेऽसौ नरेन्द्रे
१३) ण भूपेन साकें ससाद ।। शत्रुणा युग पज्जहार तरसा प्रोद्यत्प्रतापी वली यो
दुर्ग्गान्नवसंख्यकान्न
१४) परत स्सङ्गीत विद्यान्तगः ।। श्री मद्योगनरेन्द्र भूपतिरसौ नेपाल भूपाधिपो
लक्ष्मी राजममुसुराय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१५) निपुनं मत्वा मुमोदाऽदिशम ।। वैकुण्ठ नाम्ना स्वपितामहेन विनिर्म्मित स्वल्वमठं पुराणमा जीर्ण्ण

१६) नवग्राम महेश्वराय दृष्ट्वा कनिष्ठाया मुमोद सोयमा । ज्येष्ठ भ्राता समेतं कृत्य सोयं लक्ष्मीराजो

१७) योऽनुजाजीर्ण्ण भाजः ।। प्रासादस्य श्री नवग्राम शम्भोज्जीर्ण्णोद्धारं कारया मास भक्त्या ।। मठममु

१८) भुविवीक्ष्यशशङ्किरे गगण चारिण एव महोमुहुः ।। किमलिन सवलितं सुमनो गिरेः रुचि

१९) र शृङ्गमि वह विराजितम् ।। ।। अब्दे ब्रम्हमहीवसौ गुरु दिन वैशाषमासे तिथौ पंचम्यां वृषरा

२०) शिभास्वतिगते पक्षेऽवलक्षेतरे ।। लक्ष्मीराज गिराविधायच मखंश्री रामचन्द्रो द्विजष्प्रासादो

२१) परितत्रहेम कलशं स्थानो स्तदाऽस्थापयत् ।। वंश वर्ण्णन संवाद्धान श्लोकाने तान चीकरत्

२२) श्री मद्गङ्गाधरो विप्रः श्री शम्भुप्रीति वांछया ।। ।। अनेन जीर्ण्णोद्धारेण श्री ३ सदाशिवः प्रीणातु ।।

२३) श्रेयोस्तु ।। पुनन्नेपालभाषा ।। श्री राजवै वज्रआरोग्य भंडिरमुतिराज भारोस पुत्रल

२४) क्षमी राज भारो स्वम्ह व अजाजु दनह्लाछे ध्वाखा वाहार गृह पात्रवंश राद्भूत वैकुण्ठ

२५) भारोसन दयका गुलि नवग्वाठया श्री स्वयं भु महादेवया देवलचा जीर्ण्ण जुस्यं ध्वं

२६) स जुयाः श्रो लक्ष्मीराज भारोन सकल शस्त्रशास्त्रं पारावार पारग चतुर चुडाम

२७) णि महाराजाधिराज श्री योग नरेन्दमल्लदेव थाकुर श्रो संमतन आज्ञा कास्यं

२८) पुन थव माता लक्ष्मिनीजु ज्येष्ठ भ्राता लक्ष्मीधर जुव संमतन संमधार यास्यं

२९) पुनः थ्वम्ह श्री चन्दन भराटकेश्वर महादेवन स्वप्नस उपदेश विस्यं हर्षमा

३०) न जुया श्रो थ्वम्ह लक्ष्मी राज भारोन उगुलि देवरचाया जीर्ण्णोद्धार याङा

३१) न थ्व देवल दयकु जुरो ।। सम्वत ८११ वैशाख कृष्ण पंचम्यां तिथौ उत्त

३२) राषाढ नक्षत्रे शुक्लयोगे वृहस्पतिवासरे थ्वकुन्हु थव गुरु प्रोहित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३३) व खं निम्हं गृह द्विजवर श्री रामचन्द्रजुन दिन यज्ञ यास्यं थ्व प्रासादो
३४) परि सुवर्ण्ण कलश ध्वजावरोहन यास्यं प्रतिष्ठा याङा दिन जुरो ।।शुभं।।
३५) पुनर्भाषा वैकुण्ठ भारोसन थव स्वाधिकार नवग्वात वु या वर्सानंस ए
३६) व श्री महादेवस्के नित्य पूजा यात व मत विय यात व दुंता गु ल शि
३७) वु ख पूजा वारि श्रादि सुनानं लोभा मोह याय मदु पुनर्भाखा ल

क्ष्मीनी मयीन प्रपिता वैकुण्ठ भारो मातृ मधुरा मयी भरीस श्रो नामन स्वाधिकार वुया वर्सानं वर्ष प्रतिशिवरात्रि कुन्हु पूजाभं डि १ सादुदु यात २ दं १ घेरकस्ति साखरजो १ निशूावुँ खं देवर

पूजावारिस्त दक्षिणा ... ... चेकनमत प्वात ५ छोयेके ।। थ्व सति कुन्हु साम्हं ५ पूजा यास्य छोकुड १० दं ५ चि नकेमार । शु की २ से ह्लो स्तले नकेमार थ्वतिं परसेक चिंतायाक पनिस्ता तोप जुल

तल्लो शिलाको पाठः-

१) थ्वतिया चिंतायाक थंक्वात देशया मदन मोहन भारो
२) ... ... पंदव भारो शिव मोहन भारो रामसाहि भारो थ्वतिजुरोथे न चो
३) ... ... कौ यातसा शास्त्र स्र ह्लाको फल लाक जुरो । मयातसा पंच
४) (महापातक) थ्वम्ह श्री महादेवया कुद्रिष्टि जुरो ।।शुभं।।

(ग) खरीको बोटको अभिलेख

पाठः-

१) उं नम शिवाय ।। त्रिशूल दमलू हस्तं त्रि
२) नेत्र त जटा धरा नील कंण्ठं चन्द्र चूडामणि
३) चन्द्र भरातकं ।। संवत ८३२ चैत्र द ध्रुव
४) नक्षेत्र: शिवयोग शनिश्चर थ्व कुन्हु दत्तन महा
५) लक्ष्मी मइन शिवप्रीतिन थ्व फले दयका व
६) प्रतिष्ठा याङा दिन ।। ।। शिवरात्री कुन्हि पूजा
७) याट । वै चेक प्र १ या मत यात १ छोयके मार थ्व न स
८) तिथ्व फलेस चेकनं कुड ५ रोवु ... ... यात भुवि यो
९) दु थ्वति दयकं दान पिते मार ।। ।। थ्व या चिता या
१०) क स एव दत्त रा छे या: सिरजु (दतरा) छे (तोर) या
११) श्रमात्य सिद्धिराज ... ... व नेम्ह सेन श्रविछिनं निस्तरपे मार ।। ।। पुनशुभह ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिखरनारायण मन्दिरको वास्तुकला

–उद्धव आचार्य

फर्पिङको शिखरनारायण मन्दिर नागफणाकारको पर्वतको फेदीमा अवस्थित छ। यो मन्दिर एक तहको पेटीमाथि निर्माण गरिएको छ। नेपाली तले शैलीमा निर्मित यो मन्दिर धेरै तलाको अग्लो नभएर केवल भुइँखण्डको मात्र छ।

नेपालको तले शैलीलाई विदेशी विद्वान्हरूले "प्यागोडा" नामाकरण गर्नुका साथै यस शैलीको उत्पत्तिका बारेमा पनि विभिन्न तर्क दिएका छन्। नेपाली तले शैलीलाई "प्यागोडा" शैलीको संज्ञा सिल्भा लेभी, पर्सिब्राउन, पर्सिभल ल्यान्डन आदि विदेशी विद्वान्हरूले दिएका हुन्[१] पर्सिब्राउनका अनुसार प्यागोडा शैली गुजरात, मालवार, दक्षिण कन्नड र पूर्वी उडिसाको शिखरशैलीको अनुकृति हो।[२] सिल्भालेभीले प्यागोडा शैलीको उद्‌भव भारतमा भएको र नेपालमा केही परिवर्तनका साथ विकास भई नेपालबाट यो शैली तिब्बत तथा चीनसम्म पुगेको मान्नुभएको छ।[३] के. पी. जयसवाल[४] फर्गुसन[५] आदि विद्वान्हरूले प्यागोडा शैलीको विकास नेपालमै भएको मानेका छन्। रोनाल्ड एम बर्नियर[६] उल्फगाङ कर्न[७] आदिले पनि यो शैलीको विकास नेपालमै भएको मान्नुभएको छ। मनवज्र वज्राचार्यले हावाको झोक्का तथा हिमपातबाट जोगाउन हिमाली धुपी वृक्षका आधारमा यो शैली नेपालमै विकास भएको मान्नुभएको छ।[८] नेपाली विद्वान्हरूमा स्वयम्भूलाल श्रेष्ठले विभिन्न उदाहरणहरू दिएर देवीलाई कहिने द्रविड शब्द पगोडी पुर्तगाली भाषामा प्रयोग भएर यसैबाट पैगोडा भएको मान्नुभएको छ।[९] तारानन्द मिश्रज्यूले वंशावली तथा अभिलेखहरूमा मन्दिरका लागि देवकूल, छात्राकार, ग्रन्थकूट आदि शैलीको उल्लेख भएको तर कतै पनि प्यागोडा शब्दको उल्लेख नभएकोले 'प्यागोडा' नेपाली मन्दिर शैलीको विदेशीहरूले दिएको भ्रामक नाम हो भनी मान्नुभएको छ।[१०] अतः यस शैलीलाई नेपाली तले शैली नामाकरण गर्न उपयुक्त हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालका वंशावलीहरूमा लिच्छवि राजा सुपुष्पदेवले शास्त्रोक्त प्रमाणबाट पशुपतिनाथको मन्दिर बनाई सुनको छाना हालेको वर्णन पाइन्छ ।[११] यसैगरी हरिदत्त वर्माले चार शिखरमा चार नारायणको स्थापना गरी मन्दिर बनाएको उल्लेख पनि वंशावलीहरूमा पाइन्छ ।[१२] मानदेवको संवत् ३८६ को चाँगु अभिलेखबाट मानदेवपूर्व नै चाँगु नारायणको मन्दिर निर्माण भइसकेको बुझिन्छ ।[१३] संवत ३८९ को लाजिम्पाट र तिलगङ्गाको विष्णुविक्रान्तको पाद-पीठमा अंकित अभिलेखबाट मानदेवले राम्रा मन्दिरहरू बनाई विष्णुविक्रान्तको मूर्ति स्थापना गरेको कुरा स्पष्ट हुन्छ ।[१४] मानदेवकी रानी क्षेम सुन्दरीको लाजिम्पाट शिवलिंग पीठको लेखमा 'ऐशान' नाउँ भएको शिवलिंग स्थापनाका लागि बलियो भवन बनाउने उल्लेख पाइएको छ ।[१५] यसका साथै लिच्छविकालका प्रशस्त अभिलेखहरूमा मन्दिर निर्माण गराएको उल्लेख पाइन्छ । यसरी लिच्छविकालका अभिलेखहरूबाट त्यस समयमा राम्रा तथा बलिया मन्दिरहरू निर्माण भएको कुरा स्पष्ट हुन्छ । यी मन्दिरहरू कुन शैलीमा निर्माण गरिएका थिए स्पष्टसँग भन्न सकिने कुनै प्रमाण पाउन सकिएको छैन तापनि चिनियाँ स्रोतको वर्णनबाट नेपालका दरबार र मन्दिरहरू तले शैलीका थिए भन्ने बुझिन्छ ।[१६] अहिले हाम्रा सामु भएका चाँगुनारायण, पशुपतिनाथ, इन्द्रेश्वर (पनौती), भक्तपुरको न्यातपोल, काठमाडौंको तलेजू मन्दिर आदि तले शैलीका उल्लेखनीय मन्दिरहरू हुन् । यी मन्दिरहरू पटक पटक जीर्णोद्धार भइसकेका हुनाले प्रारम्भमा यी मन्दिरहरू कुन शैलीका थिए भनेर निश्चित रूपमा भन्न सकिन्न तापनि मन्दिर जीर्णोद्धार गर्दा परम्परागत शैली अनुसरण गरिने प्रचलन कायम रहेकाले प्रारम्भमा पनि यी मन्दिरहरू आजका जस्तै तले शैलीका थिए भन्न सकिन्छ ।

ईसाको सातौं शताब्दीको उत्तरार्धमा नेपाल आएका वाङ्युङ्चेलाई उद्धरण गर्दै ताङ वृत्तान्तमा नेपालको राजधानीमा अनेक तलामा विभक्त २०० फीट अग्लो ८० मीटरको घेरा भएको सात तले माथिल्लो भाग मात्र १० हजार मानिस अटाउने बहुमूल्य रत्नहरूले सिंगारिएको राजप्रासादको उल्लेख छ ।[१७] यसबाट लिच्छविकालीन वास्तुकला उन्नत अवस्थामा पुगेको तथा तले शैलीको थियो भन्ने कुरा स्पष्ट हुन्छ ।

शिखरनारायण मन्दिरमा रहेका अभिलेख तथा अन्य कागजपत्रहरूमा हालको शिखरनारायणको मन्दिर कहिले निर्माण भयो उल्लेख गरिएको पाइँदैन । रोनाल्ड एम. वर्नियरले शिखरनारायणको मन्दिर सत्रौं शताब्दीमा निर्माण भएको मान्-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएको छ।[१८] छानालाई छोडेर अन्य वास्तुकलाका आधारमा पनि उक्त मन्दिर मध्यकालको उत्तरार्धतिरै निर्माण भएको बुझिन्छ। यस मन्दिरलाई निम्न प्रकारले वर्णन गर्न सकिन्छ।

जग तथा पेटी

प्राचीन तथा मध्यकालीन वास्तुकलामा मन्दिरहरूको जग कस्तो किसिमको र कति गहिरो हुन्थ्यो भन्ने कुरा सही तरिकाबाट भन्न नसके तापनि मन्दिरको भव्यतालाई ध्यानमा राख्दा जग निकै गहिरो र दरिलोसँग बनाएको देखिन्छ। तर शिखरनारायणको मन्दिर गुफा जस्तो स्थानमा बनाइएको र यस मन्दिरको धेरै तला पनि नभएकाले जग पनि त्यति गहिरो नभएको अनुमान हुन्छ। यसैगरी मन्दिरका पेटीहरू विभिन्न आकारका देखिन्छन्। मन्दिरमा एउटा मात्र पेटी र धेरै पेटीहरू उठाउने प्रचलन पनि देखिन्छ। चाँगुनारायण, पशुपतिनाथ र इन्द्रेश्वर आदि मन्दिरहरू एक तह पेटीमाथि निर्माण गरिएका छन्। तर काठमाडौंको तलेजू, भक्तपुरको न्यातपोल आदि मन्दिरहरू भने धेरै तह भएको पेटीमाथि निर्माण गरिएका छन्। शिखरनारायण मन्दिरको पेटी एक तहको मात्र छ। यसको उचाइ ३ फीट र चौडाइ पनि ३ फीट छ। उक्त मन्दिरको पेटी प्रस्तरबाट निर्माण गरिएको छ। मन्दिरको द्वारसम्म पुग्नका लागि पेटीमा ३ वटा सिंढी बनाइएका छन्। मन्दिरको द्वारका दुवैतिर सिंह आदि जनावरहरू संरक्षकका रूपमा स्थापना गरिएको पाइन्छ तर शिखरनारायण मन्दिरमा भने यस्ता जनावरहरू राखिएका छैनन्।

मन्दिरको पेटीले भक्तजनलाई मन्दिरका वरिपरि घुम्नका लागि प्रदक्षिणा पथको काम पनि गर्दछ। तर शिखरनारायण मन्दिर पहाडको फेदीमा बनाइएको र यसको पश्चिमी भाग पहाडसँगै जोडिएकाले खुला छैन। अतः यस मन्दिरको तीनतिर मात्र पेटी निर्माण गरिएको छ।

द्वार

प्रायशः तले शैलीका मन्दिरहरूमा चारै दिशामा ढोकाहरू प्रयोग गरिएका हुन्छन्। चार ढोका राखिए पनि मूल ढोका मात्र सधैं भक्तजनहरूका लागि खुला रहन्छ। अन्य ढोकाहरू भने पर्व पर्वमा मात्र खोलिन्छन्। नेपाली वास्तुकलामा मन्दिरको मूलद्वार काष्ठकलाबाट सिंगारिएको हुन्छ। शिखरनारायण मन्दिरको ढोकाको बारा र ठेला पित्तलको पाताले मोरिएको छ। त्यस पातामा एकापसमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुजल्टिएका नागका आकृतिहरू अंकित गरिएका छन् । बाराको तल्लो भागमा दुवैतिर नारी मूर्ति र त्यसदेखि बाहिर हनुमानका स-साना मूर्ति अंकित गरिएका छन् । ढोकाको माथिल्लो ठेलाको बीच भागमा चतुर्बाहु नारायणको मूर्ति अंकित गरिएको छ । अहिले उक्त मूर्ति कुँदिएको पित्तलको पातो कुच्चिइसकेको छ ।

गर्भगृह

शिखरनारायण मन्दिरको क्षेत्रफल १३'-६"×१०' छ । गर्भगृहको पश्चिमी भागमा पहाडको भित्ता पर्दछ । अरू भागमा पनि पर्खालको सट्टा काठको खोल्न नहुने आँखीझ्यालको वार प्रयोग गरिएको छ । यस मन्दिरमा गाह्रोको प्रयोग नगरिएकाले छानाको बोझ थाम्नका लागि चार सुरमा काठका थाम राखिएका छन् । उक्त थाममाथि दलिन राखिएका छन् । थाम र दलिनका बीच भागमा साना साना काठका चराहरू अंकित गरिएका छन् । दलिनका बाहिर निकालिएको भाग (जसलाई नेवारीमा धलिं ख्वा भनिन्छ) मा पूर्वतिर २३, उत्तरतिर १३ तथा दक्षिणतिर १६ वटा विभिन्न किसिमका मानवाकृति तथा जनावराकृति अंकित छन् । पूर्व-उत्तर तथा पूर्व-दक्षिण भागमा निकालिएको निदालको बाहिरी भागमा सुरो अंकित गरिएको छ । दलिनको बाहिर निकालिएको भागको अन्तरालमा अष्ट मङ्गलका चिह्नहरू अंकित गरिएका छन् । मन्दिरको गर्भगृहमा पनि काठको कलात्मक द्वार जस्तो बनाई त्यसैमा चतुर्बाहु नारायणको प्रस्तर मूर्ति स्थापना गरिएको छ । उक्त मूर्तिको दायाँपट्टि एउटा शिला छ, जसलाई नृसिंहनारायण भनेर पूजा गरिन्छ । यो शिला प्राकृतिक भएकाले यसलाई स्वयम्भू नारायण पनि भनिन्छ ।

तोरण

नेपाली मन्दिर वास्तुकलामा तोरण एक अभिन्न अंगका रूपमा रहेको छ । मन्दिरको मुख्य द्वारमाथि राखिने यो तोरण विशेष आकर्षक किसिमको बनाइएको हुन्छ । उक्त तोरणको मध्य भागमा प्रायश: मूल देवतासँग सम्बन्धित मूर्ति अंकित गरिएको हुन्छ र दायाँ बायाँ मकर (हितिमग), फूल बुट्टाहरू, मूल देवतासँग सम्बन्धित स-साना देवताहरू र तोरणको माथिल्लो भागमा छिपु र सोमाथि गजुर जस्तै तीन तह वा पाँच तहको छत्र प्रयोग गरेको हुन्छ । तोरण साधारणतया अर्ध गोलाकार हुन्छ । अर्धगोलाकार बनाउनु परेकाले एउटा काटमा नबनाई ३ देखि ५ टुक्रासम्म गाँसेर बनाएको हुन्छ । यसरी बनाएको तोरण मन्दिरको प्रवेशद्वारको ठीक माथि अगाडितिर करीब ४५° को कोणमा ढल्काएर राखेको हुन्छ । तोरणहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काठबाट निर्माण गरिएका हुन्छन् र यदाकदा उक्त तोरणमा तामा वा पित्तलको पाताले ढाकिएको हुन्छ। उक्त ढाकिएको धातुमा काठको तोरणसँग हुबहु मिल्ने किसिमले मूर्तिहरू अंकित गरिएका हुन्छन्।

शिखरनारायण मन्दिरको मूलद्वारको तोरण पित्तलको पाताले मोडिएको छ। उक्त तोरणको बीच भागमा अष्टबाहुयुक्त उभिएको मूर्ति अंकित गरिएको छ। उक्त मूर्ति लक्ष्मीनारायणको हो भन्ने पुजारीको भनाइ छ। यस्तै एउटा अष्ट-बाहुयुक्त लक्ष्मीनारायणको प्रस्तर मूर्ति वासुकीकुण्डको उत्तर रहेको दुई कुण्डको बीचको बाटोको सानो मन्दिरमा पनि स्थापना गरिएको छ।

टुँडाल

नेपाली मन्दिर तथा आवासीय घरमा समेत टुँडालको प्रयोग गर्ने परम्परा छ। नेपाली तले शैलीको मुख्य विशेषता यसको पानी ढलो परेको छाना हो। यो छाना ४५° को कोणमा ढल्केको हुन्छ र मूल गाह्रोभन्दा अन्दाजी ८–१० फीटसम्म बाहिर आएको हुन्छ। यसरी बाहिर आएको छानालाई अडचाउन टुँडालको प्रयोग गरिन्छ। टुँडाल पनि दुई किसिमका पाइन्छन्। मन्दिरको ४ कुनामा प्रयोग गरिने टुँडालहरू लामा र अलौकिक आकृतिहरू अंकित गरिएका हुन्छन्। चार कुनामा प्रयोग गरिने टुँडाल आकृतिलाई बोलीचालीको भाषामा कुँशल भनिन्छ। हेमराज शाक्यज्यूले यसलाई सिंहशार्दूल भन्नुभएको छ।[१९] ध्रुवकृष्ण दीपले यसलाई घोडा, सिंह र बोकाको संयुक्त रूप मान्नुभएको छ।[२०] तर चार कोणमा अंकित गरिने यी चार टुँडाललाई सिंह, शार्दूल, अजरापुरुष र महानाग भनेको पाइन्छ।

मन्दिरको चार कुना बाहेकका अरू चार टुँडालहरू केही साना हुन्छन्। ती टुँडालहरू आफ्नो सम्प्रदाय अनुसारका देवी-देवताका मूर्तिहरू अंकित गरिएका हुन्छन्। टुँडालको तल्लो भागमा दाताहरूको सालिक र कुनैमा अभिलेख पनि उत्कीर्ण गरिएको हुन्छ। यसका अतिरिक्त रतिलीला र नृत्यकलासँग सम्बन्धित दृश्यहरू, बाजा बजाइरहेका मनुष्याकृति, अर्धमनुष्याकृति, परलोकमा पापीहरूले पाउन सक्ने कष्टका दृश्यहरू कुँदिएका हुन्छन्। यी सबै धार्मिक र अर्धधार्मिक दृश्य अंकित गरिएका टुँडालहरू मध्यकालका हुन्।[२१] यसरी टुँडालहरूमा सामाजिक तथा धार्मिक भावनाहरूले ओतप्रोत भएका मूर्तिहरू अंकित गरिएका पाउँछौं।

फर्पिङ शिखरनारायणको मन्दिरमा भने टुँडालहरू अन्य मन्दिरभन्दा फरक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छन् । यस मन्दिरमा रहेका टुँडालहरू यस प्रकार छन्:–

यस मन्दिरको उत्तरतर्फ ३ वटा टुँडालहरू छन् । यी टुँडालहरूको उचाइ करीव २'–६" र चौडाइ ८" छ । टुँडालहरूमा पखेटा फिंजारी रहेको मयूर कुँदिएको छ । टुँडालको तल्लो भागमा बीचको टुँडालमा नमस्कार गरिरहेको मानवाकृति कुँदिएको छ भने बाँकी दुई टुँडालमा रतिलीलासँग सम्वन्धित मूर्तिहरू कुँदिएका छन् ।

यस मन्दिरको पूर्वी भाग अथवा मोहोडापट्टि जम्मा ५ वटा टुँडालहरू छन् । यी टुँडालहरूको उचाइ करीव २'–६" र चौडाइ करीव ८" छ । यी पाँचवटा टुँडालमध्ये बीचको टुँडालमा मयूरको आकृति कुँदिएको छ । अन्य चार टुँडालमा चाहिं षड्भुजायुक्त नारी मूर्ति अंकित गरिएको छ । यी टुँडालमा अंकित मूर्तिका मुख्य दुई बाहु मूर्तिसँगै जोडिएका छन् र अन्य ४ बाहु चाहिं टुँडालको पछाडिबाट अस्वाभाविक किसिमले जडान गरिएको छ । टुँडाल मूर्तिको माथिल्लो भाग लतापताकादिले युक्त छ । अतः टुँडालका मूर्तिको मुख्य दुई हातले सालभञ्जिका मुद्रामा लतालाई समातिरहेको छ । दायाँतर्फको टुँडालको लतामा फूल फक्रेको छ भने बायाँतर्फको चाहिं केवल लतामात्र छ । अन्य ४ बाहुमा दायाँतर्फको माथिल्लो बाहुमा चक्र, तल्लो बाहुमा गदा, बायाँतर्फका माथिल्लो बाहुमा शंख तथा तल्लो बाहुमा कमल अंकित गरिएको छ । चारैवटा टुँडालका आयुधहरू यस्तै किसिमका एकनास छन् । मूर्तिको शिरमा साधारण मुकुट तथा गलामा घुँडासम्म आउने वनमाला पहिरिएको छ । सबै मूर्तिका आयुध तथा पृष्ठभूमि एकै भए तापनि मूर्तिको उभ्याइ फरक फरक छ । बायाँतर्फका दुइटा टुँडालका मूर्ति दायाँतर्फका टुँडालका मूर्तिभन्दा बढी राम्रा तथा लचिला देखिन्छन् । यिनमा पनि बायाँतर्फ छेउको टुँडाल मूर्तिको कमर मर्काई निकै स्वाभाविक देखिन्छ । आयुधको संयोजनको आधारमा यी मूर्तिहरू माधवको शक्ति माधवीका हुन् भन्ने देखिन्छ ।[२२] यहाँका टुँडालहरूको तल्लो भागमा पनि रतिलीलासँग सम्बन्धित विभिन्न प्रकारका आकृतिहरू अंकित गरिएका छन् ।

मन्दिरका दक्षिणतर्फ पनि जम्मा तीनवटा टुँडाल छन् । तीनवटा टुँडालमध्ये पश्चिमतर्फ कुनाको टुँडालमा छेपारो अंकित गरिएको छ भने अन्य दुई टुँडालहरूमा उत्तरतर्फकामा जस्तै मयूर अंकित गरिएका छन् । टुँडालको तल्लो भागमा चाहिं रतिलीलासँग सम्वन्धित मूर्तिहरू कुँदिएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिंहशार्दूल

शिखरनारायण मन्दिरको पश्चिमतर्फको गाह्रोको काम पहाडको भित्ताले नै गरेकोले यस मन्दिरमा पूर्वतर्फका दुइटा कोणमा मात्र सिंहशार्दूल अंकित टुँडाल प्रयोग गरिएको छ। यी टुँडालहरूको उचाइ करीव ३'–०" र चौडाइ १०" जति छ। यी टुँडालहरूको तल्लो भागमा चाँहि बसिरहेको अवस्थाको नग्न नारी मूर्ति अंकित गरिएको छ।

छाना

नेपाली मन्दिरको छाना झिंगटी वा सुनको मोलम्वा लाएको पित्तल वा तामाको पाताले छाएको हुन्छ। दुइ/तीन तला छाना भएकोमा तल्लो तलामा झिंगटी तथा माथिल्लो तलामा धातुको छाना प्रयोग गरेको पनि पाइन्छ। साथै छानाका ४ कुनामा चराहरू अंकित गरेर वरिपरि साना साना वतासे घण्टहरू र ४ कुनामा विशेष किसिमको पात्र झुन्डचाएको देखिन्छ।

शिखरनारायण मन्दिरको छाना पित्तलको पाताले छाएको छ। यसमा बतासे घण्टहरूको अभाव छ।

गजुर

गजुर नेपाली वास्तुकलाको एउटा विशेषता हो। मन्दिरमा एउटा वा एउटा-भन्दा बढी गजुर पनि राखिन्छ। प्रायः मन्दिहरूमा सुनको मोलम्वा लाएको धातु-को गजुर राखिन्छ। साथै गजुरसँगै आफ्नो सम्प्रदायको प्रतीक पनि राखेको पाइन्छ। जस्तै शिव मन्दिरमा गजुरसँगै त्रिशूल पनि राखिन्छ र विष्णु मन्दिरको गजुर चाँहि दर्पणाकार हुन्छ।

शिखरनारायण मन्दिरमा पित्तलको साधारण गजुर राखिएको छ र अन्य कुनै चिह्नहरू अंकित गरिएका छैनन्। गजुरदेखि छानाको तलसम्म आलम्वन गरिने धातुको पताकाको चाँहि अभाव छ।

यसरी शिखरनारायण मन्दिरको वास्तुकलाको समीक्षा गर्दा धार्मिक एवं सांस्कृतिक क्षेत्रमा जति पनि शिखरनारायणको महत्त्व छ त्यति सम्पन्नता वास्तु-कलाको क्षेत्रमा रहेको पाइँदैन।

घण्ट

नेपालमा घण्टको प्रयोग प्रायः सबै मन्दिरमा गरेको पाइन्छ। घण्टको ध्वनिले पूजा तथा आरती भएको कुरा टाढा टाढासम्म जानकारी दिन्छ। शिखरनारायण मन्दिरको दायाँतर्फ तल ओर्लने सिढींको बायाँ दुइटा र चामुण्डा पीठको अगाडि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एउटा गरी जम्मा ३ वटा घण्टहरू झुन्ड्याइएका छन् । यी घण्टहरू अन्य मन्दिरका झैं ठूला छैनन् । यी घण्टहरूमध्ये सिंढीको दायाँतर्फको घण्ट २०३६ सालमा मीन कुमारीले, बायाँतर्फको एउटा २०३५ सालमा नरवहादुर खत्रीले र अर्को चाहिं २०४० सालमा धनवहादुर तामाङले चढाएको कुरा घण्टमै उत्कीर्ण अभिलेखवाट स्पष्ट हुन्छ ।

पाटी

प्राय: सबै मन्दिरमा आवत जावत गर्ने भक्तजनहरूको सुविधाका लागि मन्दिर वरपर पाटी, धर्मशाला आदि बनाएको हुन्छ । शिखरनारायणमा पनि दर्शन गर्न तथा महादीप बाल्न आउने भक्तजनहरूको बसोबासका लागि शिखरनारायण मन्दिरको दायाँतर्फ १८'–४"×८' क्षेत्रफलको एउटा पूर्वाभिमुख पाटी छ । यसको उचाइ १० फीट छ । सिमेन्टको जोडाइमा इँटको गाह्रोवाट वनेको यो पाटी जस्ताको पाताले छाएको छ । पाटीको अगाडिको माथिल्लो भागमा भूगोलको चिह्न अंकित छ । यो पाटी स्वर्गीय श्री ५ महेन्द्रबाट राखिवक्सेको हो ।

मूलद्वार

शिखरनारायण मन्दिरको दायाँबाट वासुकिकुण्डतर्फ ओर्लने बाटोमा मूलद्वार अवस्थित छ । उक्त द्वारको चौडाइ करीब १० फीट र उचाइ १२ फीट जति छ । द्वारको माथिल्लो भागमा दुवैतिर वज्रका सिंहहरू अंकित गरिएका छन् भने द्वारको तल्लो भागमा दायाँ वायाँ ढुङ्गाका सिंह राखिएका छन् ।

शिखरनारायणको सेरोफेरोमा रहेका अन्य मन्दिरहरू

शिखरनारायण मन्दिरको सेरोफेरोमा विभिन्न देव-देवीका मन्दिरहरू छन् । यिनीहरूको साधारण वास्तुकलात्मक परिचय यहाँ दिइन्छ:–

चामुण्डा पीठ

शिखरनारायण मन्दिरसँगै दायाँतर्फ ६ फीट लम्बाइ ४ फीट चौडाइ तथा ७ फीट उचाइको चामुण्डाको मन्दिर छ । यसको अगाडिको भाग खुला राखिएको छ । मन्दिरको माथिल्लो भागमा दर्पणाकार गजुर बनाइएको छ ।

कृष्ण मन्दिर

वासुकिकुण्डको पूर्वतर्फ कृष्ण मन्दिर छ । पुरानो मन्दिर भत्किएकाले अहिले जस्ताको पाताले छाएर पाटी जस्तो बनाइएको छ ।

लक्ष्मीनारायण मन्दिर

शिखरनारायण मन्दिरको बायाँतर्फबाट तल ओर्लेर दुई कुण्डको बीचबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वायाँतर्फ लाग्दा करीब ५' उचाइको लक्ष्मीनारायणको शिखर शैलीमा निर्मित मन्दिर अवस्थित छ ।

महादेव मन्दिरहरू

शिखरनारायण मन्दिरको तल वासुकिकुण्डको उत्तरतर्फ एउटा र पूर्वतर्फ एउटा गरी दुईवटा महादेवका मन्दिर शिखर शैलीमा निर्माण गरिएका छन् । यी मन्दिरहरूको क्षेत्रफल क्रमश: ८'-६"×८'-७" र उचाइ १०' छ । यसमध्ये उत्तरतर्फ रहेको मन्दिर रातो भएकाले यसलाई रातो मन्दिर र पूर्वतर्फ रहेको मन्दिर सेतो भएकाले सेतो मन्दिरको नामले प्रख्यात छन् । मन्दिरभित्र शिवलिंग स्थापना गरिएको छ । यी मन्दिरहरूका अतिरिक्त वासुकिकुण्डवाट सिंढी ओर्लेर उत्तरतर्फ लाग्दा बाटोमा शिखरशैलीका करीव ४ फीट उचाइका दुइटा साना साना मन्दिर छन् । ती मन्दिरहरूमध्ये एउटामा शिवलिंग स्थापना गरिएको छ । यसको अलि अगाडि बढेपछि पीच सडकमा पुगिन्छ । पीच सडकबाट पश्चिम तर्फको चोकमा करीव १०'-१०' क्षेत्रफल तथा १० फीट उचाइ भएको नर्मदेश्वरको मन्दिर छ । यो मन्दिरको छाना खुला राखिएको छ । उक्त मन्दिरको बीच भागमा शिवलिंग स्थापना गरिएको छ । मन्दिरको पश्चिमतर्फको गाह्रोमा उत्तरतर्फ महिष-मर्दिनी भगवती र दक्षिणतर्फ गणेशको मूर्ति छ भने पूर्व तर्फको गाह्रोमा उत्तरतर्फ विष्णु र दक्षिणतर्फ सूर्यको मूर्तिहरू स्थापना गरिएका छन् । यी मूर्तिहरूका आधा-रमा यस मन्दिरमा शिव पञ्चायन स्थापना गरेको देखिन्छ ।

१. तारानन्द मिश्र– 'प्यागोडा विदेशीहरूले दिएको एउटा भ्रामक र विडम्वना-पूर्ण नेपाली मन्दिर शैलीको नाउँ' **मधुपर्क**, पूर्णाङ्क ५८ (वि. सं. २०२९) पृष्ठ १८

२. रमेन्द्रराज शर्मा– 'लिच्छवि वास्तुकलाको परम्परा एक विहङ्गम दृष्टि' **मधुपर्क** पूर्णाङ्क ५५ (वि. सं. २०२९) पृष्ठ ८५

३. रोनाल्ड एम वार्नियर– **द टेम्पल्स अफ नेपाल** (दिल्ली: एस चन्द एण्ड कंपनी लि. सन् १९७८), पृष्ठ ५-६

४. के. पी. जयसवाल– क्रोनोलोजी एण्ड हिष्ट्रि अफ नेपाल, फ्रम ६०० वी. सी. टु ८०० ए. डी. (पटना: सन् १९३७) पृष्ठ १९९

५. डी. आर रेग्मी– आइन्सिन्ट नेपाल (कलकत्ता: फर्मा के एल मुखोपाध्याय सन् १९६०) पृष्ठ २८९-३०१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. रोनाल्ड एम वर्नियर– **द नेपलिज प्यागोडा** (दिल्ली: एस चन्द एण्ड कम्पनी लि. सन् १९१९), पृष्ठ ११७–१२७
७. उल्फ गाङकर्न– द ट्रेडिसन आर्किटेक्चर अफ द काठमाण्डू भ्याली (काठमाडौं: रत्न पुस्तक भण्डार सन् १९८३), पृष्ठ ६६–६७
८. मनवज्र वज्राचार्य– **नेपालको मध्यकालीन कला**, पहिलोपटक (काठमाडौं: सूचना विभाग) पृष्ठ २२३–२२७
९. स्वयम्भूलाल श्रेष्ठ– 'पैगोडा', **साझा निबन्ध**, पहिलोपटक (काठमाडौं: साझा प्रकाशन वि. सं. २०२५) पृष्ठ १८०–१८५
१०. मिश्र, उही, नं. (१) पृष्ठ १८–२७
११. नयनाथ पौडेल (सं.)– **भाषा वंशावली**, (काठमाडौं: नेपाल राष्ट्रिय पुस्तकालय वि. सं. २०२०), पृष्ठ ५३
१२. धनवज्र वज्राचार्य
कमल प्रकाश मल्ल– **दि गोपालराज वंशावली**, (काठमाडौं: नेपाल रिसर्च सेन्टर, ई. सं. १९८५), पृष्ठ २८
१३. धनवज्र वज्राचार्य– **लिच्छविकालका अभिलेख**. (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि. सं. २०३०), पृष्ठ १०
१४. त्यही, पृष्ठ ३४–३५
१५. त्यही, पृष्ठ ३९
१६. वर्नियर, उही, नं. (३) पृष्ठ ४
१७. गौतमवज्र वज्राचार्य– **हनुमानढोका राजदरवार**, (काठमाडौं: नेपाल र एशियाली अध्ययन संस्थान, वि.सं. २०३०)पृष्ठ ११
१८. वर्नियर, उही, नं. (३) पृष्ठ १५७
१९. ध्रुवकृष्ण दीप– 'नेपाली वास्तुकलामा सिंहशार्दूल' **मधुपर्क** पूर्णाङ्क ४३ (वि. सं. २०२८), पृष्ठ ३८
२०. त्यही, पृष्ठ ३८
२१. एस. वी. देव– **ग्लिम्पसेज अफ नेपलिज ऊड वर्क**, (कलकत्ता: सोसाइटी अफ ओरियन्टल आर्ट, ई. १९६८/६९), पृष्ठ ३७
२२. वासुदेव उपाध्याय– **प्राचीन भारतीय मूर्ति विज्ञान**, प्रथम संस्करण, (वाराणसी: चौखम्वा संस्कृत सिरिज, वि. सं. २०२६) पृष्ठ २७८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ARCHIVAL SECURITY: PROBLEMS OF CONSERVATION

INTRODUCTION:

Nature of Archival Material:

The Archival material preserved in an Archives would vary according to the type of records accrued under national, local or federal laws in operation in a country. Accordingly, these records may be paper based which is printed or manuscripts, photographs, slides, microforms, sound recordings such as tapes, disks and computer materials. The modern Archivist or a Librarian has to meet the challenge of preserving this traditional and modern material under his care from all types of security problems faced in the modern times, such as conservation of holdings against unsuitable environmental conditions and secondly physical damage as a result or lack of care which may result in their having exposed to fire, water, excessive light, insects or to their being mishandled or stolen.

Conservation of Archival Material:

The conservation of archival material against fire, water, high and low temperature, humidity, air pollution, insect pests, light has been discussed in detail by specialists, all over the world and resulted in finding solutions for those hazards faced by the archivists and the librarians.

From the techniques of conservation of buildings to storage of the archival material, the threat of fire and water has been successfully faced and solutions found to counteract them. The elimination of insects pests in

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

archives has been carried through the use of various insecticides and presticides and the use of fumigation chambers.

The control of temperature and humidity by using dehumidityfyers has been successful in many repositories, by using central air conditioning systems, archival storage areas have properly maintained in order to conserve the various type of archival material such as paper based recodrs, electronic and audio - visual material. The vse of pure Nitrogen to preserve colour slides has been very successfully experimented in the National Archives of Sri Lanka.

Archival Security:

The Archivists while paying more attention to the preservation and conservation of Archival material have rather neglected the security aspect of the material under their care from mishandling, theft and unauthorised access. Even the problem of providing adequate archival security has not been widely disscussed in archival literature.

